विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# पत्रुसको पहिलो पत्रको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

Printed at:

# पत्रुसको पहिलो पत्र

## पत्रुसको पहिलो पत्रको भूमिका

*‘हामी यस पत्रको लेखकको विषयमा अनभिज्ञ छैनौं। तर हामीले यस पत्रको लेखकलाई नचिनेका भए, हामी यसको लेखकको विषयमा यसो मानिलिनु बाध्य हुनेथियौंः यस प्रकारको पत्र लेख्ने लेखक चट्टानजस्ता सुदृढ़ भएका मानिस हुनुपर्छ, जसको आत्माको टेको एउटा चट्टानरूपी जगमाथि बसालिएको छ, र जसले आफ्नो शक्तिशाली गवाहीद्वारा आफ्ना पाठकहरूको मन बलियो पार्न खोजेका छन्; किनभने उनीहरू उनीहरूमाथि आइलागेका दुःखकष्टरूपी आँधीबेह्रीहरूको धड़पकड़मा परेका थिए। यसकारण तिनले यस पत्रमार्फत उनीहरूलाई साँचो चट्टानको जगमाथि स्थापित गर्ने काम गर्छन्।’*

*श्री ए. वीसिङर*

### १) कानुनमा त्यसको अद्वितीय स्थान

मुसलमान देशहरू र साम्यवादी राष्ट्रहरूमा जिउने ख्रीष्ट-विश्वासीहरूले प्रायः सधैं दमन, विरोध र विभिन्न किसिमको सतावटको सामना गर्नुपरेको छ। उनीहरूको दैनिक अनुभव यस्तै हो। तब उनीहरूले

अरू बढ़ी के आशा गर्न सक्लान् ? पत्रुसको पहिलो पत्रबाट यस्ताहरूलाई आफ्नो व्यवहारिक जीवनमा अवश्य ठूलो सहायता मिल्छ; किनभने यी दुःखकष्टहरू प्रभुको अनुमतिविना उनीहरूमाथि आइपरेका छैनन्। यसकारण उनीहरूले यी दुःखकष्टहरू यस दृष्टिकोणले हेरेर ग्रहण गर्नुपर्छ। अनि यी दुःखकष्टहरूले स्थिरता र सहनशीलताजस्ता वाञ्छनीय सद्‌गुणहरू उत्पन्न गर्दा रहेछन्; यसैले यी दुःखकष्टहरू लाभदायक हुँदा रहेछन् भन्ने निष्कर्षमा उनीहरू आइपुग्नु थियो।

अनि पश्चिमी देशहरूमा जिउने ख्रीष्ट-विश्वासीहरूको विषयमा कसो हो ? अङ्ग्रेजी बोल्ने जगत्‌का विश्वासी दाजुभाइ-दिदीबहिनी-हरूसँग पवित्र बाइबलरूपी ठूलो पैतृक सम्पत्ति होला, तर तिनीहरूको विश्वासमाथि सार्वजनिक विरोध आउँछ र अवश्य आउनैपर्छ भन्ने परिस्थितिसित तिनीहरूले आफ्नो मनको विचार अझै पनि मिलाउनु बाँकी नै छ।

परिवार नै हाम्रो समाजको जग हो। अनि हिजोसम्म हाम्रो सरकार पनि यस कुरामा राजी थियो, अनि त्यसका कार्यकर्ताहरूले जनतालाई 'तिमी आफ्नो खुशी भएको मण्डलीमा जानू' भन्ने प्रोत्साहनसम्म पनि दिन्थे। तर आजभोलि यो यस्तो छैन। हामीलाई के लागेको छ भने, यू.एस.ए.को हाम्रो सरकारले, अँ, विशेष गरी हाम्रो स्थानीय प्रशासनले आफ्ना अदालत र न्यायालयहरूमा, आफ्ना सरकारी स्कूल र कलेजहरूमा, अँ, खास गरी आफ्ना मिडियाहरूमा पवित्र बाइबलमाथि विश्वास गर्ने इसाईहरूको अयथार्थ रूप दिने, तिनीहरूको खिल्ली उड़ाउने र तिनीहरूको बदनाम गर्ने काम भइरहेको छ। रेडियो, टेलिभिजन र फिल्महरू, साथै समाचार-पत्र र पत्रिकाहरू, अँ, सरकारी विज्ञप्तिहरूचाहिँ अनैतिकता, मद्यपान, ठग-विद्या र ईश्वर-निन्दाको अड्डा भएका छन्। अबचाहिँ इसाईधर्म सामान्य संस्कृतिको विरोधमा छ रे। यसकारण प्रेरित पत्रुसले आफ्नो पहिलो पत्रमा पेश गरेका पाठहरू ख्रीष्ट-विश्वासीहरूले सकेसम्म छिटो सिक्नुपरेको छ। तब तिनीहरू एक्काइसौं शताब्दीको शुरुका वर्षहरूमा सामना गर्नुपरेका चुनौतिहरूका निम्ति तयार हुनेछन्, जत्ति समय प्रभु येशूले आफ्नो दोस्रो आगमनमा ढिलो गर्नुहुनेछ।

## २) त्यस पत्रको लेखकको विषयमा पाइने जानकारी

*यस पत्रका बाहिरका प्रमाणहरू यस प्रकारका छन्ः* प्रेरित पत्रुसले यो पत्र लेखेका प्रमाणहरू शुरुदेखिका र प्रायः एकमतका हुन्छन् । इस्वी संवत् २६०-३४० सालमा जिउने श्री यूसेबियसले पत्रुसको पहिलो पत्र सबै ख्रीष्ट-विश्वासीहरूद्वारा स्वीकार गरिएको पुस्तक हो भनेर दाबी गरे भने, श्री पोलिकार्प (इस्वी संवत् ६९-११०) र अलेक्जान्ड्रियाका क्लेमेन्टले (इस्वी संवत् ३०-१००) पनि यो पुस्तक पत्रुसको सकली रचना हो भनेर स्वीकार गरे । तर जब इस्वी संवत् १४० सालमा तयार गरिएको 'मर्कियोन' नामक कानुनमा यो पत्र समावेश गरिएको भेट्टिँदैन, तब हामीलाई अचम्म लाग्दैन, किनभने मर्कियोन नामक व्यक्तिले केवल प्रेरित पावलले लेखेका पत्रहरू स्वीकार गर्थे । अनि इस्वी संवत् १७० सालमा तयार गरिएको 'मुराटोरी' नामक कानुनमा पनि पत्रुसको पहिलो पत्र समावेश गरिएन; अनि यसको कारण हामीले मुराटोरी कानुनमा खोज्नुपर्ला, किनकि यो एक खण्डमय, अंशिक लेख हो ।

हामीले २ पत्रुस ३ः१ पद पत्रुसको पहिलो पत्रलाई अनुप्रमाणित गर्ने र साक्ष्यङ्कन गर्ने लेखहरूमध्ये प्रथम भएको लिनुपर्छ । तर पत्रुसको दोस्रो पत्र पत्रुसले लेखेको रचना हो भन्ने कुरा विश्वास नगर्नेहरू पनि छन् । तर तिनीहरूले समेत यो मानेका छन्, कि दोस्रो पत्रुस नामक पत्रको लेख्ने मिति निक्कै पहिले भएको हुनाले यस दोस्रो पत्रले पहिलो पत्रलाई अनुप्रमाणित गरेको छ । तिनीहरूले दोस्रो पत्रलाई पहिलो पत्रको साक्ष्यङ्कन गर्ने पत्रको रूपमा लिन्छन् । (यस सम्बन्धमा अधिक जानकारीका निम्ति तपाईंले पत्रुसको दोस्रो पत्रको भूमिकामा हेर्नुहोला ।)

*भित्रीय प्रमाणहरूः*

यो पत्र लेख्दा प्रयोग गरिएको उत्तम ग्रीक भाषाले कतिजनामा 'यो पत्र पत्रुसको रचना हुनै सक्दैन' भन्ने शङ्का पैदा गरेको छ । के गालीली जलाहारीले यति सुन्दर, उच्च लेख लेख्न सक्छन् र ? अनि यस सवालमा

धेरैजनाको राय 'तिनले यसो कहाँ लेख्न सक्थे र! तिनले यो पत्र लेख्दै लेखेनन्' भन्न पुगेको छ। तर यस सम्बन्धमा हामी आफ्नो जनजीवनबाट उठेको उदाहरण दिन्छौं; किनभने हाम्रो बीचबाट धेरै यस्ता मानिसहरू उठेका छन्, जो कुनै कलेज वा विद्यापीठमा उत्तीर्ण नभईकन स्तरीय भाषा चलाउनुमा सक्षम भएका हुन्छन्; किनभने शब्द र भाषणको सम्बन्धमा तिनीहरूको जन्मजात प्रवृत्ति र अभिरुचि छ। तब प्रचारको काममा तीस वर्ष संलाग्न भएको अनुभव भएका पत्रुसले पवित्र आत्माको प्रेरणाले र सिलवानसको सहायताले यस प्रकारको पत्र किन लेख्न सक्दैनन्? अनि जब हामीले प्रेरित ४:१३ पदमा पत्रुस र यूहन्नाको विषयमा 'तिनीहरू अनपढ़ र अशिक्षित मानिसहरू थिए' भन्ने कुरा पढ्छौं, तब यसको अर्थ यो होः तिनीहरूले मोशाको व्यवस्थाको सम्बन्धमा शास्त्रीको उपाधिरूपी स्नातक-शिक्षा पाएका थिएनन्।

पत्रुसको पहिलो पत्रमा पत्रुसको जीवन र सेवकाइसित सम्बन्धित धेरै कुराहरू उल्लेख गरिएका छन्, जसबाट प्रेरित पत्रुस नै यस पत्रको लेखक हुन् भन्ने कुरा सुस्पष्ट हुन्छ। यहाँ हामी यस प्रकारका जानकारीहरूको सूचि पेश गर्छौं, जस्तैः

१ पत्रुस १:८ पदमा यसो लेखिएको छः *'उहाँलाई नदेखीकन तिमीहरू प्रेम गर्छौ'*, जुन वाक्यको भावार्थ यस प्रकारको छः पाठकवर्गले प्रभु येशूलाई देखेको थिएन, तर लेखकले उहाँलाई आफ्नै आँखाले देखेका थिए। अनि यस तर्कको सम्बन्धमा हामी पछि यस पत्रको व्याख्या गर्दाखेरि अझै पनि अरू खण्डहरू प्रस्तुत गर्छौं, जुन खण्डहरूबाट लेखकले प्रभु येशूलाई व्यक्तिगत रूपले चिने भन्ने स्पष्ट बुझिन्छ।

१ पत्रुस २:१-१० पदको खण्डले ख्रीष्ट येशूलाई कुनेढुङ्गाको रूपमा प्रस्तुत गरेको छ। अनि यस कुराले हामीलाई सिजरिया फिलिप्पीमा भएको घटना याद दिलाउँछ (मत्ती १६:१३-२०)। त्यस बेलामा पत्रुसले प्रभु येशूलाई *'तपाईं जीवित परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ'* भन्ने अङ्गीकार गरे। अनि तिनको मुखबाट यो सुन्नासाथ प्रभु येशूले तत्कालै 'यस जगमाथि म आफ्नो मण्डली स्थापित गर्नेछु' भन्ने प्रतिज्ञा गर्नुभयो।

यसर्थ जीवित परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ भन्ने तथ्यरूपी जगमाथि उहाँले आफ्नो मण्डली स्थापित गर्नुहुँदो रहेछ। उहाँ नै मण्डलीको कुनेढुङ्गा र त्यसको जग हुनुहुन्छ।

अनि १ पत्रुस २:५ पदमा 'जिउँदा पत्थरहरू'को कुरा लेखिएको छ। यसको सन्दर्भ हामीले यूहन्ना १:४२ पद लिनुपर्छ, जहाँ शिमोनको नाम 'केफास'मा परिवर्तन भएको हो अर्थात् तिनको नाम 'पत्रुस' भयो। आर्मेइक भन्ने हिब्रूको उपभाषाको 'केफास' र ग्रीकको 'पत्रुस' भन्ने शब्दको अर्थ पत्थर हो। ख्रीष्ट येशूमाथि राखेको विश्वासद्वारा पत्रुसचाहिँ जिउँदो पत्थर बने। यसकारण तिनले आफ्नो पत्रको दुई अध्यायमा पत्थरहरूको विषयमा धेरै कुरा लेखेकोमा हामी अचम्म मान्दैनौं। १ पत्रुस २:७ पदमा तिनले भजन ११८:२२ पद उद्धृत गरे, जहाँ यसो लेखिएको छः *'जन ढुङ्गा डकर्मीहरूले रद्द गरे, त्यही ढुङ्गा कुनाको शिर भएको हो।'* अनि पवित्र धर्मशास्त्रको ठीक यही खण्ड पत्रुसले अघि पनि उद्धृत गरेका थिए, जब तिनले यरूशलेममा शासकहरू, बूढ़ा प्रधानहरू र शास्त्रीहरूको सामु आफ्नो पक्षमा जवाफ दिनुपरेको थियो (प्रेरित ४:११)।

१ पत्रुस २:१३-१७ पदको खण्डमा प्रेरित पत्रुसले आफ्ना पाठक-हरूलाई *'आफूलाई सरकारी अधिकारीहरूको अधीनतामा सुम्प'* भन्ने अर्ती दिन्छन्; तब हाम्रो विचार त्यस क्षणमा फर्केर जान्छ, जुन बखतमा पत्रुस आफू सरकारी अधिकारीहरूको अधीनतामा बस्न सकेनन्, तर तिनले आफ्नो तरवारसित महापूजाहारीको दासलाई हिर्काएर उसको कान काटिपठाए (यूहन्ना १८:१०)। यसकारण तिनको यो अर्ती पवित्र आत्माको प्रेरणाको फल मात्र नभई यसमा तिनको जीवनको व्यक्तिगत अनुभव पनि भएको छ।

१ पत्रुस २:२१-२४ पदको खण्डको विषयमा हामीलाई के लाग्छ भने, त्योचाहिँ प्रभु येशूको न्यायजाँच र मृत्यु आफ्नै आँखाले देखेको पत्यक्ष-साक्षीले लेखेको वर्णन भएको हुनुपर्छ। पत्रुसका निम्ति मुक्तिदाता प्रभुको कष्टको सम्झना आलो छ; हुन पनि हो, प्रभु येशू चुप लागेर विनम्रसाथ यी सबै दुःखकष्टहरू सहनुभएको स्मरण तिनले कसरी भुल्न सक्थे र?

अनि १ पत्रुस २:२४ पदमा *'उहाँले हाम्रा पापहरू आफ्नो शरीरमा रूखमाथि बोक्नुभयो'* भन्ने वाक्यमा मुक्तिदाता प्रभुको मृत्यु क्रूसको मृत्यु भएको सङ्केतिक जानकारी छ। यसकारण पत्रुसले प्रेरित ५:३० र १०:३९ पदमा *'उहाँलाई रूखमा झुन्ड्याएर मारे'* भनेर प्रयोग गरेका शब्दहरू यहाँ फेरि पनि एकपल्ट तिनको यस रचनामा पढ्न पाइन्छ।

तिनले प्रभु येशूलाई इन्कार गरेपछि आफ्नो प्रभुसित कसरी तिनको सङ्गति पुनर्स्थापित भयो, सो कुरा सम्झेर पत्रुसले २:२५ पदमा आफ्ना पाठकहरूलाई तिनीहरू तिनीहरूका आत्माहरूको गोठाला र हेरचाह गर्नुहुनेकहाँ फर्केका कुरा सम्झाए होलान् (यूहन्ना २१:१५-१९)।

अनि १ पत्रुस ४:८ पदमा आएर तिनले यसो लेखेः *'प्रेमले अनेकौं पापहरू ढाक्नेछ।'* के पत्रुसले निम्न सन्दर्भमा यसो लेखेनन् र? तिनले एक समयमा प्रभु येशूलाई सोधेः 'हे प्रभु, मेरो भाइले मेरो विरोधमा कतिपल्ट पाप गरोस् र म उसलाई क्षमा गरूँ? के सात पल्टसम्म?' तब प्रभु येशूले तिनलाई भन्नुभयोः 'म तिमीलाई सात पल्टसम्म भन्दिनँ, तर सत्तरी गुणा सात पल्टसम्म भन्छु', अर्थात् तिनले आफ्नो भाइलाई क्षमा गर्नुपर्छ, असङ्ख्य पल्टसम्म (मत्ती १८:२१-२२)।

१ पत्रुस ४:१६ पदमा *'ख्रीष्टियान भएको खण्डमा कसैले दुःख भोग्यो भने उसले लाज नमानोस्, तर उसले यस कुराका निम्ति परमेश्वरको महिमा गरोस्'* भन्ने कुरा लेखिएको छ। अनि यो पद तपाईंले प्रेरित ५:४०-४२ पदको खण्डसित तुलना गर्नुहोस्, जहाँ पत्रुस र अरू प्रेरित-हरूले पिटाइ खाइसकेपछि *'उहाँको नामको खातिर अपमानित हुने योग्यका ठहरिएकोमा रमाउँदै उनीहरू महासभाको सामुन्नेबाट निस्के।'*

अनि १ पत्रुस ५:१ पदमा आएर लेखकले *'ख्रीष्टका दुःखहरूको साक्षी'* भनेर आफ्नो परिचय दिन्छन्। अनि *'म प्रकट हुन लागेको महिमाको भागीदार हुँ'* भन्ने वाक्य हामीले दुईवटा अर्थमा बुझ्न सक्छौंः एक, तिनले प्रभु येशूको रूप परिवर्तन भएको क्षणलाई सङ्केत गरेका सम्भव छ; अनि दुई, तिनले प्रभु येशूको दोस्रो आगमनको कुरा गरेका हुन सक्छ। किनभने पत्रुस यी दुई कुराहरूको भागीदार भए।

१ पत्रुस ५ः२ पदमा *'तिमीहरूको बीचमा भएको परमेश्वरको बगालको रेखदेख गर्दै गोठाला गर'* भन्ने तिनको यस कोमल पास्टरीय सल्लाहबाट मुक्तिदाता प्रभुले पत्रुसलाई दिनुभएका निम्न शब्दहरूको सम्झना आउँछः *'मेरा पाठाहरू चराऊ, ... मेरा भेड़ाहरूको हेरचाह गर, ... मेरा भेड़ाहरू चराऊ !'* (यूहन्ना २१ः१५-१७)।

अनि १ पत्रुस ५ः५ पदमा *'नम्रतालाई पहिर'* भन्ने आज्ञा दिँदा तिनले चलाएको शब्दले हामीलाई यूहन्ना तेह्र अध्यायको घटनाको प्रगाढ़ सम्झना दिलाउँछ, जहाँ प्रभु येशूले एउटा दासजस्तो भएर एउटा तौलिया लिनुभयो र आफ्नो कम्मरमा बाँध्नुभयो अनि आफ्ना चेलाहरूका पाउहरू धुनुभयो। अनि जब पत्रुसले 'तपाईंसँग मर्नुपरे पनि म तपाईंलाई कुनै हालतमा पनि इन्कार गर्नेछैनँ' भनेर घमण्डसाथ ठोकुवा दिएको र पछिबाट तीनैपल्ट तिनले आफ्ना मुक्तिदाता प्रभुलाई इन्कार गरेको कुरा हामी याद गर्छौं, तब घमण्ड र नम्रताको विषयमा लेखिएको १ पत्रुस ५ः५-६ पदको खण्ड झन् बढ़ी अर्थपूर्ण हुन जान्छ (मर्कूस १४ः२९-३१ र मर्कूस १४ः६७-७२)।

१ पत्रुस ५ः८ पदचाहिँ पत्रुसको अनुभवको सिलसिलामा अन्तिम सन्दर्भ हुन्छ होला, जहाँ यस्तो लेखिएको छः *'तिमीहरूको विरोधी शैतान गर्जने सिंहझैं कसलाई निलूँ भनेर खोज्दै चारैतिर घुमिहिँड़्छ।'* किनभने यसो लेख्दा पत्रुसको विचार त्यस घड़ीतिर फर्केर गएको हुनुपर्ला, जुन घड़ीमा प्रभु येशूले तिनलाई यसो भन्नुभयोः *'हे शिमोन, शिमोन, हेर, गहुँजस्तै निफन्नलाई शैतानले तिमीहरूलाई लिन चाहेको छ'* (लूका २२ः३१)।

## ३) त्यस पत्रको लेख्ने मिति

१ पत्रुस २ः१३-१७ पदको खण्डमा प्रेरित पत्रुसले सरकारप्रति हाम्रो जिम्मेवारी के हो, सो सम्बन्धमा शिक्षा दिएका छन्। यस खण्डमा 'असल गर्नेहरूलाई सरकारबाट केको डर हुन्छ, तिनीहरूलाई सरकारबाट सहायता पो मिल्छ' भनेर तिनले आफ्नो सामान्य विचार व्यक्त गरेका छन्। यसकारण धेरैजनाको राय यस प्रकारको छः इस्वी संवत् ६४ सालदेखि

इसाईहरूमाथि सम्राट नेरोको भीषण सतावट परेको थियो। यसकारण पत्रुसले आफ्नो पत्रको यस खण्डमा सरकारको सम्बन्धमा दिएको सम्झौतापूर्ण शिक्षा इस्वी संवत् ६४ सालभन्दा अघि लेखेको हुनुपर्छ अरे। जे नै भए पनि यस पत्रको लेख्ने मिति इस्वी संवत् ६४-६५ सालतिर पार्दाखेरि कुनै गल्ती गरिँदैन होला।

## ४) सन्दर्भ र विषयवस्तु

ख्रीष्ट-विश्वासीहरूको जीवनमाथि आइपर्ने दुःखकष्टहरू पत्रुसको पहिलो पत्रको विषयवस्तु हो भन्ने कुरा विदितै छ। त्यस दिनसम्म पाठकहरूले निन्दा र अपमान सहेका थिए (१ पत्रुस ४:१४-१५); आउँदा दिनहरूमा उनीहरूलाई झ्यालखानामा हालिनेछ, उनीहरूको धनसम्पत्ति हड्प हुनेछ र उनीहरूमध्ये धेरैजनाको हिंसात्मक मृत्यु हुनेछ। तर दुःख-कष्टहरू यस उत्तम रचनारूपी पत्रको एकमात्र विषयवस्तु हुँदैनन्। ख्रीष्टको सुसमाचार ग्रहण गर्नेहरूलाई पैतृक सम्पत्तिको रूपमा मिल्ने आशिषहरू, ख्रीष्ट-विश्वासीहरूले परिवार र मण्डलीमा, अँ, संसार र सरकारसित कुन प्रकारले सठीक सम्बन्ध राख्नुपर्छ, साथै एल्डरहरूलाई प्रशासन र अनुशासनको सम्बन्धमा दिइएको शिक्षा आदि विषयहरू यस पत्रमा समावेश गरिएका छन्।

१ पत्रुस ५:१३ पदमा बेबिलोनमा भएको मण्डलीको सन्दर्भमा हाम्रो राय यस प्रकारको छः कि त यूफ्रेटिस नदीमा अवस्थित भएको महानगर बेबिलोनमा यहूदी समुदायभित्र एउटा स्थानीय मण्डली स्थापित भएको थियो, अनि पत्रुसले त्यहाँबाट आफ्नो पत्र लेखे, कि त बेबिलोनको आत्मिक अर्थ छ; तब बेबिलोनले तिबेर नदीको किनारमा अवस्थित भएको रोम शहर सङ्केत गर्छ; अनि पत्रुसले रोमबाट आफ्नो चिट्ठी लेखे। जेजस्तो भए पनि प्रेरित पत्रुसको पहिलो पत्रका प्रापकहरू रोमी साम्राज्यका केही पूर्वीय प्रान्तहरूमा बसेका थिए, जुन प्रान्तहरू आजभोलिको टर्कीमा पर्छन्।

# रूपरेखाः

## खण्ड १) १ पत्रुस १ः१-२ः१०ः ख्रीष्ट-विश्वासीहरूका सौभाग्यहरू र जिम्मेवारीहरू

**क) १ पत्रुस १ः१-२ः** शुभेच्छाको अभिवादन

**ख) १ पत्रुस १ः३-१२ः** ख्रीष्ट-विश्वासीहरूको आत्मिक स्तर

**ग) १ पत्रुस १ः१३-२ः३ः** ख्रीष्ट-विश्वासीहरूको आत्मिक स्तर-अनुसार उनीहरूको चालचलन मिल्नुपर्छ।

**घ) १ पत्रुस २ः४-१०ः** नयाँ आत्मिक समाजमा र पूजाहारी-गिरीअन्तर्गत ख्रीष्ट-विश्वासीहरूका सौभाग्यहरू के-के हुन् ?

## खण्ड २) १ पत्रुस २ः११-४ः६ः ख्रीष्ट-विश्वासीहरूका विभिन्न सम्बन्धहरू

**क) १ पत्रुस २ः११-१२ः** संसारसित उनीहरूको प्रवासीको सम्बन्ध छ।

**ख) १ पत्रुस २ः१३-१७ः** सरकारसित उनीहरूको नागरिकको सम्बन्ध छ।

**ग) १ पत्रुस २ः१८-२५ः** मालिकहरूसित उनीहरूको नोकरको सम्बन्ध छ।

**घ) १ पत्रुस ३ः१-६ः** पतिप्रति पत्नीको सम्बन्ध यस प्रकारको हुनु छ।

**ङ) १ पत्रुस ३ः७ः** पत्नीप्रति पतिको सम्बन्ध यस प्रकारको हुनुपर्छ।

**च) १ पत्रुस ३ः८ः** स्थानीय मण्डलीको सङ्गतिसित भाइ-भाइको सम्बन्ध यस्तो हुनुपर्छ।

**छ) १ पत्रुस ३ः९-४ः६ः** सताउनेहरूप्रति दुःखकष्ट भोग्नेहरूको सम्बन्ध कस्तो हुनुपर्छ ?

## खण्ड ३) १ पत्रुस ४:७-५:१४: ख्रीष्ट-विश्वासीहरूको सेवकाइ र दुःखभोगाइ

**क) १ पत्रुस ४:७-११:** अन्तिम दिनहरूको सम्बन्धमा दिइएका जरुरी आदेशहरू

**ख) १ पत्रुस ४:१२-१९:** दुःखभोगाइको सम्बन्धमा दिइएका अर्तीहरू र स्पष्टीकरणहरू

**ग) १ पत्रुस ५:१-१४:** अन्तिम अर्तीहरू र बिदाका अभिवादनहरू

# पत्रुसको पहिलो पत्रको टिप्पणीः

## खण्ड १) १ पत्रुस १ः१-२ः१०ः ख्रीष्ट-विश्वासीहरूका सौभाग्यहरू र जिम्मेवारीहरू

### क) १ पत्रुस १ः१-२ः शुभेच्छाको अभिवादन

**१ पत्रुस १ः१ः** पत्रुसले आफ्नो परिचय दिँदा आफूलाई येशू ख्रीष्टको प्रेरित पत्रुसको रूपमा पेश गरेका छन् । बितेका दिनको जलाहारीचाहिँ प्रभु येशूको प्रेरित पो भएछन् । प्रभु येशू आफूले तिनलाई मौलिक बाह्रजना चेलाहरूमध्ये एकजना हुनलाई चुन्नुभयो र तिनलाई मानिसहरूको जीवन परिवर्तन गर्न सक्ने महिमित सुसमाचारको प्रचारक हुनलाई बोलाउनुभयो । तिनले प्रभुको यो बोलावट स्वीकार गरे; यसकारण तिनी मानिसहरूलाई पक्रने जलाहारी भए ।

सबै ख्रीष्ट-विश्वासीहरूलाई यस पृथ्वीमाथि ख्रीष्ट येशूको हित खोजेर उहाँको पक्ष लिने र उहाँको प्रिनिधि गर्ने बोलावट भएको छ । हामी सबैजना मिशनेरी हौं – यस भनाइको अर्थ यो हो । कि त आफ्नो घर र

देशमा, कि त विदेशमा हामी उहाँको सन्देशवाहक हौं। हामी प्रभु येशूका अनुसरण गर्ने चेलाहरू भएको नाताले यो नै हाम्रो जीवनको प्रमुख उद्देश्य हो। जीवनको केन्द्र यो हुनुपर्छ; जीवनका अरू सबै कुराहरू यस उद्देश्यको अधीनतामा रहनुपर्छ।

पत्रुसको पहिलो पत्रको प्रापकहरू पोन्टस, गलातिया, कप्पाडोसिया, एशिया र बिथिनियाभरि तितरबितर भएका परदेशीहरू अथवा विदेशीहरू थिए। यी प्रवासीहरू को थिए?

यस ठाउँमा प्रेरित पत्रुसले जुन शब्द प्रयोग गरे, जसको नेपाली अनुवाद 'तितरबितर भएका' भयो, त्यो 'डिअस्पोरा' भन्ने शब्दले चाहिँ देशनिकाला भई अन्य जातिहरूको बीचमा छरपस्ट भएका यहूदी विश्वासीहरूलाई सङ्केत गर्छ; किनभने याकूबले पनि यही शब्द चलाए, जब उनले इस्राएलका बाह्र कुलहरूका विश्वासीहरूलाई आफ्नो पत्र लेखे (याकूब १:१)। त्यस्तै यूहन्ना ७:३५ पदमा पनि 'डिअस्पोरा' भन्ने शब्दले अन्य जातिहरूको बीचमा छरपस्ट भएका यहूदीहरूलाई सङ्केत गर्छ।

तर प्रेरित पत्रुसले अन्य जातिका विश्वासीहरूलाई यो पत्र लेखेको सम्भावना जारी नै छ, जुन विश्वासीहरू सतावटमा परेर वरिपरिका देशहरूमा छरपस्ट भए। कुरा यसो हो भने, तिनले यी विश्वासीहरूको सन्दर्भमा जुन शब्द र नामहरू चलाएका छन्, यी शब्द र नामहरू पुरानो समयमा परमेश्वरको निजी प्रजालाई मात्र दिइएका थिए र तिनीहरूको सम्बन्धमा प्रयोग गरिन्थे; तर अबचाहिँ तिनले यी शब्द र नामहरू परमेश्वरको नयाँ समाज, ख्रीष्टको मण्डलीको अर्थमा प्रयोग गर्छन्। किनभने तिनले यी विश्वासीहरूलाई चुनिएकाहरू भन्छन् (याकूब १:२)। अनि २:९ पदमा तिनले यिनीहरूलाई चुनिएको वंश, राजकीय पूजाहारीहरूको समाज, पवित्र जाति र परमेश्वरको निजी प्रजा भन्ने नाम दिन्छन्। तिनले अन्य जातिका विश्वासीहरूलाई यो पत्र लेखेका हुन् भन्ने तर्क पुस्टि गर्ने अरू तीनवटा सङ्केतहरू पनि छन्। एक, तिनले १:१४ र १८ पदमा यी विश्वासीहरूको बितेको जीवनको व्यर्थको चालको कुरा गर्छन्, जुन पितापुर्खाहरूबाट चल्दै आएको व्यर्थको चाल यिनीहरूले

अपनाएका थिए। दुई, तिनको भनाइअनुसार यिनीहरू बितेको समयमा परमेश्वरको प्रजा थिएनन् (१ पत्रुस २:१०)। अनि तीन, ४:३ पदअनुसार यिनीहरू बितेको समयमा अन्यजातिका मानिसहरूजस्तै जिउँथे। यसकारण यस सम्बन्धमा सशक्त प्रमाण यो होः जब पत्रुसले आफ्नो पत्र यी 'डिअस्पोरा'मा तितरबितर भएकाहरूलाई लेखे, तब तिनले ख्रीष्टका मण्डलीका विश्वासीहरूलाई लेखे, जुन विश्वासीहरू प्रभुकहाँ फर्कनुभन्दा अघि प्रायः अन्यजातिका मानिसहरू थिए। 'पत्रुसचाहिँ यहूदीहरूको प्रेरित थिए' भनेर हाम्रो तर्कको विषयमा आफ्नो आपत्ति जनाउनेहरूलाई हाम्रो जवाफ यस प्रकारको छः यहूदीहरूको प्रेरित भएको पत्रुसले कहिलेदेखि अन्यजातिका विश्वासीहरूको सेवा गर्न पाउँदैनन्? अनि अन्यजातिहरूको प्रेरित पावलको विषयमा कुरा स्पष्ट छः उनी अन्य-जातिहरूको प्रेरित भएर पनि केही हदसम्म यहूदीहरूको बीचमा सेवा गरेका हुन्।

**१ पत्रुस १:२ः** यस पदमा पत्रुसको यो पत्र पाउने प्रापकहरूका अरू चारवटा नामहरू प्रयोग गरिएका छन्, जुन नामहरूले यिनीहरूको मुक्तिको अनुभवका चारवटा चरणहरू बयान गर्छन्। अनि यिनीहरूको मुक्तिको अनुभवमा त्रीएक परमेश्वरका तीनै व्यक्तिको हात छ।

सर्वप्रथम, यी विश्वासीहरू परमेश्वर पिताको पूर्वज्ञानअनुसार चुनिएका थिए। यस भनाइको मतलब यो होः अनादिरूपी परापूर्वकालमा परमेश्वरले यी विश्वासीहरूलाई आफ्ना निम्ति छान्नुभएको थियो। अनि परमेश्वरमा चुनाव गर्ने सर्वाधिकार छ भन्ने शिक्षा सधैं लोकप्रिय नहोला, तर यस शिक्षामा असल गुण के छ भने, त्यसले परमेश्वरलाई उहाँलाई दिनुपर्ने स्थान दिन्छ। यो शिक्षा मानिसहरूको स्वादका निम्ति गुलियो, मीठो, रुचिकार तुल्याउने प्रयासहरू जति छन्, यी प्रयासहरूले परमेश्वरको सर्वाधिकारमा घाटा पुऱ्याउनुबाहेक अरू कुनै काम गरेका छैनन्। परमेश्वरमा चुनाव गर्ने अधिकार छ र मानिसमा विश्वास गर्ने जिम्मेवारी छ। यी दुई कुराहरू मिलाउन नसक्ने समस्या मानिसको दिमागको कमजोरी हो। परमेश्वरका निम्ति नमिल्ने कुरा केही पनि छैन यहाँ। पवित्र

बाइबलमा यी दुवै शिक्षाहरू प्रस्तुत गरिएका छन्। अनि हामीले यी दुवै शिक्षाहरू विश्वास गर्नुपर्छ। सत्यता भेट्टाउन खोज्नु हो भने हामीले यी दुई शिक्षाहरूको सम्झौतामा सत्यता भेट्टाउने होइनौं, तर यी दुवै शिक्षाहरू अलग-अलग रहन दिएकोमा सत्यता भेट्टाउँछौं।

परमेश्वरले कसरी छान्नुहुन्छ? वचनले यहाँ के भन्दछ? उहाँले आफ्नो पूर्वज्ञानअनुसार यसो गर्नुहुँदो रहेछ। कतिजनाको विचारमा यसको मतलब यस्तो छः परमेश्वरले ती मानिसहरूलाई चुन्नुभयो, जुन मानिस-हरूको विषयमा तिनीहरूले मुक्तिदाता प्रभुमाथि विश्वास गर्नेछन् भन्ने कुरा उहाँले अघिबाट जान्नुभएको थियो। अरूको राय यस प्रकारको छः कुनै पापी मानिसले पनि आफैआफ मुक्तिदाता प्रभुमाथि विश्वास गर्नै सक्दैन भन्ने कुरा परमेश्वरले राम्ररी जान्नुभएको थियो। यसकारण उहाँले आफ्नो पूर्वज्ञानअनुसार कतिजनालाई उहाँको अनुग्रहले जितिदिने पात्रहरू हुनलाई अंकित गर्नुभयो। परमेश्वरको चुनावमा अपार अकथ्य रहस्य रहेको छ। यसो भए पनि हामी यस सम्बन्धमा सुनिश्चित छौंः परमेश्वरको चुनावमा कुनै प्रकारको अन्याय हुँदै-हुँदैन।

मुक्तिको सम्बन्धमा दोस्रो चरण आत्माको पवित्रीकरण हो। अनि पवित्र आत्माद्वारा गरिएको यो पवित्रीकरण मानिसले नयाँ जन्म पाउनुभन्दा अघि उसमा पूरा भएको हुन्छ[1)]। यो पवित्रीकरण पवित्र आत्माको सेवकाइको एक कार्य हो, जुन कार्यद्वारा उहाँले मानिसहरूलाई परमेश्वरका निम्ति अलग गर्नुहुन्छ (२ थेस्सलोनिकी २:१३)। क्रमअनुसार यो कार्य परमेश्वर पिताको चुनावपछि आउँछ। यो तर्कसँगत कुरा हो। किनकि अनन्तकालको अनादिमा परमेश्वरले कति मानिसहरूलाई अघिबाट चिन्नुभएको र चुन्नुभएको थियो। अनि समयचक्रअन्तर्गत पवित्र आत्माले काम गर्नुहुन्छ र सम्बन्धित व्यक्तिहरूको जीवनमा परमेश्वरको यो चुनाव वास्तविक र परिपक्का तुल्याउनुहुन्छ।

तब मानिसले मुक्ति पाउने सम्बन्धमा तेस्रो चरण आउँछः येशू ख्रीष्टप्रति मानिसको आज्ञाकारिता। किनकि पवित्र आत्माको पवित्री-करणको कार्य पूरा भएपछि पापी मानिसले त्यस कामप्रति आफ्नो

प्रतिक्रिया जनाउनुपर्छ। मानिस मुक्तिको सुसमाचारको वचनप्रति आज्ञाकारी हुनुपर्छः उसले अफसोसी भई आफ्ना पापहरूको विषयमा पछुताउनुपर्छ र विश्वासद्वारा प्रभु येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्नुपर्छ। नयाँ नियमको शिक्षाअनुसार मानिसले ख्रीष्ट येशूको सुसमाचार पालन गर्नुपर्छ (रोमी २ः८, २ थेस्सलोनिकी १ः८)। सबैका निम्ति सर्वमान्य नियम यो हो।

अनि अन्तमा, चौथो चरणमा येशू ख्रीष्टको रगतको छिटकाउ आउँछ। हामीले यस भनाइको अर्थ हददेखि बाहिर लानुहुँदैन र मुक्ति पाएको व्यक्तिमाथि प्रभु येशूको वास्तविक रगत छिट्किन्छ भन्ने कुरा भन्नु र सिकाउनुहुँदैन। यो साङ्केतिक भाषा हो। तर पत्रुसले यहाँ भन्न खोजेको तत्पार्य के हो भने, जुन मानिसले सुसमाचारको आज्ञापालन गर्छ, त्यस मानिसले विश्वास गरेको क्षणमा ख्रीष्ट येशूको रगतले कमाएका सबै आशिषहरू उपभोग गर्न थाल्छ, जुन ख्रीष्टको बहुमूल्य रगत गलगथामा बगाइएको थियो। दुई हजार वर्षअघि मुक्तिदाता प्रभुको रगत एकैपल्ट मात्र बगाइयो, सधैंका निम्ति बगाइयो; यो फेरि कहिल्यै बगाइनेछैन। तर प्रभु येशूमाथि विश्वास गर्नेबित्तिकै हामीले पापहरूको क्षमा, छुटकाराको दाम तिरिएको उद्धार र अरू अनगिन्ती आशिषहरू प्राप्त गर्छौं, जुन आशिषको धारा येशूको रगतबाट हाम्रो जीवनमा बगिरहन्छ।

पत्रुसको पहिलो पत्र पढ्ने प्रापकहरूलाई आत्मिक जन्ममा ल्याइपुर्‍याएका यी चारवटा कदमहरू पेश गरेपछि पत्रुसले अब उनी-हरूलाई प्रशस्त अनुग्रह र प्रशस्त शान्तिको शुभकामना टक्राउँछन्। यी पाठकहरूले मुक्तिको सम्बन्धमा परमेश्वरको अनुग्रह अनुभव गरिसके र परमेश्वरसित मेलमिलाप गरेको फलस्वरूप यिनीहरूले हृदयमा शान्ति पाए। तर अब इसाई जीवन जिउनलाई यिनीहरूलाई दिन प्रतिदिन परमेश्वरको अनुग्रहको खाँचो पर्छ। अनि अशान्तिले पूर्ण संसारमा यिनीहरूले लगातार परमेश्वरको शान्ति पाउनु आवश्यक थियो। यसरी प्रेरित पत्रुसको यस शुभकामनामा यिनीहरूका निम्ति प्रशस्त आशिष हालिएको थियो। यस विषयमा श्री जेम्स् डेन्नीले यसो भनेका छन्ः

'ख्रीष्टको सुसमाचारमा शुरुदेखि अन्तसम्म अनुग्रहमाथि अनुग्रह छ। अनि शान्तिचाहिँ – हामीले यस ईश्वरीय अनुग्रहलाई आफ्नो काम पूरा गर्न दियौं भने त्यस कामको नतिजा शान्ति, अँ, आत्मिक आरोग्यताको फल शान्ति हो।'

## ख) १ पत्रुस १ः३-१२ः ख्रीष्ट-विश्वासीहरूको आत्मिक स्तर

**१ पत्रुस १ः३ः** यस खण्डमा प्रेरित पत्रुसले हाम्रो मुक्तिका अतुलनीय गौरवहरू प्रस्तुत गर्छन् (१ पत्रुस १ः३-१२)। तिनले कहाँबाट शुरु गर्छन्? मुक्तिको कर्ताचाहिँ हाम्रो हृदयभरिको धन्यवाद पाउनु योग्य, हाम्रो स्तुति-प्रशंसा पाउनु योग्य हुनुहुन्छ, अँ, हाम्रो आराधना र उपासना पाउनु योग्य हुनुहुन्छ। अनि मुक्तिको कर्ता को हुनुहुन्छ? मुक्तिको कर्ता हाम्रा प्रभु येशू ख्रीष्टको परमेश्वर र पिता हुनुहुन्छ। यहाँ प्रकट गरिएको परमेश्वरको उपाधिअनुसार प्रभु येशूसित परमेश्वरको नाता दोहोरा हुन्छ। उहाँ हाम्रा प्रभु येशू ख्रीष्टको परमेश्वर हुनुहुन्छ। अनि उहाँ प्रभु येशू ख्रीष्टको पिता हुनुहुन्छ। यसकारण पहिलो नाताअनुसार मुक्तिदाता प्रभु मानिस हुनुहुन्छ भन्ने बुझिन्छ भने, दोस्रो नाताअनुसार प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरा बुझिन्छ। उहाँको पूरा नाम यस प्रकारले प्रस्तुत गरिएको छः हाम्रा प्रभु येशू ख्रीष्ट।

*प्रभुः* उहाँ हाम्रा हृदय र जीवनमाथि पूरा अधिकार चलाउन पाउनुहुन्छ।

*येशूः* उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुन्छ।

*ख्रीष्टः* परमेश्वरको अभिषिक्त जन स्वर्गको सर्वोच्च स्थानमा उच्च पारिनुभएको छ।

*'परमेश्वरले आफ्नो ठूलो दयाअनुसार मरेकाहरूको बीचबाट बौरिउठ्नुभएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा हामीलाई एउटा जिउँदो आशाको निम्ति नयाँ गरी जन्माउनुभएको छ।'* मुक्तिको कार्यकर्ता परमेश्वर हुनुहुन्छ। उहाँबाट मुक्तिको प्रबन्ध भयो। यसको खास कारण

हामीले उहाँको अपार दयामा खोज्नुपर्छ; किनकि हाम्रो मुक्ति परमेश्वरको दयाको फल हो। अनि मुक्ति के हो त? यस पदअनुसार मुक्तिचाहिँ एउटा नयाँ जन्म हुँदो रहेछ। यसको मूलतत्त्व यही हो। अनि वर्तमान समयमा यसको प्रतिफल एउटा जिउँदो आशा हो। येशू ख्रीष्टको पुनरुत्थानचाहिँ हाम्रो मुक्तिको धार्मिक आधार हो भने उहाँको बौरिउठाइ हाम्रो जीवित आशाको जग पनि हो।

पापी मानिसहरूको आशा यस जीवनमा सीमित रहन्छ र तिनीहरूको मृत्युमा टुङ्गिन्छ। मरेपछि मानिसको लागि परमेश्वरको न्यायमा पर्नु र उहाँको कड़ा क्रोध सहनुबाहेक अरू के हुन सक्थ्यो र? हामी अधर्मी मानिसहरूका निम्ति अरू केही पनि हुन सक्दैन। हाम्रो निम्ति मृत्यु नै उहाँको न्यायको फैसला थियो; किनभने हामी आदमका सन्तान हौं। तर ख्रीष्ट येशूको त्राणको काममा हाम्रो निम्ति प्रबन्ध गरिएको छ; परमेश्वरले भक्तिहीन, पापी मानिसहरूलाई मुक्ति दिनुहुन्छ। उहाँले यसो गर्नको निम्ति ख्रीष्ट येशू र उहाँको क्रूसको मृत्युमा एउटा धार्मिक आधार पाउनुभयो। यस आधारअनुसार उहाँले पापी मानिसहरूलाई बचाउन सक्नुहुन्छ र पनि यसो गर्दा उहाँ बिलकुल धर्मी रहनुहुन्छ। ख्रीष्ट येशूले हाम्रा पापहरूको सजाय भोग्नुभयो र हाम्रो छुटकाराको दाम तिर्नुभयो। प्रायश्चित्त गरिएको छ। सम्पूर्ण क्षतिपूर्ति भएको छ। हाम्रो ऋणको चुक्ती भएको छ। न्यायको हिसाबमा सबै मागहरू पूरा भएका छन्। यसकारण अबचाहिँ सुसमाचारको आज्ञापालन गर्नेहरूकहाँ परमेश्वरको निगाह र कृपा बग्दैछ। ख्रीष्ट येशूको बौरिउठाइमा अचूक प्रमाण स्थापित भएको छः परमेश्वर आफ्नो पुत्रको बलिदानमा, त्यस त्राणको काममा सम्पूर्ण रूपले सन्तुष्ट हुनुभयो। 'पूरा भयो!' भनेर हाम्रा प्रभुको उद्घोषणा थियो। अनि प्रभु येशूलाई बौराएर उठाउँदा पिता परमेश्वरले यस उद्घोषणामा 'तथास्तु' भनेर आफ्नो अनुमोदनको छाप लगाइदिनुभयो। अनि प्रभु येशूको पुनरुत्थान परमेश्वरको बन्धकरूपी प्रण हो, कि ख्रीष्ट येशूमा मर्नेहरू सबैजना मरेकाहरूको बीचबाट बौरिउठ्नेछन्। अनि यो हो हाम्रो जिउँदो आशा। एकदिन हामी स्वर्गीय घरमा लगिनेछौं र सधैं ख्रीष्ट येशूको साथमा

हुनेछौं; अनन्त-अनन्तसम्म हामी उहाँजस्ता हुनेछौं। यस सम्बन्धमा श्री एफ. बी. मेयरले यसो भनेका छन्ः 'जिउँदो आशाचाहिँ हाम्रो वर्तमान काल र हाम्रो भविष्यको बीचमा सम्बन्ध जोड्ने मुन्द्रा हो।'

**१ पत्रुस १ः४ः** अबका दुई पदहरूमा मुक्तिको भावी रूपको वर्णन गरिन्छ। नयाँ जन्म भएकाहरूको आशा सुनिश्चित हुन्छः स्वर्गमा उनीहरूको पैतृक सम्पत्ति छ। अनि यस पैतृक सम्पत्ति अर्थात् यस उत्तराधिकारको भागमा यी सबै आशिषहरू समावेश हुन्छन्, जुन आशिषहरू ख्रीष्ट-विश्वासीहरूले स्वर्गमा अनन्तसम्म उपभोग गर्नेछन्। ख्रीष्ट येशूमार्फत सबै कुराहरू उनीहरूका हुनेछन् (भजन १६ः५)। उक्त पैतृक सम्पत्ति अविनाशी, निष्कलङ्क र कहिल्यै ओइलिएर नजाने हुँदो रहेछ। **क)** अविनाशी भन्नाले कहिल्यै खिया नलाग्ने, कहिल्यै नफुटिने, कहिल्यै नमकिने बुझिन्छ। अविनाशी कुरा अमर, मृत्युरोधक वस्तु हुन्छ। **ख)** पैतृक सम्पत्ति निष्कलङ्क भएको अर्थचाहिँ यो उत्तराधिकार पूर्ण र सिद्ध हुन्छ। यसमा कुनै धब्बा, मैला, खोट वा दाग आउँदैन, तर सधैं शुद्ध, अँ, सधैं विशुद्ध रहन्छ। यो एक पापरोधक वस्तु हो। अब **ग)** कहिल्यै ओइलेर नजाने कुरा आयो। यो कहिल्यै नओइलिने चीजमा आफ्नो मूल्य, आफ्नो गरिमा वा आफ्नो सुन्दरतामा कुनै घटीकमी, कुनै हेरफेर नहुने रहेछ; यो त समयको अनुकूल-प्रतिकूलको कुनै प्रभावमा नपर्ने समयरोधक वस्तु रहेछ।

संसारमा पाइने उत्तराधिकारका भागहरूको कुरा गर्नु हो भने, ती सम्पत्तिहरू कति अनिश्चित, कति चञ्चल हुन्छन्। बाजारको भाउमा स्वात्तै भाटा आएमा जग्गाजमिनको मूल्य एकै क्षणमा तल झर्दो रहेछ। अनि इच्छा-पत्रमा निर्धारित सम्पत्तिहरूका निम्ति मुद्दा-मामिलाहरू लड़िन्छन् र यी इच्छा-पत्रहरूमा कति पल्ट नाम सामेल नगरिएका मानिसहरूको जित हुँदो रहेछ। अनि कति कानुनी प्रविधिका नियमहरूले गर्दा मानिसहरू आफ्नो हकको सम्पत्तिबाट वञ्चित हुन पुग्दा रहेछन्। तर यहाँ, यस खण्डमा प्रस्तुत गरिएको ईश्वरीय पैतृक सम्पत्तिलाई चाहिँ समयचक्रअन्तर्गत हुन सक्ने-नसक्ने कुनै हेरफेरको असर पर्दैन। अनि

ख्रीष्ट-विश्वासीको अधिकारको भागको विषयमा कुनै कानुनी गड़बड़ हुनै सक्दैन; कसैले उसको हक खोस्न सक्दैन। किनभने परमेश्वरको सन्तानको हकको सम्पत्ति स्वर्गको ढुकुटीमा सुरक्षित राखिएको हुन्छ।

**१ पत्रुस १ः५ः** ख्रीष्ट-विश्वासीहरूको हकको सम्पत्ति मात्र होइन, तर उनीहरू आफू पनि सुरक्षित छन् र उनीहरूले आफ्नो हकको सम्पत्ति नपाउन्जेल उनीहरूको रखवाली गरिएको हुन्छ। यस संसारमा कतै हकको सम्पत्तिको अंशबन्डा हुनुभन्दा अघि कुनै हकवालाको मृत्यु आउँदो रहेछ। तर जुन अनुग्रहले स्वर्गको हकको सम्पत्ति हाम्रा निम्ति सुरक्षित राख्छ, त्यही अनुग्रहले हामी त्यसका हकवालाहरूलाई पनि सुरक्षित राख्छ। यसकारण हामी स्वर्गको हकको सम्पति उपभोग गर्न पाउने नै छौं। परमेश्वरले आफ्ना जनहरूलाई चुन्नुभयो; यसकारण उहाँको यस चुनावमा कहिल्यै कुनै हेरफेर आउँदैन; यो कहिल्यै विफल हुँदैन। जस-जसको चुनाव बितेको अनन्तकालमा भएको हो, र जस-जसले वर्तमान समयमा मुक्ति पाएका छन्, उनीहरू सुरक्षित राखिएका हुन्छन् र उनीहरूको अनन्त भविष्य सुनिश्चित हुन्छ। ख्रीष्ट-विश्वासीहरू अनन्तसम्म सुरक्षित रहनेछन्।

तर अनन्त सुरक्षाको सम्बन्धमा परमेश्वरको मात्र भाग हुँदैन, त्यसमा मानिसको पनि जिम्मेवारी हुन्छ। हामी परमेश्वरको शक्तिद्वारा सुरक्षित रहन्छौं – यो परमेश्वरको भाग हो। तर हामी विश्वासद्वारा सुरक्षित रहन्छौं – यो हाम्रो भाग हो। आउनुहोस्, हामी यस भनाइको अर्थ स्पष्ट पारौं! जबसम्म मानिसले विश्वास गर्छ, तबसम्म उसको मुक्ति सुनिश्चित रहन्छ भन्ने अर्थ सुल्टो अर्थ-लगाइ होइन; तर जसको विश्वास साँचो हो, ऊ अन्तसम्म विश्वासमा दिगो रहिरहन्छ भन्ने अर्थ खास अर्थ र खाँटी शिक्षा हो। बचाउने विश्वासमा सधैं दिगोपना हुन्छ।

परमेश्वरको शक्तिले उहाँका छोराछोरीहरूलाई अन्तिम समयमा प्रकट हुन तयार भएको मुक्तिका निम्ति रखवाली गर्छ। यसकारण यसको सन्दर्भ भविष्यमा मुक्तिको भावी रूप हो। मुक्तिको सम्बन्धमा धेरै पल्ट भनिएको छ, कि यसको अनुभव तीनवटा कालमा गरिन्छः क) भूतकालमाः

मुक्तिदाता प्रभुमाथि विश्वास गरेको क्षणमा हामीले मुक्ति पाएका हुन्छौं र पापको सजायबाट बाँचेका छौं (एफेसी २:८)। ख) वर्तमानकालमाः मुक्तिदाता प्रभुलाई अनुमति दिएमा उहाँ हामीमार्फत आफ्नो जीवन जिउनुहुन्छ र यसरी हामी दिन प्रतिदिन पापको शक्तिदेखि बाँच्छौं (रोमी ५:१०)। ग) भविष्यकालमाः प्रभु येशूले सबै ख्रीष्ट-विश्वासीहरूलाई उठाइलैजाने क्षणमा हामी सधैंका निम्ति पापको उपस्थितिबाट बचाइनेछौं (हिब्रू ९:२८)। त्यस बेलामा ख्रीष्ट-विश्वासीहरूको शरीर बदली हुनेछ र एउटा महिमित शरीर बन्नेछ, जुन शरीर अनन्तसम्म पापमुक्त, रोगमुक्त र मृत्युमुक्त हुनेछ। मुक्तिको यस भावी रूपमा त्यो समय पनि समावेश छ, जुन समयमा पवित्र जनहरू ख्रीष्ट येशूको साथमा यस पृथ्वीमा फर्केर आउनेछन् र परमेश्वरका छोराछोरीहरूको रूपमा प्रकट हुनेछन् र छर्लङ्ग चिनिनेछन् (१ यूहन्ना ३:२)।

**१ पत्रुस १:६ः** नाना प्रकारका परीक्षाहरूमा पर्दा ख्रीष्ट-विश्वासीहरू रमाउन सक्छन्, खूबै रमाउँछन् पनि; किनभने यस जिउँदो आशाअन्तर्गत उनीहरूको शरीरको छुटकारा र उनीहरूको पैतृक सम्पत्तिको महिमाले पूर्ण भाग पर्नेछ। प्रेरित पत्रुसले यो पत्र सतावटमा परेका इसाईहरूलाई लेखे; किनकि उनीहरूले ख्रीष्ट येशूको साक्षी कायम राखेका थिए। पत्रुसले उनीहरूलाई सम्झाउँछन्, कि आपद्‌विपद्‌मा परेर पनि उनीहरूले आनन्द मनाउन सक्नुपर्छ। ख्रीष्टीय विश्वासको एक हर्षयुक्त विरोधाभास यही हो। एकातिर, उनीहरू रमाउन सक्छन्; किनभने उनीहरू सुरक्षित राखिएका मानिसहरू हुन्, जसको अधिकारको भाग पनि सुरक्षित राखिएको छ। अर्कातिर उनीहरूले आनन्द मनाउन सक्छन्, किनकि यी नाना प्रकारका परीक्षाहरू क्षणिक हुन्छन्, तर उनीहरूले उपभोग गर्न पाउने महिमा अनन्त हुनेछ (२ कोरिन्थी ४:१७)। श्री जे. एच. जोवेटले अनेक परीक्षाहरूबाट भएर जाँदा विश्वासीमाथि जुन दुःखकष्ट आउँछ, यस प्रकारको दुःखकष्टको माझमा उसलाई लागेको आनन्दको विषयमा यसो भन्दै टिप्पणी गरेका छन्ः 'दुःखकष्टरूपी उराठलाग्दो बन्जर भूमिमा आनन्दको मुहान भेट्टाउँछु भन्ने सोच मलाई कहिल्यै भएको थिएन।'

**१ पत्रुस १:७:** दुःखकष्टहरूको घेराभित्र परेका पवित्र जनहरूलाई सान्त्वना कहाँबाट आउँछ? उनीहरूले सहनुपरेका दुःखकष्टहरू अर्थहीन र व्यर्थ हुँदैनन्। भक्तिहीन मानिसहरूले सहनुपरेका दुःखकष्टहरू तिनी-हरूलाई तिनीहरूले अनन्त-अनन्तसम्म भोग्नुपर्ने नरकका पीड़ाहरूको पूर्वस्वाद दिलाउने माध्यम हुन्छन्। तर ख्रीष्ट-विश्वासीहरूको विषयमा कुरा अर्को छ। परमेश्वरका छोराछोरीहरूको जीवनमाथि आइपर्ने विपत्ति-हरूबाट विभिन्न लाभहरू हुन्छन्। तीमध्ये एक उनीहरूको विश्वास पक्का र साँचो हो कि होइन भन्ने जाँच हुन्छ। पत्रुसले यहाँ हाम्रो विश्वास सुनसित तुलना गर्छन्। मानिसको जानकारीमा आएका सबै पद्धार्थहरूमध्ये सुन-चाहिँ सबैभन्दा अविनाशी थोक हो। ठूलो तापले सुनलाई केही गर्दैन। सुन नाश नहुने चीजजस्तो देखिन्छ। तर वास्तवमा सुन पनि नाशवान् चीज हो; सुन अत्यधिक प्रयोग, चाप र आगोमा परे नाश हुनु सम्भव छ।

तर साँचो विश्वास कहिल्यै नाश गर्न सकिँदैन। ख्रीष्ट-विश्वासीहरू अनेक किसिमका परीक्षा र जाँचहरूमा पर्न जान्छन्, तर यसरी उनीहरूको विश्वास नाश हुँदैन, तर यी परीक्षाहरूद्वारा उनीहरूको विश्वासले आहारा पाउँछ, र उनीहरूको विश्वासको पोषण पो हुन्छ। हामी अय्यूबको कुरा गरौं! मानव-इतिहासमा एकै दिनमा सबैभन्दा बढ़ी हानिनोक्सानी भोग्नुपरेका मानिसहरूमध्ये सायद अय्यूब प्रथम हुन्, रपनि तिनले यसो भन्न सके: *'उहाँले मलाई मार्नुभए ता पनि म उहाँमाथि भरोसा राख्नेछु'* (अय्यूब १३:१५)। अनि बेबिलोनमा तीनजना मानिसहरू त्यस आगोको भट्टीमा फालेर तिनीहरूको जाँच वास्तविक आगोद्वारा भएको थियो। अनि यस आगोको जाँचद्वारा तिनीहरूको विश्वास सत्य ठहरियो। अनि जाँचको त्यस आगोले तिनीहरूलाई बाँधिएका डोरीहरू जलायो र तिनीहरूलाई मुक्त गरायो (दानियल ३:१२-३०)। अनि त्यस आगोका ज्वालाहरूभित्र अग्नि-परीक्षामा परेको यस अवस्थामा तिनीहरूले 'परमेश्वरको पुत्रजस्तै' एकजनाको सङ्गति पो पाएका थिए। सकली विश्वासको प्रमाण केवल आगोद्वारा प्रकट हुन्छ। अनुकूल परिस्थितिहरूमा इसाई हुनु सजिलो कुरा हो। तर मानिसहरूको सामु ख्रीष्ट येशूलाई खुलामखुल्ला स्वीकार गर्दा

विश्वासीहरूले सतावट र दुःख खप्नुपर्‍यो भने ख्रीष्टका फिक्का-फिक्का चेलाचेलीहरू अलि-अलि गर्दै पर-पर सर्छन् र भीड़भित्र हराउँछन्। जुन धर्मका निम्ति कुनै मूल्य चुकाउनुपरेको छैन, त्यो धर्म मूल्यहीन, व्यर्थ हो। अनि मूल्य चुकाउन नचाहने विश्वास नकली विश्वास हो। यो ओठे विश्वास हो, जुन प्रकारको विश्वास याकूबले आफ्नो पत्रमा दोषी ठहराउँछन्।

येशू ख्रीष्ट प्रकट हुनुहुँदा साँचो विश्वासले स्याबासी, आदर र महिमा पाउनेछ। हामी यस वाक्यको सरल अर्थ दिन्छौँ: जुन-जुन जाँचमा हाम्रो विश्वास स्थिर रहन्छ, र जुन-जुन जाँचमा हामी उतीर्ण भएका हुन्छौं, ती जाँचहरूको एक-एक सफलताका निम्ति परमेश्वरले हामीलाई इनाम दिनुहुनेछ। उहाँले ती विश्वासीहरूलाई स्याबासी दिनुहुनेछ, जसले दुःखकष्टहरूको घेराभित्र परेर पनि आनन्द मनाउँछन्। उहाँले ती विश्वासीहरूलाई आदर र महिमा दिनुहुनेछ, जो परीक्षा र विपत्तिमा पर्दा स्थिर रहन्छन्, जसले आफूमाथि आइपरेका विपत्ति र सङ्कष्टहरू परमेश्वरबाट आएको विश्वास-प्रस्तावको रूपमा स्वीकार गर्छन्।

एकदिन ख्रीष्ट येशू राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको रूपमा यस पृथ्वीमा फर्केर आउनुहुनेछ, र राज्य गर्न थाल्नुहुनेछ। अनि त्यो दिन विश्वासीहरूका निम्ति स्याबास, आदर र महिमा पाउने दिन हुनेछ; किनभने संसारले रद्द गरेर बहिष्कार गरिएकाहरूचाहिँ परमेश्वरका छोराछोरीहरू पो भएका रहेछन् भन्ने कुरा त्यस दिनमा सुस्पष्ट हुनेछ। धर्मशास्त्र बाइबलको एक खण्ड त्यसको अर्को खण्डसित तुलना गर्दाखेरि के स्पष्ट हुन्छ भने, ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइसकेपछि स्वर्गमा ख्रीष्टको न्यायआसनको सामु उनीहरूको एक-एक इनामको घोषणा गरिनेछ; तर यी इनामहरूको सार्वजनिक प्रदर्शन ख्रीष्टको दोस्रो आगमनमा मात्र हुने रहेछ।

**१ पत्रुस १:८:** वर्तमान समयमा हामीले ख्रीष्ट येशूमाथि विश्वास गरेर उहाँलाई ग्रहण गरेकोमा पाएको मुक्तिको अनुभवबाट कतिको आनन्द उठाउँछौं? पत्रुसले अब यस कुराको चर्चा गर्न थाल्छन्। हामीले प्रभु

येशूलाई आफ्नै आँखाहरूले कहिल्यै देखेका छैनौं; रपनि हामी उहाँलाई प्रेम गर्छौं।[2] हालैमा हामीले उहाँलाई देखेका छैनौं, रपनि हामी उहाँमाथि विश्वास गर्छौं। प्रभु येशूले थोमालाई भन्नुभयोः 'धन्य हुन् तिनीहरू, जसले देखेका छैनन्, र पनि विश्वास गरेका छन्!' (यूहन्ना २०:२९)। के हामी पनि यस धन्यको अवस्थामा प्रवेश गर्न चाहन्छौं? तब हामीले प्रभु येशूलाई नदेखेर उहाँमाथि विश्वास गर्नुपर्छ।

यस विषयमा श्री विलियम लिन्कल्नले यसो लेखेका छन्ः

> 'मानिसहरूले प्रेमको कुरा गर्छन्, कति-कति! तर परमेश्वर र ख्रीष्ट येशूप्रति हाम्रो प्रेमको साँचो प्रमाण त्यस बेलामा प्रकट हुन्छ, जुन बेलामा हामी जाँचमा परेर पनि यसो भन्न सक्छौंः "म परमेश्वरको निगाह र उहाँको मुस्कान कुनै हालतमा गुमाउन चाहँदिनँ; यसकारण उहाँलाई दुःखित पार्नुभन्दा म बरु दुःख खप्छु।" संसारमा लोकप्रिय गनिनु र उच्च पदमा बस्नु, तर परमेश्वरको मुस्कान नपाउनुभन्दा उहाँको मुस्कानसित गुन्द्रुकको तिहुनमा सन्तोष रहनु खास प्रेम हो। अनि परमेश्वरका सबै साँचो छोराछोरीहरूमाथि यस प्रकारका परीक्षाहरू आइपर्छन्। यी परीक्षाहरूले गहुँ र भुसको बीचमा छुट्ट्याउने काम गर्छन्। आगोमा हालेको सुन झन् निखुर हुन्छ र धातुको मैला आगोमा छोड़ेर सुन अझै पनि विशुद्ध भएर त्यहाँबाट निस्कन्छ।' [3]

प्रभु येशूमाथि विश्वास गरेर हामी उहाँमा बयान गरेर नसकिने र महिमाले भरपूर भएको आनन्दले खूबै आनन्द मनाउँछौं। उहाँसँग एक भएका हुनाले हामीले सबै स्वच्छ आनन्दको मुहानसँग अनन्तसम्म अविराम र अविरल सम्पर्क पाएका छौं। यसकारण ख्रीष्ट-विश्वासीहरूको आनन्द यस पृथ्वीमा हुने-नहुने सांसारिक परिस्थितिहरूमा भर पर्दैन। उनीहरूको आनन्द बौरिउठ्नुभएको येशू ख्रीष्टमा छ र केवल उहाँमा निर्भर रहन्छ, जो परमेश्वरको दाहिने हातमा हुनुहुन्छ। ख्रीष्ट येशूलाई आफ्नो स्वर्गको महिमाको सिंहासनबाट हटाउनु सम्भव छ भने पवित्र जनहरूबाट उनीहरूको आनन्द पनि खोस्न सकिन्छ। अनि यो असम्भव नै हुन्छ; किनकि यी दुई कुराहरू अभिन्न हुन्छन्।

**१ पत्रुस १:९:** क्रमशः प्रेरित पत्रुसले प्रभु येशूमाथि विश्वास राखेको परिणामको कुरा उठाउँछ। यस विश्वासको वर्तमान परिणाम हाम्रो आत्माको मुक्ति हो। हाम्रो शरीरको छुटकारा अभै पनि भविष्यमा हुन बाँकी रहेको छ। ख्रीष्ट येशू आफ्ना पवित्र जनहरूका निम्ति आउनुहुनेछ, र त्यस बेलामा उनीहरूका शरीरको छुटकारा हुनेछ। तर ख्रीष्ट येशूमाथि विश्वास राख्नासाथ हामीले आफ्ना आत्माको मुक्ति प्राप्त गरिसकेका हुन्छौं। मानिसको आत्मा उसको अभौतिक भाग हो। मानिसको शरीर-बाहेक मानिसमा उसको आत्मा, उसको व्यक्तित्व पनि हुन्छ। अनि मानिसको मृत्युमा उसको आत्मा उसको शरीरबाट छुट्टिन्छ। यस खण्डमा आत्मा र प्राण एउटै कुरा भएको देखिन्छ। तर खास गरेर हाम्रो आत्मामा परमेश्वर हुनुहुन्छ भन्ने चेतना प्राप्त गरिन्छ। जे होस्, हाम्रो नयाँ जन्म भएको घड़ीमै हाम्रो आत्माले मुक्ति पाएको हुन्छ।

**१ पत्रुस १:१०:** अनि यही मुक्तिचाहिँ पुरानो नियमका धेरैजना भविष्यवक्ताहरूको विषय-वस्तु थियो। परमेश्वरका उहिलेका वक्ताहरूले उहाँको अनुग्रहको विषयमा भविष्यवाणी गरेका थिए, जुन अनुग्रह  हामी अनुग्रहको यस युगमा जिइरहेकाहरूले ख्रीष्ट येशूमा पाइरहेका छौं। तर तिनीहरू आफूले घोषणा गरेका र लेखेका कुराहरूको अर्थ राम्रोसँग बुभ्न सकेनन् (दानियल १२:८)।

**१ पत्रुस १:११:** तिनीहरूले स्पष्टसँग नबुभेका कुराहरू यस प्रकारका थिएः क) मसीहको रूपमा आउनुहुने व्यक्ति को हुनुहुन्छ, सो तिनीहरूले जान्दैनथिए। अनि ख) मसीह कहिले आउनुहुनेछ, कहिले देखा पर्नुहुनेछ, सो विषयमा तिनीहरू अनभिज्ञ थिए। तर परमेश्वरको आत्माको प्रेरणामा तिनीहरूले मसीहका दुःखकष्टहरूको विषयमा बोले, र उहाँले सहनुभएका दुःखकष्टहरूपछि उहाँले पाउनुपर्ने महिमाहरूको विषयमा बताए। तर उहाँका दुःखकष्टहरू र त्यसपछि उहाँले पाउनुहुने महिमाको बीचमा कम्तीमा दुई हजार वर्ष हुनेछन् भन्ने कुरा तिनीहरूले के जान्दथिए र? तिनीहरूले देख्न सकेको दिव्य दृश्यचाहिँ हामीले कुन रूप दिऔं? यसको सर्वमान्य नक्सा यस प्रकारको छः मानौं तिनीहरूले केवल दुईवटा

पहाड़हरूका टाकुराहरू देखेः क) प्रभु येशूले दुःखहरू सहनुभएको गलगथारूपी डाँड़ा, अनि ख) प्रभु येशू ठूलो महिमाको साथ फर्केर आउनुहुने त्यो जैतुन-डाँड़ा। तर यी दुईवटा डाँड़ाहरूको बीचमा भएको फेदी, त्यो बेंसी तिनीहरूले देख्न सकेनन्। यी दुईवटा घटनाहरूको बीचमा परेको अनुग्रहको वर्तमान युगको दर्शन तिनीहरूले पाएनन्, जुन अनुग्रहको युगमा, यी दुईवटा मुख्य घटनाहरूको बीचको समयमा हामी बाँचिरहेका छौं। यसकारण बितेको समयमा घटेको क्रूसको घटना र भविष्यमा हुने महिमित घटनाको विषयमा तिनीहरूको भन्दा हाम्रो सन्दर्शन राम्रो र स्पष्ट हुन्छ।

**१ पत्रुस १:१२:** परमेश्‍वरको आत्माले रहस्यमय तरिकाद्वारा तिनीहरूकहाँ प्रकट गर्नुभयो, कि तिनीहरूले आफ्ना भविष्यवाणीहरूद्वारा भावी पुस्ताहरूको सेवा गरे, जुन पुस्ताहरू जन्मनु अझै पनि बाँकी थियो। भविष्यवक्ताहरूका वाणीहरू तिनीहरूको पुस्तामा जिउने मानिसहरूका निम्ति अर्थपूर्ण थिए भने, तिनीहरूलाई थाहा भयो, कि भविष्यवाणी-हरूको पूरा अर्थ तिनीहरूको समयमा घटेका घटनाहरूमा सीमित रहेन, पूरा भएन।

यस कुराले विभिन्न प्रश्‍नहरू उठाउँछ; यसमा शङ्का छैन। के पुरानो नियमका भविष्यवक्ताहरूले विश्‍वासद्वारा धर्मी ठहरिने शिक्षा जानेका थिए? अनि हामीले कसरी मुक्ति पाउँछौं, सो सम्बन्धमा तिनीहरू कुन-कुन कुरामा अनजान थिए? अनि कुन हिसाबले तिनीहरूले आफ्नो सेवा होइन, तर हाम्रो सेवा गरे?

यस विषयमा श्री विलियम लिन्कल्नले यसो भनेका छन्:

> 'ख्रीष्ट येशूको पहिलो आगमन नभएसम्म परमेश्‍वरको अनुग्रहको परिपूर्णता प्रकट भएको थिएन, प्रकट हुनै सकेको थिएन। यसो भए पनि परमेश्‍वरले पापी मानिसहरूलाई बचाउनुहुन्थ्यो र तिनीहरूलाई स्वर्गमा उठाइलानुहुन्थ्यो, हनोकलाई जस्तै। तर जबसम्म ख्रीष्ट येशू मर्नुभएन र मरेकाहरूबाट बौरिउठ्नुभएन, तबसम्म उहाँसितको मिलन र एकता अनि यस आत्मिक एकतासित सम्बन्धित सबै कुराहरूको अनुभव कसैले

पनि गर्न सक्दैनथियो। किनभने परमेश्वरले आफ्ना पुत्रमाथि आदरमाथि आदर थुपार्नुमा धेरै खुशी हुनुभयो र अति प्रसन्न हुनुहुन्छ।' 4)

भविष्यवक्ताहरूका आँखाहरूमा जुन कुराहरूमाथि घुम्टो लागेको थियो, ती कुराहरू अहिले छर्लङ्ग भए। पेन्टेकोष्टको दिनमा पवित्र आत्मा स्वर्गबाट ओर्लेर आउनुभयो। उहाँले प्रभु येशूका प्रेरितहरूलाई शक्ति दिनुभयो। अनि उनीहरूले नासरतको येशूको शुभ सन्देश प्रचार गर्न थाले। उहाँ नै भविष्यवक्ताहरूको पूर्वजानकारीअनुसारको मसीह हुनुहुन्थ्यो। उहाँ मानिसहरूका पापहरूका निम्ति मर्नुभयो; उहाँ गाड़िनु-भयो, र मरेको तेस्रो दिनमा मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो। प्रेरितहरूको घोषणा यस प्रकारको थियोः ख्रीष्ट येशूमाथि राखिएको विश्वासद्वारा मानिसहरूले मुक्ति पाउँछन्। अनि मुक्ति परमेश्वरको सित्तैंको दान हो। यस युगमा परमेश्वरको उद्देश्य सुदृढ़ छः उहाँ वर्तमान समयमा संसारका सबै जातिका मानिसहरूको बीचबाट आफ्नो नामका निम्ति एउटा निज जाति निकाल्नुहुन्छ। अनि एकदिन प्रभु येशू यस पृथ्वीमाथि फर्केर आउनुहुनेछ र यस संसारमाथि आफ्नो विश्वव्यापी सत्ता र शासन-अधिकार आफ्नो हातमा लिनुहुनेछ।

यस युगका विश्वासीहरूको सौभाग्य अपार छ; किनभने भविष्य-वक्ताहरूका आँखाको सामु लुकिरहेका कुराहरू उनीहरू छर्लङ्ग बुझ्ने भए। मुक्तिको सम्बन्धमा भएका तथ्यहरू यति गहकिला छन्, कि स्वर्गदूतहरूलाई यी कुराहरूभित्र हेरौं-हेरौं भइरहेको छ। नयाँ नियममा र पुरानो नियममा पनि स्वर्गदूतहरूको विशिष्ट स्थान छ। ख्रीष्ट येशूको जन्ममा, उहाँको परीक्षामा, गत्समनीमा उहाँको सङ्घर्षमा र उहाँको बौरिउठाइमा स्वर्गदूतहरू उपस्थित थिए। तर हाम्रो ज्ञानअनुसार पतित भएका स्वर्गदूतहरूका निम्ति छुटकाराको प्रबन्ध गरिएको छैन। प्रभु येशूले स्वर्गदूतहरूको पक्षमा होइन, तर अब्राहामको वंशको पक्षमा काम गर्नुभयो (हिब्रू २:१६)। अनि मण्डलीको विषयमा स्वर्गदूतहरूले कति पाठहरू सिक्नुपर्छ!! किनभने मण्डलीद्वारा परमेश्वरको नाना प्रकारको बुद्धि प्रकट हुनेछ (एफेसी ३:१०)। तर स्वर्गदूतहरूले हाम्रो आनन्दमा

प्रवेश गर्न पाउँदैनन्, जुन आनन्दचाहिँ हामीले मुक्ति पाएको फल हो । यो आनन्द तिनीहरूका निम्ति होइन ।

## ग) १ पत्रुस १ः१३-२ः३ः ख्रीष्ट-विश्वासीहरूको आत्मिक स्तरअनुसार उनीहरूको चालचलन मिल्नुपर्छ ।

**१ पत्रुस १ः१३ः** यस पददेखि लेखकको जोर अर्को कुरामा पर्न जान्छ। पत्रुसले अहिलेसम्म हाम्रो मुक्तिमा भएका गौरवहरू प्रस्तुत गर्दैथिए। तर यहाँदेखि तिनी क्रमशः केही अर्तीहरू दिँदै अघि बढ्छन्। यी अर्तीहरू अघि पेश गरिएका तथ्यहरूमाथि आधारित छन्। यसको विषयमा श्री जे. एच. जोवेटले भनेका छन्ः

'यहाँ प्रस्तुत गर्न लागेको आग्रह यस पत्रको परिचयरूपी सुसमाचारमाथि आधारित हुन्छ। ... किनकि सुसमाचारका यी सर्वोच्च तथ्यहरूको प्रस्तुतिबाट आत्मिक प्रेरणाले बल पाएको छ। सुसमाचारको कोखमा कर्तव्य-निष्ठता जन्मिन्छ र त्यहाँबाट कार्यकारी बनेर गतिशील हुन जान्छ।'[5)]

यी पवित्र जनहरूका निम्ति पत्रुसको पहिलो अर्ती यस प्रकारको छः *'तिमीहरूको मनको कम्मर कसेको हुनुपर्छ।'* मनमा कम्मर कस्नु साङ्केतिक भाषा हो। पूर्वीय देशहरूको कुरा होः मानिसहरूले लामा-लामा पाउसम्मको खुकुलो वस्त्र लाउने गर्थे र लाउने गर्छन्। अनि जब तिनीहरू कुनै बाधाविना छिटो-छिटो हिँड्न चाहन्थे, तब तिनीहरूले वस्त्रको फेर उठाएर बटुकाले कम्मरमा बाँध्थे, कस्थे (प्रस्थान १२ः११)। यस प्रकारले तिनीहरूले आफ्नो कम्मर कस्ने गर्थे। तब 'आफ्नो मनको कम्मर कस' भनेर पत्रुसको अर्तीको अर्थ के थियो ? यी ख्रीष्ट-विश्वासीहरूलाई एउटा विरोधी संसारमा जिउनु थियो। यसकारण उनीहरू आत्तिनुहुँदैनथियो र उनीहरूको ध्यान भङ्ग हुँदैनथियो। अनि सतावटमा परेको बेलामा उनीहरू घबराउनु, हड़बड़ाउनु र विचलित हुनु सम्भव थियो। कम्मर कसेको मन बलियो, सुदृढ़, शान्त र काम गर्न सधैं तम्तयार हुन्छ। मानिसहरूले सृजना गरेका बाधाहरू, तिनीहरूले देखाइदिएको डरत्रास र तिनीहरूबाट आएको सतावटदेखि यस्तो मनलाई कुनै नराम्रो असर हुँदैन।

उनीहरूलाई साहस दिने तिनको दोस्रो अर्ती होः *'सचेत रहो !'* मनको स्थास्थ्यको लागि यो सद्‌गुण पनि अनिवार्य हो । उन्मादको ठीक विपरीत सचेत रहनु हो । यो आत्मसंयम हो । सचेत मन स्थिर हुन्छ, अँ, सन्तुलित हुन्छ ।

पवित्र जनहरूको मन कस्तो हुनुपर्छ ? तेस्रो कुराः उनीहरूको मन आशाले पूर्ण हुनुपर्छ, निशान ताक्ने हुनुपर्छ । *'त्यस अनुग्रहमाथि पूर्ण आशा राख, जुन अनुग्रह येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ ल्याइनेछ ।'* ख्रीष्ट येशूको दोस्रो आगमन सुनिश्चित छ । विश्वासीहरूको जीवनमाथि आँधीबेह्रीहरू र सङ्कष्टहरू आइपर्छन् । यी कुराहरूको सामना गर्दा चाहिएको सहनशीलता उनीहरूलाई केले दिन्छ ? यसको निम्ति येशू ख्रीष्टको दोस्रो आगमनको निश्चयताचाहिँ हामीलाई करमा पार्ने प्रेरणा हुँदो रहेछ । येशू ख्रीष्टको प्रकाश भन्ने वाक्यले प्रायः उहाँको दोस्रो आगमनलाई सङ्केत गर्छ, जब उहाँ यस पृथ्वीमाथि फर्केर आउनुहुँदा आफ्नो महिमामा प्रकट हुनुहुनेछ । तर यसको सन्दर्भ ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिने क्षण पनि हुन सक्छ, जब ख्रीष्ट येशू आफ्ना पवित्र जनहरूका निम्ति आउनुहुनेछ ।

**१ पत्रुस १ः१४ः** यस खण्डको विषयवस्तु आज्ञाकारी मन हो (१ पत्रुस १ः१४-१६) । परमेश्वरका आज्ञाकारी छोराछोरीहरूले बितेको जीवनका पापहरूबाट फेरि कहिल्यै आनन्द नउठाऊन् र तिनलाई नदोहोर्‍याऊन् । यी पापहरू उनीहरूको बितेको जीवनको चरित्रका फलहरू थिए । तर अब उनीहरू ख्रीष्टका चेलाचेलीहरू भए । यसकारण अहिले उनीहरूको जीवन उनीहरूले स्वीकार गरेको प्रभुको नामको योग्य हुनुपर्छ । उहाँ उनीहरूको आदर्श र नमुना हुनुहुन्छ र हुनुपर्छ । उनीहरूले भक्तिहीन संसारसित एकनाश भए भने, उनीहरूले आफ्नो स्वर्गीय चरित्र इन्कार गरेका हुन्छन् । उनीहरूले जेजस्तो पाप गरेका थिए, त्यो उनीहरूको अज्ञानताको फल थियो, त्यो उनीहरूले अज्ञानताको समयमा गरे । यो काफी भयो । अब पवित्र आत्माको प्रकाश पाएपछि उनीहरूले यी पापमय कुराहरू आफ्नो जीवनबाट हटाउनुपर्छ । 'पहिलेका अभिलाषाहरू' भन्नाले ती पापहरू

बुझिन्छन्, जुन पापहरूको आनन्द उनीहरूले त्यस बेलामा उपभोग गर्थे, जुन बेलामा उनीहरू परमेश्वरको विषयमा अनजान थिए।

**१ पत्रुस १:१५:** भक्तिहीन संसारको शैली र ढाँचा नकल गर्ने कुरा पर जाओस्! हाम्रो जीवन पवित्र हुनुपर्छ; हामीलाई बोलाउनुहुने प्रभुको पवित्र सद्‌गुण हाम्रो जीवनमा पैदा हुनुपर्छ। भक्त हुनुको खास अर्थ परमेश्वरको जस्तो हुनु हो। अनि परमेश्वर पवित्र हुनुहुन्छ, अँ, आफ्ना सबै कामकुरा-हरूमा उहाँ पवित्र हुनुहुन्छ। अनि हामी उहाँजस्तो हुनु हो भने हामी पनि आफूले गरेको हरेक काममा र आफूले बोलेको हरेक वचनमा पवित्र हुनुपर्छ। यस जीवनको अवधिमा हामी उहाँजतिकै पवित्र कहिल्यै हुन सक्दैनौं, तर पनि हामी पवित्र हुनुपर्छ; किनभने उहाँ पवित्र हुनुहुन्छ।

**१ पत्रुस १:१६:** परमेश्वर आफ्ना जनहरूलाई आफूजस्ता भएका चाहनुहुन्छ। पत्रुसले पुरानो नियमबाट आफ्नो यो तर्क पुष्टि गर्ने प्रमाण झिकाउँछन्। लेवी ११:४४ पदमा परमप्रभुले यसो भन्नुभयोः *'पवित्र होओ, किनकि म पवित्र हुँ।'* ख्रीष्ट-विश्वासीहरूभित्र वास गर्नुभएको पवित्र आत्माद्वारा उनीहरूले पवित्र जीवन जिउने शक्ति पाउँछन्। पुरानो नियमको समयमा बाँचिरहेका पवित्र जनहरूले यस प्रकारको सहायता र आशिष पाएका थिएनन्। तर हाम्रो सौभाग्य तिनीहरूको भन्दा बढ़ी हो भने हाम्रो जिम्मेवारी पनि बढ़ी हो। पत्रुसले लेवीको पुस्तकबाट यो पद उद्धृत गरे। तिनको लेखमा यस पदले एउटा नयाँ गहन अर्थ पायो, नयाँ नियम-अनुसारको अर्थ पायो। पुरानो नियमको समयमा पवित्रताचाहिँ परमेश्वरको आदर्श थियो। तर बाहिरी पवित्रता र भित्री पवित्रतामा धेरै फरक छ। अनि यो भित्री पवित्रता सत्यताको आत्माको फल हो। सत्यताको आत्मा आइसक्नुभएपछि भित्री पवित्रता एउटा वास्तविक गुण हुन गयो, हाम्रो दैनिक जीवनलाई असर पार्ने ईश्वरीय सद्‌गुण हो।

**१ पत्रुस १:१७:** पवित्र हुने मनसाय अपनाउनुको साथै हामी भक्तिभयको श्रद्धालु मनका हुनुपर्छ। हाम्रा निम्ति पत्रुसको छैटौं अर्ती यो हो। श्रद्धालु मनको हुनु भनेको ईश्वरको भयले प्रेरित भएको गम्भीर आदर-भाव अपनाउनु हो, जुन आदर-भावले परमेश्वरको गुण गहन रूपले

मूल्याङ्कन र गुणगान गर्छ। के हामीले बुझेका छौं ? उहाँ जसलाई हामी पिता भनेर पुकार्छौं, उहाँ त्यही परमेश्वर हुनुहुन्छ, जसले आफ्ना छोराछोरीहरूको धर्ममय न्याय गरेर उनीहरूलाई उनीहरूका कामहरूको प्रतिफल दिनुहुनेछ। उहाँको ज्ञान अपार छ र उहाँको न्याय सठीक हुन्छ। यो कुरा बुझेर हामीले उहाँलाई कतै बेखुशी तुल्याउँछौं कि भन्ने स्वास्थ्यकर डर राखेर आफ्नो जीवन व्यतीत गर्नुपर्छ। परमेश्वर पिताले आफ्ना छोराछोरीहरूलाई यस जीवनमा न्याय गर्नुहुन्छ; तर पापी मानिसहरूको न्यायचाहिँ उहाँले प्रभु येशूलाई सुम्पनुभयो (यूहन्ना ५ः२२)।

यस सम्बन्धमा श्री विलियम लिन्कल्नले निम्न शब्दहरू लेखेका छन्ः

'हामीमा उहाँलाई खुशी पार्ने इमानदार अभिप्राय छ कि छैन ? यसो गर्न हाम्रो मनमा बुद्धि-विवेक र हाम्रो हृदयको साँचो चाहना छ कि छैन ? परमेश्वर पिताले यी सबै कुराहरूमा आफ्नो विचार पुऱ्याउनुहुन्छ र यी कुराहरूको ख्याल राख्नुहुन्छ।' 6)

यस पृथ्वीमा हाम्रो समय हामीले डरसहित बिताउनुपर्छ। यो संसार ख्रीष्ट-विश्वासीहरूको घर होइन। स्वर्गदेखि बाहिर जहाँ भए पनि, जहाँ गए पनि हाम्रो निम्ति परदेश हो; हामी परदेशमा जिइरहेका छौं। यसकारण यो संसार हाम्रो स्थायी घर मानेर हामीले यसलाई आफ्नो दीर्घकालीन बसाइ तुल्याउनुहुँदैन। अनि हामीले यस संसारका बासिन्दाहरूको व्यवहार देखासिकी गर्नुहुँदैन। हामीले आफ्नो स्वर्गको घरको सम्झना सदैव जारी राख्नुपर्छ र सधैं स्वर्गका नागरिकको व्यवहार देखाउनुपर्छ।

**१ पत्रुस १ः१८ः** प्रभुकहाँ फर्कनुभन्दा अघि ख्रीष्ट-विश्वासीहरू र संसारका अरू मानिसहरूको बीचमा केही भिन्नता थिएन। उनीहरूको बोली र चाल अरू मानिसहरूको बोली र चालजस्तो व्यर्थ र अर्थहीन थियो। प्रभुकहाँ फर्कनुभन्दा अघिको उनीहरूको जीवनको वर्णन कसरी गर्ने ? पत्रुसले यहाँ उनीहरूको अघिको जीवनका निम्ति *'तिमीहरूका पितापुर्खाहरूदेखि चलिआएको तिमीहरूको व्यर्थको चालचलन'* भन्ने शब्द

पाएका छन्। तर अति ठूलो दामको भुक्तानीमा उनीहरूले अहिले यस प्रकारको व्यर्थ अस्तित्वबाट छुटकारा पाएका छन्। छुटकाराको अपार दामको लेनदेनमा उनीहरू एकैपल्टमा संसारको चालसित एकसमान हुनुपर्ने दासत्वबाट मुक्त भएका छन्। यी अपहरणको शिकार बनेकाहरू मुक्त गर्न यस दिव्य छुटकाराको दाम चाँदी वा सुन थिएन, अवश्य थिएन (प्रस्थान ३०:१५)।

**१ पत्रुस १:१९:** होइन नि! उनीहरूको छुटकाराको दाम ख्रीष्टको बहुमूल्य रगत थियो; उहाँको रगत सिद्ध, खोटरहित थुमाको रगत ठहरियो। ख्रीष्ट येशू त्यो निर्दोष र निष्कलङ्क थुमा हुनुहुन्छ। किनकि उहाँ भित्री-बाहिरी जुनसुकै तवरले सम्पूर्ण रूपले दोषरहित हुनुहुन्छ। हे ख्रीष्ट-विश्वासीहो, के तपाईं कतै संसारका सुखविलासहरू र मनोरञ्जन-हरूतिर फर्केर जाने परीक्षामा, अँ, संसारका रीतिहरू अपनाएर त्यसको ढाँचामा चल्ने र संसारका झूटा मार्गहरूमा चलेर त्योजस्तो व्यर्थ हुने परीक्षामा पर्नुभएको छ? तब याद गर्नुहोस्! यस प्रकारको व्यर्थको जीवनबाट बचाउन प्रभु येशूले तपाईंका निम्ति आफ्नो बहुमूल्य रगत बगाउनुभयो। संसारमा फर्कनु भनेको असाध्य ठूलो खर्चमा विशाल खाड़माथि खड़ा गरिएको पुलबाट यता आइसकेर फेरि पनि त्यो पुल तरेर उता जानु हो। अनि यो त पक्का पनि हाम्रा मुक्तिदाता प्रभुप्रति ठूलो विश्वासघात ठहरिन्छ।

यस महान् बलिदानदेखि आफ्नो मूल्याङ्कन शुरु गरेर पापको गहनता बुझ्ने कोशिश गर्नुहोस्! त्यसपछि परमेश्वरको पुत्रको जीवनको दाम लाग्ने त्यस दुष्ट चीजसित एकैपल्टमा सधैंका निम्ति आफ्नो सम्बन्ध काटिदिने अठोट गर्नुहोस्!

**१ पत्रुस १:२०:** हाम्रा निम्ति पूरा गरिएको ख्रीष्टको त्राणको काम परमेश्वरको अनुबोधको फल होइन। होइन, किनभने संसारको उत्पत्ति-भन्दा पहिले मुक्तिदाताको त्राणात्मक मृत्यु तय गरिसकेको थियो। तर समयहरूको अन्तमा अर्थात् व्यवस्थाको युगको अन्ततिर उहाँ स्वर्गबाट यस हेतुले प्रकट हुनुभयो, कि उहाँले हामीलाई बितेको जीवनको व्यर्थ

चालबाट मुक्त गरिदिऊन् । यस विषयमा श्री विलियम लिन्कल्नले आफ्नो टिप्पणीमा यसो भनेका छन्ः

‘ “यी अन्तिम समयहरूमा” भनेको मतलब ख्रीष्ट येशूको क्रूसको मृत्युसित संसारको नैतिकताको इतिहास समाप्त भयो; किनकि त्यस ठाउँमा संसारले आफ्नो अनैतिकता कहाँसम्म पुग्ने हो, सो पूरा रूपले प्रकट गऱ्यो, अनि परमेश्वरको सामु मानिसको नैतिकता भन्ने कुरा सधैंको लागि शेष भयो ।’ 7)

जुन संसारको नियमव्यवस्थाबाट हामीलाई छुटकारा दिन ख्रीष्ट येशू मर्नुपऱ्यो, त्यस संसारको नियमव्यवस्थासितको हाम्रो सम्बन्ध सधैंका निम्ति काटिदिन कति महत्त्वपूर्ण रहेछ, सो कुराले हामीमाथि अझ गहन छाप पारोस् भन्ने हेतुले पत्रुसले यहाँ, यस खण्डमा आफ्ना विचारहरू पोखेका छन् । हामी संसारमा जिउँछौं, तर हामी संसारका होइनौं । यसकारण हामीले नयाँ जीवन नपाएका मानिसहरूबाट आफूलाई अलग पार्नुपर्दैन, तर सुसमाचारको सन्देश तिनीहरूकहाँ पुऱ्याउनुपर्छ । तर संसारका मानिसहरूसित हाम्रो लेनदेन, हाम्रो व्यवहार र हाम्रा अन्य सम्बन्धहरू राख्दा हामी तिनीहरूका पापहरूमा सहभागी हुनुहुँदैन र सरोबर गर्नुहुँदैन, अँ, तिनीहरूका पापहरू अनदेखी गर्नुहुँदैन । हामीले आफ्नो जीवनबाट हामी परमेश्वरका छोराछोरीहरू भएको कुरा देखाउन सक्नुपर्छ । जुन घड़ीमा हामी संसारसित एक हुन्छौं, त्यस घड़ीमा हाम्रो साक्षी कमजोर भइहाल्छ । हाम्रो जीवनमा कुनै परिवर्तन, कुनै सुधार, कुनै उन्नति आएन भने, अँ, हाम्रो जीवन र संसारका मानिसहरूको जीवनमा कुनै भिन्नता छैन भने सांसारिक मानिसहरूले प्रभुकहाँ फर्कने कुनै हौसला वा चुनौती पाउँदैनन् ।

**१ पत्रुस १ः२१ः** *‘तिमीहरू उहाँद्वारा परमेश्वरमाथि विश्वास गर्ने भयौ’* भन्ने वाक्यमा गहकिलो अर्थ छ; त्यसले हामीलाई प्रभु येशूप्रति निष्ठावान् हुने बाध्यता पार्छ । किनभने प्रभु येशूले नै पिताको प्रेम हामीलाई प्रकट गर्नुभयो । यस विषयमा श्री डब्ल्यू. टी. पी. वोल्स्टोनले यसो भनेका छन्ः

'मानिसले परमेश्वरलाई चिन्छ भने, उसले न सृष्टिद्वारा, न प्रकृतिको खेल वा संयोगको फल, न ता मोशाको व्यवस्था आदि कुराद्वारा यसो गर्छ, तर मानिसले परमेश्वरलाई केवल येशू ख्रीष्टद्वारा चिन्न पाउँछ।' [8)]

परमेश्वर पिताले ख्रीष्ट येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो र उहाँलाई ठूलो सम्मान दिएर उहाँलाई स्वर्गको सर्वोच्च महिमाको स्थान प्रदान गर्नुभयो। यसको मतलब यो होः परमेश्वर पिताले आफ्नो पुत्र येशूको त्राणको काममा सम्पूर्ण रूपले सन्तुष्टि पाउनुभयो र यसरी नै आफ्नो खुशी प्रकट गर्नुभयो। यस सबमा परमेश्वरको उद्देश्य के हो? जब हाम्रो विश्वास र आशा परमेश्वरमाथि रहन्छ, तब यसमा परमेश्वरको उद्देश्य पूरा भयो। किनभने उहाँमा नै हामी जिउँछौं, हिँड्डुल गर्छौं र अस्तित्व राख्छौं – वर्तमान दुष्ट संसारमा होइन।

**१ पत्रुस १ः२२ः** अबदेखि प्रेरित पत्रुसले आफ्नो पाठकवर्गलाई उनीहरूसँग प्रेमले भरिएको मन हुनुपर्छ भन्ने आग्रह गर्छन् (१ पत्रुस १ः२२-२ः३)। पहिले, तिनले नयाँ जन्मको छोटो बयान गर्छन्, र यस नयाँ जन्मले हामीमा ल्याएको एउटा प्रमुख भिन्नतामा जोड़ गर्छन्ः हामीले आफ्ना भाइहरूलाई प्रेम गर्छौं (१ पत्रुस १ः२२[क])। त्यसपछि तिनले उनीहरूलाई *'एक-अर्कालाई चोखो हृदयले गहिरो प्रेम गर'* भन्ने आदेश दिन्छन् (१ पत्रुस १ः२३[ख])। फेरि पनि तिनको विचार त्यस नयाँ जन्ममा फर्कन्छ। त्यो नयाँ जन्म कहाँबाट आउँछ? त्यो नयाँ जीवन पैदा गर्ने बीउ के हो? यो हो परमेश्वरको वचन (१ पत्रुस १ः२३-२५)। अनि जस-जसले परमेश्वरको वचन ग्रहण गरे, उनीहरूका निम्ति प्रमुख जिम्मे-वारीहरू के-के हुन्, सो कुरा तिनले १ पत्रुस २ः१-३ पदको खण्डमा पेश गर्छन्।

१ पत्रुस १ः२२[क] पदमा पत्रुसले नयाँ जन्मको वर्णन पहिले यसो गरेका छन्ः *'... तिमीहरूले आफ्ना मनहरू शुद्ध पारेका छौ।'* खास कुरा के हो भने, जुन बेलामा हामीले मुक्ति पायौं, त्यस बेलामा हामीले होइन, तर परमेश्वरले हाम्रा मनहरू शुद्ध पार्नुभयो। किनभने खाँटी अर्थअनुसार कुरा यस्तो छः आफ्नो व्यक्तिगत पवित्रता ल्याउन सक्ने शक्ति हामीसँग हुँदैन।

तर साङ्केतिक अर्थमा यहाँको कुरा ठिक्कै छ; किनकि हामीमध्ये जतिजनाले आफ्नो मनको शुद्धीकरण अनुभव गर्‍यौं, हामी सबैजनाले विश्वास गरेर यसो गरेका हौं।

हाम्रो मनको शुद्धीकरणको माध्यम के हो ? सत्यताको आज्ञापालन गर्नु हो। पत्रुसले मुक्ति दिलाउने विश्वासचाहिँ हाम्रो आज्ञापालन गरेको फल हो भनेर भनेको यो तिनको दोस्रो पल्ट हो (१ पत्रुस १ः२)। अनि रोमीहरूलाई लेखेको पत्रमा पनि प्रेरित पावलले दुईपल्ट 'विश्वासप्रति आज्ञापालन गर्नु वा आज्ञाकारी हुनु' भन्ने शब्द चलाए (रोमी १ः५ र १६ः२६)। यसकारण हामी आफ्नो दिमागमा विश्वास र आज्ञाकारिताको बीचमा छुट्ट्याउने कोशिश नगरौं ! साँचो विश्वास आज्ञापालन गर्ने र आज्ञाकारी हुने विश्वास हो। तर यो आज्ञाकारिता केवल आत्माद्वारा अर्थात् पवित्र आत्माको शक्तिमा गरिन्छ। [9)]

हाम्रो नयाँ जन्म भएका उद्देश्यहरूमध्ये एउटाचाहिँ हामीमा भाइहरूप्रति निष्कपट प्रेम पैदा गर्नु हो। वास्तवमा हामीले मुक्ति यस हेतुले पायौं, कि हामीले आफ्ना सबै सङ्गी-विश्वासीहरूलाई चोखो हृदयले प्रगाढ़ प्रेम गरौं। हामी आफ्नो विषयमा मृत्युदेखि जीवनमा सरेको कुरा कसरी निश्चित रूपले जान्न सक्छौं ? हामीले आफ्ना भाइहरूलाई प्रेम गरेकोबाट यो जान्दछौं (१ यूहन्ना ३ः१४)। अनि संसारले हामीलाई प्रभु येशूका चेलाहरूको रूपमा कसरी चिन्दछ ? हामीले एक-अर्कालाई प्रेम गरेकोबाट संसारले हामीलाई चिन्दछ (यूहन्ना १३ः३५)।

तब 'एक-अर्कालाई चोखो हृदयले प्रेम गर' भन्ने आदेश यहाँ सठीक ठाउँमा हालिएको छ। यो आज्ञा सन्दर्भको फल हो। नयाँ नियमभरि यस विषयमा धेरै सन्दर्भका पदहरू छन्, जुन पदहरूमा प्रसङ्गबाट एक-अर्कालाई प्रेम गर्ने आज्ञा उठेको हुन्छ। सिलसिला यस प्रकारको छः 'भाइहरूलाई निष्कपट प्रेम गर्नलाई तिमीहरूले आफ्ना मनहरू शुद्ध पारेका छौ।' अनि प्रसङ्गबाट उठेको आज्ञा यो होः यसकारण एक-अर्कालाई चोखो हृदयले प्रगाढ़ प्रेम गर !' यसरी नै हाम्रो आत्मिक स्तर हाम्रो व्यवहारको सत्‌आधार हुन्छ। अनि एक-अर्काको निम्ति हाम्रो प्रेम कस्तो

हुनुपर्छ ? हाम्रो प्रेम न्यानो प्रेम, सम्पूर्ण हृदयले गरेको प्रेम, हाम्रो सारा बलले गरेको प्रेम, अँ, इमानदार, अटुट र चोखो प्रेम हुनुपर्छ ।

सतावटमा परेका भाइबहिनीहरूका निम्ति 'एक-अर्कालाई प्रेम गर' भन्ने आज्ञा एकदम समुचित, समयानुकूल हो; किनभने सबैलाई विदितै छ, कि कठिनाइमा परेको अवस्थामा सानो मतभेदको कुराले पनि विकराल रूप लिन्छ ।

**१ पत्रुस १ः२३ः** अनि प्रेरित पत्रुसले आफ्ना पाठकहरूलाई फेरि नयाँ जन्म भएको क्षणमा फर्केर लान्छन् । तर अबचाहिँ तिनले उनीहरूमा त्यो नयाँ जन्म पैदा ल्याएको बीउको कुरा गर्छन्ः त्यो बीउ परमेश्वरको वचन हो । १ पत्रुस २ः१-३ पदमा दिइएका सबै अर्तीहरू नयाँ जन्म आधारित र परमेश्वरको वचन सम्बन्धित छन् ।

हाम्रो नयाँ जन्मचाहिँ एउटा अविनाशी बीउको फल रहेछ, त्यो त शरीरको जन्मजस्तै हुँदो रहेछ । मानिसको जीवन एउटा यस्तो वीर्यबाट पैदा हुन्छ, जुन वीर्य प्राकृतिक नियमहरूको अधीनतामा रहनुपर्छ, जस्तै खिएर क्षय हुने नाश र मृत्यु आदि नियमहरू । अनि शारीरिक जीवन त्यसलाई पैदा गरेको वीर्यको जस्तो हुन्छ, र उस्तै-उस्तै गुणको हुन्छ; किनकि त्यो पनि नाशवान् हो ।

नयाँ जन्म परमेश्वरको वचनद्वारा पैदा गरिन्छ । जब मानिसहरूले कि त सुसमाचारको वचन सुन्छन् कि त पवित्र बाइबलको वचन पढ्छन्, तब तिनीहरू आफ्ना पापहरूको विषयमा कायल हुन जान्छन्, र ख्रीष्ट येशू एकमात्र मुक्तिदाता र तिनीहरूका पापहरू पूरा रूपले ढाकिदिने प्रायश्चित्त हुनुहुन्छ भन्ने कुरामा सुनिश्चित भएका हुन्छन्; यसकारण तिनीहरू परमेश्वरकहाँ फर्कन्छन् । परमेश्वरको अविनाशी वचनले मानिसको जीवनमा कुनै न कुनै प्रकारले कार्यकारी भएको हुनुपर्छ, नत्र ता कुनै मानिसले मुक्ति पाउँदैन ।

यस विषयमा श्री शमूएल रिडूले 'न्यूमेरिकल बाइबल'मा आफ्नो टिप्पणी गर्दा यसो लेखेका छन्ः

'... पत्रुसको पहिलो पत्रको एक अध्यायमा हामीले तीनवटा अविनाशी कुराहरूको विषयमा पढ़ेका छौंः क) अविनाशी पैतृक-सम्पत्ति अर्थात् उत्तराधिकारको अमर भाग (१ पत्रुस १ः४), ख) अविनाशी छुटकाराको दाम (१ पत्रुस १ः१८-१८) र ग) अविनाशी वचन, जसद्वारा हाम्रो नयाँ जन्म भएको छ (१ पत्रुस १ः२३)। यसो भए, हामीसँग एउटा यस्तो नयाँ ईश्वरीय स्वभाव छ, जुनचाहिँ कुनै हालतमा पनि कलङ्कित हुन सक्दैन, जुन स्वभाव त्यो विशुद्ध अधिकारको भाग उपभोग गर्न पूरा सक्षम हुन्छ; यो कुरा एउटा यस्तो छुटकाराको दाममाथि निर्भर गर्छ, जुन छुटकाराको दामको मूल्य कहिल्यै, अँ, कहिले पनि घटेर कम हुन जानेछैन। अनि यी सबै कुराहरूमाथि हामी अमर सिद्धताको छाप यसरी लगाइहालौंः नम्र र शान्त आत्मारूपी त्यो अविनाशी सिँगार, जुन सिँगार यी उक्त तीनवटा कुराहरूको सुहाउँदो सङ्गी हुन्छ (१ पत्रुस ३ः४)।' [10)]

परमेश्वरको वचनचाहिँ जिउँदो वचन, सधैंभरि रहिरहने वचन हो[11)]। आकाश र पृथ्वी बितेर जानेछन्, तर प्रभुको वचन कहिल्यै बितेर जानेछैन। परमेश्वरको वचन स्वर्गमा सदा-सर्वदा स्थिर रहन्छ (भजन ११९ः८९)। अनि अविनाशी वचनले पैदा गरेको त्यो नयाँ जीवन पनि अमर र अनन्त हुन्छ। परमेश्वरको वचनको कार्यद्वारा नयाँ जन्म पाएकाहरू सबैजना परमेश्वरको वचनको अनन्त गुणमा सहभागी भए।

मानिसको जन्मको कुरा गरौंः जुन वीर्यले एउटा बालबालिकालाई पैदा गर्छ, त्यस वीर्यमा त्यस जन्म लिने बालबालिकाका जम्मै गुणहरू अणुको रूपमा समावेश हुन्छन्। यसो हो भने, त्यो बालबालिका केकस्तो हुनेछ, यो सब त्यस वीर्यमा भर पर्छ र त्यस वीर्यद्वारा सुनिश्चित गरिएको हुन्छ। तर प्रासङ्गिक हिसाबले हालैमा यति नै बुझ्नु पर्याप्त छ, कि मानिसको जीवन पैदा गर्ने वीर्य नाशवान् भएको हुनाले मानिसको जीवन पनि नाशवान् नै हुन्छ।

**१ पत्रुस १ः२४ः** यहाँ यशैया ४०ः६-७ पदको खण्ड उद्धृत गरेको उद्देश्य मानिसको स्वभाव कति अस्थायी हो, सो कुरामा जोड़ दिनु हो। मानिसको जीवन घासजस्तै क्षणिक हो। शरीरको सुन्दरता मैदानको

फूलजस्तै क्षणभङ्गुर हो । घास ओलिन्छ र त्यसको फूल लत्रिन्छ, झर्छ र मर्छ ।

**१ पत्रुस १:२५:** तर प्रभुको वचन सधैंभरि रहिरहन्छ (यशैया ४०:८) । यसकारण ख्रीष्ट-विश्वासीले पाएको नयाँ जीवन त्यस्तै गरी एउटा अविनाशी जीवन हो। यो अविनाशी वचन त्यही सुसमाचारको सन्देश थियो, जुन सुसमाचार पत्रुसका पाठकहरूलाई अघि कुनै समयमा प्रचार गरिएको थियो, अनि त्यही सुसमाचारको वचनले उनीहरूमा यो नयाँ जन्म पैदा गरेको थियो । त्यही सुसमाचार उनीहरूलाई अनन्त जीवन दिने स्रोत थियो ।

**१ पत्रुस २:१:** ख्रीष्ट-विश्वासीहरू ईश्वरीय जीवनका भागीदार भएका हुनाले उनीहरूले निम्न सबै अप्रिय कामकुराहरू सधैंका निम्ति फाल्नुपर्छः

***क) वैरभावः*** वैरभाव गर्ने मानिसको मनचाहिँ कुनै दोस्रो व्यक्तिको विषयमा दुष्ट विचारहरू मच्चिने अड्डा भएको हुन्छ। विरोध वैरभावको फल हो, र वैरभाव विरोधको उपकरण गर्ने वस्तु हो। यसबाट मनमुटावहरू आउँछन् । यो त अरू कसैको विषयमा आफ्नो मनमनैमा त्यसको साटो फेर्न, बदला लिन पाए कति राम्रो हुने, त्यसको हानि भएको वा त्यो अशुभ घटनामा परेको चाहना खेलिबस्नु हो । श्री जर्च वाशिङ्टन कार्वरले विश्वविद्यालयमा भर्ना हुन पाएनन्; किनभने तिनी श्याम-वर्णका मानिस थिए। निक्कै वर्षपछि यसको विषयमा एकजनाले विस्तृत जानकारी लिन खोज्दा तिनले यस प्रकारको जवाफ दिएः 'त्यो कुरा छोड़िदिनुहोस्! अहिले त्यसको कुनै पर्वाह छैन।' यसर्थ तिनको मनमा यसको बारेमा कुनै वैरभाव थिएन रहेछ।

***ख) छलः*** इमानदारी नभएको हरेक प्रकार छल हो; त्यसलाई चालबाजी भनौं, धोकाबाजी भनौं, धूर्तता वा चालाकी भनौं – त्यसका रूपहरू कति छन्, कति ! ! आयकरको फार्ममा झूटमूटको विवरण दिनु छल हो। परीक्षामा चोर्नु छल हो। अँ, उमेरमा ढाँट्नु छल हो। कर्मचारीहरूलाई घूस दिनु छलको काम हो। अनि सबै नीच व्यापार-धन्दाहरू छलका कामहरू हुन् ।

***ग) कपटः*** कपटलाई हामी अरू कुन-कुन नाम दिऔं ? बेइमान हुनु कपट हो; बहाना गर्नु र हर प्रकारको देखावटी, नक्कली र बनावटी कपट हो। ढोंग, स्वाङ र आडम्बर देखाउनु खास कपट हो। कपटीचाहिँ अभिनय गर्ने अभिनेता हो, जसले अरू कसैको भेष लिन्छ। कसैले वैवाहिक जीवनको सुख उठाएको बहाना गर्छ, जब त्यसको घर वास्तवमा लड़ाइँ र झगड़ाको रणभूमि हो। आइतबारपिच्छे कसैले भक्तिको भेष धारण गर्छ, तर हप्ताभरि त्योजस्तो शारीरिक र लमपट मान्छे अरू कोही छैन होला। कसैको अरूको भलाइ र कल्याण गरेको भेष त छ, तर वास्तवमा त्यसका सबै अभिप्रायहरू स्वार्थी हुन्छन्।

***घ) डाहाः*** डाहा भन्नाले हिचकिच र लाज नलाग्ने ईर्ष्या हो। श्री डब्ल्यू. ए. वाइनले डाहाको परिभाषा यस प्रकारले दिन्छन्ः 'अरूको उन्नति र प्रगति देख्ने वा अरूको समृद्धिको बारेमा सुन्ने मानिसको मनमा पैदा हुने तिक्त, साह्रो नमीठो लाग्ने अनुराग हो।' मत्ती २७ः१८ पदअनुसार मुख्य पूजाहारीहरूको मनबाट उठेको डाहाले तिनीहरूलाई प्रभु येशू राज्यपाल पिलातसको हातमा सुम्पन लगाएको थियो। अनि डाहाले अझै पनि हत्या गर्छ-गर्छ। अरूका घरहरू आफ्नो भन्दा राम्रा, अरूका सब्जीबारीहरू आफ्नो भन्दा असल, अरूका लुगाहरू आफ्नो भन्दा दामी, अरूको पकाउने सीप र कला आफ्नो भन्दा बढ़ी भएको देखेर आम्मै हो, कति दिदीबहिनीहरू रिसले भुतुक्कै जल्छन्, र तिनीहरूको अनुहारमा क्रोधले भरिएको हेराइ हुन्छ। मुखमा 'राम-राम', गोजीमा छुरी भनेजस्तै कसैले आफ्नो मुखले साथीलाई उसको नयाँ कार वा मोटर साइकलका निम्ति वाह-वाह गरेर झूटो तारिफ गर्ला, तर आफ्नो मनमनैमा यसो भन्लाः 'पख्, एकदिन म त्योभन्दा दामी र त्योभन्दा बढ़िया कार वा साइकल किनेर तँलाई देखाइदिनेछु।'

***ङ) खराब बोलीः*** चुक्ली लाउनु, नचाहिँदो गफगाफ गर्नु, दोष लाउनु, आरोप-प्रतिआरोप गर्नु, मुख लाउनु, मुख छाड्नु, अश्लील गाली, निन्दा गर्नु आदि सबै कुराहरू खराब बोली भनिन्छ। तर अर्कोमाथि हिलो छ्यापेर आफू शुद्ध हुने नै होइन। तब अरूको निन्दा किन गर्ने ?

निन्दाचाहिँ निम्न छद्म भेष लिन सक्छ। 'त्यो बहिनी कति प्रिया बहिनी हो, तर उसमा यो एउटै कमी छ ...' भनेर त्यस बहिनीको ढाड़मा छुरी हानिन्छ। अनि हाम्रो खराब बोली धर्मको भेष पनि लिन सक्छ, जस्तै 'यो एउटा प्रार्थनाको विषय हो; के फलानाले यसोउसो गरेको तपाईंलाई थाहा छ?' भनेर भनिन्छ, त्यसपछि लगात्तै कसैको मानहत्या गरिन्छ।

यी सबै पापहरूद्वारा 'आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर' भन्ने आधारभूत आज्ञा उल्लङ्घन गरिन्छ। यसकारण प्रेरित पत्रुसले हामीलाई 'यी कुराहरूदेखि मुक्त हुन दृढ़ सङ्कल्प गर' भन्ने आदेश दिएका छन्।

**१ पत्रुस २:२:** यी दुष्ट कुराहरू हटाउनु हाम्रो पहिलो कर्तव्य हो भने, हाम्रो दोस्रो जिम्मेवारी यस प्रकारको छः हामीले वचनको विशुद्ध आत्मिक दूधको तिर्सना गर्नुपर्छ। यो नयाँ जन्मको अनिवार्य फल हो। १ पत्रुस २:१ पदमा उल्लेख गरिएका पापहरूले हाम्रो आत्मिक उन्नतिमा बाधा पार्छन्, रोकावट ल्याउँछन्। तर परमेश्वरको उत्तम वचनले हामीलाई पालनपोषण गर्छ र हाम्रो आत्मिक वृद्धि गराउँछ।

'नयाँ जन्मेका बालकहरूजस्तै' भन्ने वाक्यांशबाट हामी पत्रुसको पत्रका यी प्रापकहरू नयाँ विश्वासी थिए भन्ने निष्कर्षमा आइपुग्नुहुँदैन। हुन सक्छ, उनीहरूले केही वर्षअघि मुक्ति पाएका थिए। तर दुवै विश्वासमा कलिलाहरू र विश्वासमा पाकाहरूले वचनको तृष्णा गर्नुपर्छ, जसरी नयाँ जन्मेका बालकहरूले रुँदै-रुँदै आमाको दूधको तृष्णा गर्छन्। सुस्वस्थ बालकलाई केले चिनिन्छ? उसले आमाको दूध कसरी पिउँछ, सो कुरामा तपाईंले ध्यान दिनुहोला। त्यो बालक कति अधीर हुन्छ; त्यसले आफ्नो उद्देश्य छोड्दै छोड्दैन। तपाईंले त्यसको हाउभाउ हेर्नुहोला; त्यसको शरीरको भाषा अध्ययन गर्नुहोला; अनि त्यसले दूध कसरी तनतन्ती चुस्छ, कसरी चटपटिएर दूध निल्छ, सो कुरामा ध्यान दिनुहोला, तब कुनचाहिँ बालक स्वस्थ छ, सो तपाईंले चिन्नुहुन्छ।

वचनको विशुद्ध दूधद्वारा ख्रीष्ट-विश्वासी आत्मिक रूपले बढ्छ।[12] अनि हाम्रो जीवनमा जुन आत्मिक वृद्धिको विषयमा हामी यहाँ कुरा गर्छौं, त्यो सम्पूर्ण आत्मिक वृद्धिको एकमात्र लक्ष्य हाम्रा प्रभु येशू ख्रीष्टको रूप धारण गर्नु हो।

**१ पत्रुस २ः३ः** *'यदि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुरा तिमीहरूले साँच्चै चाखेका छौ भने;'* विशुद्ध आत्मिक दूधको तृष्णा गर्ने कत्रो प्रेरणा ! अनि 'यदि .. भने' को शब्दको अर्थ यस कुराको बारेमा शङ्का पैदा गर्नु होइन। किनभने प्रभु भलो हुनुहुन्छ भन्ने कुरा हामीले चाखेका छौं, हामीले थाहा पाइसकेका छौं (भजन ३४ः८)। उहाँको क्रूसको बलिदानमा हामी आफ्ना निम्ति उहाँको अवर्णनीय भलाइ र उहाँको अपार दया देख्छौं (तीतस ३ः४)। उहाँको महान् दयाको जुन मिठास हामीले चाख्यौं, त्यस मिठासले हाम्रो र्‍याल चुहाउनुपर्नेथियो, र हामीमा उहाँप्रति हाम्रो अभिरुचि झन्-झन् बढ़ाउनुपर्नेथियो। उहाँसितको घनिष्ठताले हामीलाई जुन गुलियो, मीठो स्वाद दिलाएको छ र दिलाउँछ, त्यही मीठो स्वादले हामीमा कतै उहाँबाट भड्किहिँड्न पुगौंला भन्ने डर पैदा गरोस्, र यस प्रकारको सम्भवतः विचार समेत हामीबाट सधैंका निम्ति टाढ़ा गराइ-दिओस् !

## घ) १ पत्रुस २ः४-१०ः नयाँ आत्मिक समाजमा र पूजाहारीगिरीअन्तर्गत ख्रीष्ट-विश्वासीहरूका सौभाग्यहरू के-के हुन् ?

**१ पत्रुस २ः४ः** अर्ती दिने काम एक क्षण पन्साएर पत्रुस ख्रीष्ट-विश्वासीहरूका सौभाग्यहरूको विषयमा चर्चा गर्न अघि बढ़्छन्; किनकि ख्रीष्टको मण्डलीमा उनीहरू एउटा नयाँ आत्मिक घराना भएका छन् र एउटा नयाँ पूजाहारीगिरी भएका छन्।

यस नयाँ व्यवस्थामा ख्रीष्ट येशू त्यसको मूल-केन्द्र हुनुहुन्छ र यसकारण हामी उहाँकहाँ आउँछौं। पत्रुसले यहाँ एउटा भवन र त्यस भवनका सामग्रीहरूको विषयमा विचार गरेका छन्; यसकारण तिनले साङ्केतिक अर्थमा प्रभु येशूलाई पत्थरको रूपमा प्रस्तुत गर्छन्। यसमा हाम्रो निम्ति अचम्म मान्ने केही पनि छैन। पहिले, उहाँ एक जीवित पत्थर हुनुहुन्छ। उहाँ निर्जीव, निष्क्रिया पत्थर हुनुहुन्न; उहाँ कुनै मरेको प्रभु

हुनुहुन्न। तर उहाँ अविनाशी जीवनको शक्तिअनुसार अनन्तसम्म जीवित रहनुहुन्छ (हिब्रू ७:१६)।

मानिसहरूद्वारा उहाँ रद्द गरिनुभएको, कसरी? यो कुरा हामीलाई कति अविश्वासनीय लाग्छ। तर मानिसहरू कति मूर्ख, कति स्वार्थी छन्! तिनीहरूको जीवनका योजनाहरू कति तुच्छ, कति अर्थहीन हुन्छन्!! बिचरा, केवल धमिलो देख्न सक्ने अन्धा मानिसहरूको जीवनमा सृष्टिकर्ता र मक्तिदाताका निम्ति कुनै ठावैं छैन। प्रभु येशूको जन्म हुने बेलामा बेतलेहेमको पौवामा उहाँका निम्ति ठाउँ थिएन; ठीक त्यस्तै आज पनि मानिसहरूको जीवनमा उहाँका निम्ति कुनै स्थान छैन।

तर मानिसहरूको रायमा के मतलब? परमेश्वरको दृष्टिमा प्रभु येशू चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। उपयोगी ढुङ्गाको रूपमा उहाँ चुनिनुभयो; यति मात्र होइन, तर उहाँ नभई नहुने ढुङ्गा हुनुहुन्छ। अनि परमेश्वरको दृष्टिमा उहाँको मूल्य नापतौल गर्न नसकिने हुन्छ भने त उहाँको मूल्यको हिसाब अड्कल काटेर कसले निकाल्न सक्छ?

हामी परमेश्वरको निर्माण-कार्यका निम्ति उपयोगी बन्नु हो भने हामी ख्रीष्ट येशूकहाँ आएको हुनुपर्छ। उहाँसित हाम्रो एकीकरण र एकता भएको हुनाले हामीमा ईश्वरीय निर्माण-कार्यका उपयोग्य सामग्रीहरू हुने एकमात्र योग्यता छ। यसकारण उहाँको महिमा बढ़ाउनुमा हाम्रो योगदान कति छ? हाम्रो महत्त्व केवल यसैमा निर्भर गर्छ।

**१ पत्रुस २:५:** त्यो आत्मिक घर ख्रीष्टका सबै विश्वासीहरूले बनेको छ। त्यो आत्मिक घर र ख्रीष्टको मण्डली एउटै कुरा हो। मण्डली र पुरानो नियमको मन्दिरमा के समानता छ? यी दुवै पृथ्वीमाथि परमेश्वरका वासस्थान हुन् (१ राजा ६:११-१३ र एफेसी २:२२)। तर मण्डली र पुरानो नियमको मन्दिरको बीचमा भिन्नता के छ? पुरानो नियमको मन्दिर वास्तविक, हातले बनाइएको भवन थियो, जसका निर्माण-सामग्रीहरू सुन्दर, तर निर्जीव थिए, नाशवान् थिए। तर मण्डलीचाहिँ जिउँदा पत्थरहरूले बनेको आत्मिक निर्माण-रचना हो।

अबचाहिँ त्यस आत्मिक घरदेखि विषयवस्तु एउटा पवित्र पूजाहारी-गिरीतिर सर्छ, जुन पूजाहारीहरूको समाज यस आत्मिक घरअन्तर्गत कार्यरत हुन्छ। ख्रीष्ट-विश्वासीहरूको विषयमा कुरा यस्तो छः उनीहरू आत्मिक घरको निर्माण-कार्यको सम्बन्धमा जिउँदा पत्थरहरू हुन्; तर उनीहरू पवित्र पूजाहारीहरू पनि हुन्छन्। मोशाको व्यवस्थाअन्तर्गत लेवी कुल र हारूनको घरानामा पूजाहारीगिरी सीमित रहन्थ्यो। अनि ती पूजाहारीहरूका निम्ति पनि परमेश्वरको उपस्थितिमा प्रवेश गर्नु मनाही थियो। महापूजाहारीले वर्षमा एकैपल्ट मात्र 'योम-किप्पूर' नामक प्रायश्चित्तको दिनमा परमेश्वरको नजिकै जान पाउँथे। यसका निम्ति तिनले परमप्रभुको आदेशअनुसार त्यस दिनको एक-एक विधि होशियार-पूर्वक पूरा गर्नुपर्थ्यो।

तर यस अनुग्रहको नयाँ युगमा सबै ख्रीष्ट-विश्वासीहरू पूजाहारीहरू हुन्छन्। अनि उनीहरूले दिनरात सृष्टिकर्ता परमेश्वरको अनुग्रहको सिंहासनको सामुन्ने आउन पाउँछन्। आत्मिक बलिदानहरू चढ़ाउनु उनीहरूको काम हो। मोशाको व्यवस्थाअन्तर्गत पशुपक्षीका बलिहरू वा अन्नबलिहरू चढ़ाइन्थे। नयाँ नियमको शिक्षाअनुसार पूजाहारीहरूले चढ़ाउने आत्मिक बलिदान यिनै हुन्ः

**क)** *रोमी १२ः१ः* हामीले आफ्नो शरीर पवित्र, परमेश्वरलाई मनपर्दो, जिउँदो बलिदानको रूपमा अर्पण गर्नुपर्छ। यो आत्मिक कार्य हाम्रो उपासनाको एक मुख्य हिस्सा हो।

**ख)** *हिब्रू १३ः१५ः* हामीले स्तुतिरूपी बलिदान चढ़ाउनुपर्छ, जसरी लेखिएको छः *'आओ, हामी उहाँद्वारा परमेश्वरलाई निरन्तर स्तुतिरूपी बलिदान चढ़ाऔं, जुनचाहिँ उहाँको नामलाई धन्यवाद चढ़ाउने हाम्रा ओठको फल हो।'*

**ग)** *हिब्रू १३ः१६ः* हामीले भलाइ गर्नुपर्छ, सुकर्महरू गर्नुपर्छ, जसरी लेखिएको छः *'तर भलाइ गर्न नबिर्स; किनकि यस किसिमका बलिदानहरूसँग परमेश्वर खूबै प्रसन्ना हुनुहुन्छ।'*

**घ)** *हिब्रू १३ः१६ः* हामीले बाँड़चुड़ गर्नुपर्छ, अर्थात् खाँचोमा परेकाहरूको सहायताको निम्ति आफ्नो पैसाको थैली खोल्नुपर्छ; किनकि यस्तो लेखिएको छः *'बाँड़चुड़ गर्न नबिर्स; किनकि यस किसिमका बलिदानहरूसँग परमेश्वर खूबै प्रसन्ना हुनुहुन्छ।'*

**ङ)** *रोमी १५ः१६ः* हामीले सेवारूपी बलिदान चढ़ाउनुपर्छ। रोमी १५ः१६ पदअनुसार अन्यजातिहरूका निम्ति प्रेरित पावलको सेवकाइ पूजाहारीको सेवकाइ र परमेश्वरलाई चढ़ाउने उनको भेटी थियो।

यी बलिदानहरू परमेश्वरका निम्ति येशू ख्रीष्टमार्फत ग्रहणयोग्य हुन्छन्। किनभने येशू ख्रीष्टद्वारा हामी परमेश्वरको नजिक जान पाउँछौं; यसमा उहाँ हाम्रो एकमात्र मध्यस्थ हुनुहुन्छ। अनि उहाँले हाम्रा बलिदान र भेटीहरू परमेश्वरका निम्ति ग्रहणयोग्य तुल्याउनुहुन्छ। हाम्रो आराधना भनौं, हाम्रो सेवा भनौं, हामीले जे गर्छौं, त्यो कुनै हिसाबले सिद्ध हुँदैन। यसमा पापको कलङ्क पनि लागेको होला। तर पिता परमेश्वरकहाँ आइ-पुग्नुभन्दा अगाड़ि यी सबै आत्मिक बलिदानहरू प्रभु येशूकहाँ पुग्छन्; अनि उहाँले यी सबै आत्मिक बलिदानहरूबाट पापको कलङ्क हटाउनु-हुन्छ; त्यसपछि हाम्रा आत्मिक बलिदानहरू पिता परमेश्वरको सामुन्ने पूरा ग्रहणयोग्य हुन्छन्।

पुरानो नियमको कुरा होः महापूजाहारीको पगरीमाथि सुनको एउटा पाता रहेको थियो, जसमा 'परमप्रभुका निम्ति पवित्र' भनेर लेखिएको थियो (प्रस्थान २८ः३६)। मानिसहरूका भेटीरूपी पवित्र वस्तुहरूमा कुनै अधर्म थियो भने यो सुनको पाता यसैको निम्ति थियो (प्रस्थान २८ः३८)। ठीक त्यस्तै हाम्रा महापूजाहारीले हाम्रा निम्ति एउटा पगरी-रूपी मुकुट पहिरनुभएको छ, जसमा 'परमेश्वर पिताको निम्ति पवित्र' लेखिएको छ; किनभने हाम्रा बलिदानहरूमा कुनै घटीकमी, कुनै त्रुटि छ भने यस सुनको 'पाता'ले त्यसको निम्ति काम गर्छ।

सबै ख्रीष्ट-विश्वासीहरू पूजाहारीहरू हुन् भन्ने तथ्य हामी ख्रीष्ट-विश्वासीहरूबाट राम्ररी बुझेका हुनुपर्छ; अनि हामीले यस कुरामा विश्वास

गरेर खुशीसाथ त्यस सत्यताअनुसार चलेको कति असल हुनेथियो ! ! तर यो कुरा हामीले हददेखि बाहिर लानुहुँदैन। सबै ख्रीष्ट-विश्वासीहरू पूजाहारी हुन्, ठिक्कै छ; तर पूजाहारी हुँदैमा हरेक विश्वासीसित मण्डलीको सभामा प्रचार गर्ने र शिक्षा दिने अधिकार नहोला। यसको सञ्चालन गर्ने सम्बन्धमा हामीले निम्न नियमहरूमा ध्यान दिनुपर्छः

**क)** महिलाहरूलाई शिक्षा दिन वा पुरुषहरूमाथि अधिकार जमाउनु मनाही गरिएको छ। तिनीहरू मण्डली-सभामा चुप रहनुपर्छ (१ तिमोथी २:१२)।

**ख)** मण्डलीमा बोल्ने दाजुभाइहरूले परमेश्वरको वाणी बोलेझैं बोल्नुपर्छ (१ पत्रुस ४:११)। यसको अर्थ यो होः वचन बोल्ने दाजुभाइले एक-एक अवसरअनुसार 'परमेश्वरले मलाई बोल्न लगाउनुभएकै वचन म बोल्दैछु' भन्ने निश्चयता भएको हुनुपर्छ।

**ग)** हरेक ख्रीष्ट-विश्वासीसँग कुनै न कुनै आत्मिक वरदान हुन्छ, जसरी मानिसको शरीरमा हरेक अङ्गको काम हुन्छ (रोमी १२:६ र १ कोरिन्थी १२:७)। तर आत्मिक वरदानहरूमा प्रवचन बोल्ने वरदानहरू र नबोल्ने वरदानहरू पनि हुन्छन्। सबैजनासँग सुसमाचार प्रचारकको, पाष्टरको वा शिक्षकको वरदान हुँदैन; यी सेवकाइका वरदानहरू विशेष हुन् (एफेसी ४:११)।

**घ)** जवानहरूले तिनीहरूलाई दिइएको परमेश्वरको वरदान बल्दो पार्नुपर्छ (२ तिमोथी १:६)। अनि तिनीहरूको यो वरदान प्रचार गर्ने, शिक्षा दिने वा अरू कुनै प्रकारको प्रवचन दिने वरदान हो भने, तिनीहरूलाई हामीले मण्डलीमा आफ्नो वरदान प्रयोग गर्ने अवसर दिनुपर्छ।

**ङ)** १ कोरिन्थी १४:२६ पदमा हामीले सबै ख्रीष्ट-विश्वासीहरूलाई पूजाहारीको पदमा सेवा गरेका देख्छौं। *'तब भाइहरूहो, के गर्ने त ? जब तिमीहरू भेला हुन्छौ, तब तिमीहरूमध्ये हरेकसँग कुनै भजन भएको होस्, कुनै शिक्षा, कुनै भाषा, कुनै प्रकाश कि कुनै अनुवाद भएको होस् ! सबै कुराहरू उन्नतिका निम्ति नै गरिऊन् !'*

पहिलो कोरिन्थीको पत्रको चौध अध्यायमा सेवा-सङ्गतिहरूमा आत्मिक वरदानहरूको सञ्चालन सठीक नियन्त्रणमा राख्ने यस्ता अरू धेरै नियमहरू उल्लेख गरिएका छन्; किनभने मण्डली-सभा क्रमिक हुनुपर्छ र विश्वासीहरूको आत्मिक प्रगति भएको हुनुपर्छ। ख्रीष्ट-विश्वासीहरू सबैजना पूजाहारी हुन् भन्ने सिद्धान्त लिएर आफ्नो स्थानीय मण्डलीमा भइरहेका कुव्यवहारहरू पुष्टि गर्न कदापि प्रयोग गर्नुहुँदैन।

**१ पत्रुस २ः६ः** पत्रुसको विचार अझै पनि त्यस भवनमा अड़िएको छ, जुन भवनमा ख्रीष्ट येशू एउटा ढुङ्गा हुनुहुन्छ, खास गरी त्यसको मुख्य कुनाढुङ्गा हुनुहुन्छ। तिनले यशैया २८ः१६ पद उद्धृत गरेर 'ख्रीष्ट येशू कुनाढुङ्गाको भूमिका खेल्नुहुन्छ' भन्ने पूर्वजानकारी पवित्र धर्मशास्त्रमा दिइएको कुरा प्रमाणित गर्छन्। तिनले पेश गरेको बुँदा यस प्रकारको छः परमेश्वरको इच्छाअनुसार ख्रीष्ट येशूले अद्वितीय स्थान ओगट्नुभएको छ; किनभने उहाँ एउटा चुनिनुभएको बहुमूल्य ढुङ्गा हुनुहुन्छ। उहाँ सम्पूर्ण रूपले भरपर्दो हुनुहुन्छ। उहाँमाथि विश्वास गर्ने कोही पनि शर्ममा पर्नेछैन, अँ, कहिल्यै निराश हुनुपर्नेछैन।

जुन शब्द यस खण्डमा 'कुनाढुङ्गा'[13)] भनेर अनुवाद गरिएको छ, त्यो शब्दको अर्थ तीन प्रकारले बुझ्न सकिन्छ। अनि प्रभु येशूको सम्बन्धमा यस शब्दको एक-एक अर्थ उस्तै-उस्तै अर्थपूर्ण, तर्कसङ्गत र जोड़दार हुन्छ।

**क)** आधुनिक वास्तुकलाको कुरा होः कुनाढुङ्गा त्यही ढुङ्गा मानिन्छ, जुन ढुङ्गा घरको कुनै कुनामा जगको रूपमा लगाइन्छ, जुन ढुङ्गाले दुईतिरका गाराहरू एक-अर्कासित बाँध्ने काम गर्छ। अनि त्यस कुनाढुङ्गाले त्यो जग सङ्केत गर्छ, जुन जगमाथि सारा भवन अड़ेको हुन्छ। कुनाढुङ्गारूपी ख्रीष्ट येशू हाम्रो जीवनको एकमात्र साँचो जग हुनुहुन्छ (१ कोरिन्थी ३ः१०-११)। उहाँले विश्वास गर्ने यहूदीहरू र विश्वास गर्ने अन्यजातिका मानिसहरूलाई लिएर एक तुल्याउनुभयो र आफूमा यी दुई किसिमका मानिसहरूबाट एउटा नयाँ मानिस सृष्टि गर्नुभयो (एफेसी २ः१४-१५)। यहूदीहरू र

अन्यजातिका मानिसहरूलाई ती दुईवटा गाराहरू सम्झनुहोस्, जुन गाराहरू कुनाढुङ्गामा बाँधिएर एउटा भवन बनेका छन्।

**ख)** अनि बाइबलका कति विद्वान्‌हरूले यो कुनाढुङ्गाचाहिँ चापरूपी प्रवेशद्वारको टुप्पामा लगाइने मूलढुङ्गा सम्झन्छन्। तोरणको रचनामा यो ढुङ्गा लगाइएपछि त्यो रचना समाप्त हुन्छ, अनि यस ढुङ्गाको बलले सम्पूर्ण रचना थामेको हुन्छ। हाम्रा प्रभु यस प्रकारको वर्णनसँग पूरा मेल खानुहुन्छ; किनभने उहाँ तरोणरूपी रचनाको टुप्पाको मूलढुङ्गा हुनुहुन्छ र उहाँ नभई निर्माणको रचना मजबुत र एकबद्ध हुनै सक्दैन।

**ग)** अनि तेस्रो धारणा यस प्रकारको छः यो कुनाढुङ्गाचाहिँ पिरामिडको टुप्पामा लगाइने शिरढुङ्गा हो, जुनचाहिँ निर्माण-रचनाको सर्वोच्च ढुङ्गा हो। शिरढुङ्गाको आकारले सम्पूर्ण पिरामिडको रूप निर्धारित गर्छ। अनि यो शिरढुङ्गा निर्माण-कार्यको अन्तमा अन्तिम ढुङ्गाको रूपमा लगाइन्छ। यसरी नै ख्रीष्ट येशू मण्डलीको शिरढुङ्गा हुनुहुन्छ; उहाँ अद्वितीय, सर्वश्रेष्ठ हुनुहुन्छ। मण्डलीले उहाँको आकारमा आफ्नो रूप र गुण लिन्छ। अनि जब उहाँ फर्केर आउनुहुनेछ, तब मण्डलीको निर्माण-कार्य पूरा हुनेछ।

उहाँ चुनिनुभएको बहुमूल्य ढुङ्गा हुनुहुन्छ; किनभने परमेश्वरले उहाँलाई नै सबैभन्दा मुख्य आदरणीय स्थान ओगट्न छान्नुभयो। अनि उहाँ बहुमूल्य हुनुहुन्छ; किनकि उहाँजस्तो अरू कोही पनि हुँदैन।

*'जसले उहाँमाथि विश्वास गर्छ, ऊ कुनै रीतिले शर्ममा पर्नेछैन।'* यशैयाको पुस्तकमा यस पदका शब्दहरू यस प्रकारका छन्ः *'जसले विश्वास गर्छ, उसले हतार गर्नेछैन'* (यशैया २८ः१६)। यी दुईवटा कुराहरू हामीले मिलाएर एक पार्‍यौं भने यस प्रकारको अर्थ निस्कन्छः ख्रीष्ट येशूलाई आफ्नो जीवनको कुनाढुङ्गा तुल्याउनेहरू दुईवटा कुरा-हरूबाट बचाइनेछन्ः एक, उनीहरूको आशा भङ्ग हुँदैन, उनीहरू निराश हुनुपर्दैन; अनि दुई, उनीहरू अतालिनुपर्दैन। यो अद्‌भुत प्रतिज्ञा तपाईंले आफ्नो लागि दाबी गर्नुहोला।

**१ पत्रुस २:७**: अघिका पदहरूको खण्डमा प्रभु येशूलाई जीवित पत्थर, रद्द गरिनुभएको ढुङ्गा, बहुमूल्य पत्थर र कुनाढुङ्गाको रूपमा प्रस्तुत गरिएको थियो भने अबचाहिँ उहाँ कसीको काम गर्नुहुन्छ। पत्रुसले कसी भन्ने शब्द प्रयोग नगरे पनि लेखिएको कुराबाट यसको चित्र बुझिन्छ। सुन, चाँदी र अन्य धातुलाई असल-कमसल छुट्टाउनका निम्ति घोटेर लगाइएको कसीले धातु विशेषको गुण-अवगुण प्रकट गर्छ।

मुक्तिदाता प्रभुको सम्पर्कमा आएका मानिसहरू आफ्नो गुण-अवगुण प्रकट गर्छन्-गर्छन्। उहाँप्रतिको व्यवहारमा तिनीहरूले आफूलाई तिनीहरू को हुन्, सो चिनाउँछन्। साँचो ख्रीष्ट-विश्वासीहरूका निम्ति उहाँ बहुमूल्य हुनुहन्छ, तर विश्वास नगर्ने मानिसहरूले उहाँलाई रद्द गर्छन्। उहाँ हाम्रा निम्ति कति बहुमूल्य हुनुहुन्छ? उहाँविनाको जीवन कल्पना गर्नुहोस्! तब आफ्नो जीवनमा उहाँको मूल्य के हो, कति हो, सो थोरै मात्रामा बुझ्नुहुन्छ। अनि यस संसारका सबै सुखहरूको तुलनामा उहाँ हाम्रा निम्ति कति बहुमूल्य हुनुहुन्छ? यी जम्मा सुखहरूचाहिँ ख्रीष्टले भरिएको जीवनको तुलनामा एक छेउ पनि आउन सक्दैनन्, कि सक्छन्? यो आफै जान्नुहोस्! *'मेरा प्रिय दस हजारमा उत्तम हुनुहुन्छ'* अनि *'उहाँ बिलकुलै मनोहर हुनुहुन्छ'* (श्रेष्ठगीत ५:१० र १६)।

तर विश्वास नगरेर आज्ञा नमान्नेहरूको विषयमा कसो हो?[14)] भजन-लेखकले भजन ११८ अध्यायमा अघिबाट बुझिसके: त्यो बहुमूल्य ढुङ्गा डकर्मीहरूद्वारा रद्द गरिनेछ; तर त्यही ढुङ्गा पछि कुनाको शिरढुङ्गा बनिने रहेछ।

राजा सुलेमामले परमप्रभुको भवन निर्माण गरे। यस सम्बन्धमा एउटा रोचक कथा छ, जुन कथाले भजन ११८ अध्यायमा पेश गरिएको भविष्यवाणीको सुन्दर चित्र दिन्छ। अनि त्यो कथाको बोल यस प्रकारको छ: परमप्रभुको मन्दिरका निम्ति ढुङ्गाहरू अघिबाट एउटा नजिकको खानीमा तयार गरिए। अनि जुन-जुन ढुङ्गाहरू निर्माणका निम्ति चाहिन्थे, ती ढुङ्गाहरू मात्र साइटमा ल्याइन्थे। एकदिन खानीमा काम गर्ने कारिगरहरूले त्यहाँबाट एउटा विशेष आकारको ढुङ्गा पठाएछन्। तर

डकर्मीहरूले त्यो ढुङ्गा भवनमा कहाँ लगाउनुपर्ने हो, त्यसका निम्ति खास ठाउँ पत्ता लगाउन सकेनन्। यसकारणले तिनीहरूले त्यस ढुङ्गालाई ठेलेर पर सारे र डिलदेखि अलित तल फाले, जहाँ समय बित्दै जाँदा त्यसमाथि लेउ पलायो, र त्यसको वरिपरि झारपातले त्यसलाई पुरिदियो। परमप्रभुको मन्दिरको निर्माण-कार्य सिद्धिन लागेको थियो; अनि डकर्मीहरूलाई एउटा विशेष आकारमा काटिएको एउटा ढुङ्गा चाहियो। तर खानीमा काम गर्ने कारिगरहरूले तिनीहरूलाई भनेः 'त्यो ढुङ्गा हामीले धेरै समय अघि नै पठाइसक्यौं।' धुइँपत्ता लाएर खोज्दा खिएर बल्ल त्यो फालिएको ढुङ्गा भेट्टाइयो, र त्यो मन्दिरको सठीक ठाउँमा लगाइयो।

यस कथाको पाठ बुझ्न सकिलो छः पहिलो आगमनमा प्रभु येशूले आफूलाई इस्राएली जातिकहाँ प्रस्तुत गर्नुभयो; तर यहूदीहरूले, विशेष गरी तिनीहरूका शासकहरूले आफ्नो परियोजनामा उहाँका निम्ति कुनै उपयोगी ठाउँ नदेखेर उहाँलाई रद्द गरे। तिनीहरूले उहाँलाई बहिष्कार गरेर उहाँलाई क्रूसमा मर्न सुम्पे।

तर परमेश्वरले उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो, र उहाँलाई स्वर्गमा आफ्नो दाहिने हातमा बसाउनुभयो। तर रद्द गरिनुभएको प्रभु येशू दोस्रो पल्ट पृथ्वीमाथि फर्केर आउनुहुनेछ। अनि त्यस बेलामा उहाँ राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको रूपमा आउनुहुनेछ, अनि सबै मानिसहरूका आँखाहरूको सामु उहाँ मुख्य कुनाढुङ्गाको रूपमा प्रकट हुनुहुनेछ।

**१ पत्रुस २ः८ः** अब सचित्रको पर्दा फेरिन्छ। अबचाहिँ ख्रीष्ट येशू कसी हुनुहुन्न, कुनाको शिरढुङ्गा पनि हुनुहुन्न, तर ठेस लाग्ने ढुङ्गा पो हुनुहुन्छ। भविष्यवक्ता यशैयाले अघिबाट देखेर भनिसकेका थिएः विश्वास नगर्नेहरूका निम्ति उहाँचाहिँ तिनीहरूलाई ठेस लाग्ने ढुङ्गा र तिनीहरूले ठक्कर खाएर तिनीहरूलाई लड़ाउने चट्टान हुनुहुनेछ (यशैया ८ः१४-१५)।

यो कुरा इस्राएली जातिको इतिहासमा अक्षरशः पूरा भयो। किनकि जब यहूदीहरूका मसीह राजा आउनुभयो, तब तिनीहरूले उहाँको वंश र

उद्गमस्थल अनि उहाँको साधारण जीवन-शैलीमा ठेस खाए। तिनीहरूको दृष्टिमा तिनीहरूका मसीहचाहिँ एक शक्तिशाली राजनीतिक नेता, अँ, एक शूरवीर सेनापति पो हुनुपर्नेथियो। धेरै अचूक प्रमाणहरूको मुखमा पनि तिनीहरूले उहाँलाई अघिबाट प्रतिज्ञा गरिनुभएको आफ्नो मसीहको रूपमा ग्रहण गर्न मानेनन्।

तर यो कुरा हामीले इस्राएली जातिमा मात्र सीमित राख्नुहुँदैन। उहाँमाथि विश्वास राख्न नचाहने जुनसुकै मानिसका निम्ति पनि प्रभु येशू ठेस लाग्ने ढुङ्गा र ठक्कार खुवाउने चट्टान बन्नुहुन्छ। मानिसहरूले कि त आफ्ना पापहरूको विषयमा पछुताउँछन् र उहाँको सामु झुक्छन्, अनि मुक्ति पाउनलाई उहाँमाथि विश्वास गर्छन्, कि त उहाँमा ठेस खाएर नरकमा पर्नेछन्। जुन कुरामा तिनीहरूको मुक्ति पाउने सुअवसर थियो, त्यस कुराले तिनीहरूलाई झन् बढ़ी दोषी ठहरायो। कसरी ? किनभने ख्रीष्ट येशूको विषयमा मानिस तटस्थ हुनुहुँदैन, तर तटवर्ती हुनुपर्छ। यसकारण उहाँ कि त हाम्रा मुक्तिदाता हुनुहुन्छ, कि त हाम्रा न्यायकर्ता हुनुहुनेछ। तपाईंका निम्ति उहाँ कोचाहिँ हुनुहुन्छ ?

*'आज्ञाकारी नभएका हुनाले तिनीहरूले वचनमा ठेस खाए।'* अनि तिनीहरूले ठेस किन खाए ? तिनीहरूको समस्या तिनीहरूको दिमागले नबुझेका कुराहरू थिएनन्। प्रभु येशूमा उहाँमाथि विश्वास गर्न नसक्ने कुनै अप्ठ्यारो कुरा पनि थिएन। तर तिनीहरूले ठेस खाए, किनकि तिनीहरूले आफ्नो स्वतन्त्र इच्छाले वचन पालन गर्न चाहेनन्। तिनीहरूको समस्या केमा थियो ? तिनीहरूको येशूलाई नकार्ने इच्छामा। मानिसहरूले मुक्ति नपाउने प्रमुख कारण के हो ? तिनीहरूले मुक्ति पाउने इच्छा नराख्नु नै तिनीहरूले मुक्ति नपाएको मूलकारण मान्नुपर्छ (यूहन्ना ५:४०)।

अब १ पत्रुस २:८ पदको खण्ड ख)मा आउनुहोस्, जहाँ यसो लेखिएको छः *'त्यसैका निम्ति तिनीहरू ठहराइएका पनि छन्।'* हामी यस शब्दको मतलब बुझ्ने कोशिश गरौं ! के यस वाक्यको मतलब तिनीहरू वचनमा ठेस ठहाइएको अर्थ हो र ? होइन, तर परमेश्वरको वचनको खाँटी शिक्षा यस प्रकारको छः आफ्नो राजीखुशीले तिनीहरूले सुसमाचारको

वचन पालन गरेनन्; यसकारण तिनीहरू ठेस खान ठहराइएका छन्। *'आज्ञाकारी नभएका हुनाले तिनीहरूले वचनमा ठेस खाए; त्यसैका निम्ति तिनीहरू ठहराइएका पनि छन्।'* पहिलो र दोस्रो वाक्य हामीले यसरी जोड़ेर पढ्नुपर्छ। यसर्थ परमेश्वरले एउटा निर्णय लिनुभयोः प्रभु येशूको सामु जस-जसले झुक्न मान्दैनन्, तिनीहरू सबैजनाले ठेस खानैपर्छ। जब कोही मानिस ढिपी गरेर आफ्नो अविश्वासमा अघि बढ्छ, तब त्यो मानिस परमेश्वरको इच्छाअनुसार ठेस खानलाई ठहराइएको हुन्छ। श्री जे.बी. फिलिप्सको भावानुवादअनुसार 'राजीखुशीले अनाज्ञाकारी भएको मानिसको निम्ति ठेस खानु नै अघिबाट ठहराइएको ईश्वरीय निर्णय हो।'

**१ पत्रुस २ः९ः** अब पत्रुस फेरि पनि ख्रीष्ट-विश्वासीहरूका सौभाग्य-हरूतिर फर्कन्छन्। उनीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीगिरी, एउटा पवित्र जाति, र परमेश्वरको निजी प्रजा हुन्। यी सबै सौभाग्यहरू दिन्छु भन्ने प्रतिज्ञा परमेश्वरले इस्राएली जातिलाई पो दिनुभएको थियो, जुन इस्राएली जातिले यसका निम्ति उहाँको आज्ञापालन गर्नुपरेको थियो, जसरी परमेश्वरको वाणी यस्तो लेखिएको छः

> *'यसकारण अब यदि तिमीहरूले साँच्चै मेरो कुरा सुन्यौ र मेरो वाचा पालन गर्‍यौ भने सबै जातिहरूभन्दा बढ़ी तिमीहरूचाहिँ मेरा निम्ति विशेष धन हुनेछौः किनकि सारा पृथ्वी मेरै हो। अनि तिमीहरू मेरा निम्ति पूजाहारीहरूको एउटा राज्य र एउटा पवित्र जाति हुनेछौ।'* प्रस्थान १९ः५-६[क]

इस्राएली जातिले आफ्नो अविश्वासको कारणले परमेश्वरको यो प्रतिज्ञा हासिल गर्न सकेन। अनि तिनीहरूले जातिको हिसाबले परमेश्वरको निज प्रजा हुने स्थान गुमाउनुपर्‍यो। वर्तमान युगमा मण्डलीले इस्राएली जातिको सौभाग्यशाली स्थान ओगटेको छ, जुन उच्च स्थान तिनीहरूले अनाज्ञाकारी भएर गुमाएका थिए।

ख्रीष्ट-विश्वासीहरू त्यो चुनिएको वंश हुन्; संसारको उत्पत्तिभन्दा अगाड़ि परमेश्वरले उनीहरूलाई ख्रीष्टका हुनलाई चुन्नुभयो (एफेसी

१:४)। तर पृथ्वीमा कुनै साँझा पुर्खाको वंश हुनुको सट्टामा ख्रीष्ट-विश्वासीहरू एउटा स्वर्गको जाति हुन्, जसको पिता परमेश्वर हुनुहुन्छ। अनि उनीहरूका शारीरिक संलक्षणहरूको सट्टामा उनीहरूमा आत्मिक विशेषताहरू हुन्छन्।

ख्रीष्ट-विश्वासीहरू एउटा राजकीय पूजाहारीगिरी पनि हुन्। यस अध्यायमा उनीहरूलाई दोस्रो पल्ट पूजाहारी भनिएको छ। १ पत्रुस २:५ पदमा विश्वासीहरूले पवित्र पूजाहारी भन्ने नाम पाए, जसले परमेश्वरलाई आत्मिक बलिदानहरू चढ़ाउने गर्छन्। तर यहाँ, यस पदमा उनीहरूलाई राजकीय पूजाहारीहरू भनिएको छ, जसले परमेश्वरका सद्‌गुणहरू प्रचार गर्ने गर्छन्। पवित्र पूजाहारीको रूपमा उनीहरू विश्वासमा स्वर्गको पवित्र-स्थानभित्र प्रवेश गर्छन् र परमेश्वरको उपासना गर्छन्। तर राजकीय पूजाहारीहरू भएर उनीहरू साक्षीको रूपमा चारैतिर सारा संसारमा निस्कि-जान्छन्। हामी यहाँ यसको एउटा उदाहरण दिन्छौंः पावल र सिलास फिलिप्पीमा हुने बेलामा झ्यालखानामा हालिएका थिए। अनि पवित्र पूजाहारी भएर तिनीहरूले मध्यरातमा स्तुतिगान गाएर परमेश्वरलाई प्रशंसा चढ़ाए; तर राजकीय पूजाहारी भएर तिनीहरूले जेलको हाकिमलाई सुसामचार प्रचार गरे (प्रेरित १६:२५ र ३१)।

ख्रीष्ट-विश्वासीहरू एउटा पवित्र जाति हुन्। इस्राएली जाति एउटा पवित्र जाति हुनुपर्थ्यो, जसको पवित्रता देखिन्छ र चिनिन्छ – यो तिनीहरूका निम्ति परमेश्वरको शुभेच्छा थियो। तर दुःखको कुरा, यहूदीहरूले आफ्नो वरिपरिका छिमेकी-जातिहरूका पापकर्महरू अपनाए, र पतित भए। यसकारण इस्राएली जाति अस्थायी रूपले र केही समयका निम्ति रद्द गरियो; अबचाहिँ मण्डली परमेश्वरको पवित्र जाति भएको छ।

अन्तमा, ख्रीष्ट-विश्वासीहरू परमेश्वरको निजी प्रजा, उहाँको सम्पत्ति हुन्। उनीहरू उहाँका हुन्। उनीहरू उहाँका निम्ति मूल्यवान् हुन्।

अब नौ पदको यस भागमा ध्यान दिनु बाँकी छ, जहाँ परमेश्वरको चुनिएको वंश, उहाँको राजकीय पूजाहारीगिरी, उहाँको पवित्र जाति र उहाँको निजी प्रजाको जिम्मेवारी के हो, सो स्पष्टसँग लेखिएको छः

*'हामीले उहाँका सद्‌गुणहरूको प्रचार गर्नुपर्छ, जसले हामीलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो ।'* एक समयमा हामी अन्धा भएर पाप र शर्मरूपी अन्धकारभित्र छामछाम-छुमछुम गरिरहेका थियौं । तर परमेश्वरले हामीलाई बड़ो अद्‌भुत प्रकारले छुटकारा दिनुभयो र हामीलाई आफ्ना प्रिय पुत्रको राज्यभित्र सार्नुभयो । जुन अन्धकारभित्र हामीले बिगत जीवन बिताएको थियो, त्यो अन्धकार एउटा दमनकारी अन्धकार, एउटा निस्पट्ट अन्धकार थियो । तर अहिले हामी गजबको ज्योतिमा, चम्किलो, चहकिलो उज्यालोमा छौं । आउनुहोस्, हामी ठूलो सोरले उहाँको गुणानुवाद गरौं, जसले हाम्रा निम्ति यस्तो अद्‌भुत काम गर्नुभयो ।

**१ पत्रुस २ः१०ः** आफ्नो पत्रको यो खण्ड पत्रुसले होशेको पुस्तकको टुक्का लिएर अन्त्याउँछन् । भविष्यवक्ता होशेको कुरा आयोः परमेश्वरले तिनको दुःखलाग्दो पारिवारिक अवस्थाबाट इस्राएली जातिलाई तिनी-हरूमाथि आउन लागेको न्यायको विषयमा एउटा पाठ सिकाउनुभयो । तिनीहरू परमप्रभुप्रति अविश्वासयोग्य थिए; यसकारण अबदेखि उसो उहाँले तिनीहरूमाथि दयाको व्यवहार गर्नुहुनेछैन । अबदेखि तिनीहरू उहाँको प्रजा हुनेछैनन् (होशे १ः६ र ९) । तर इस्राएली जाति परमप्रभुको प्रजाको रूपमा सधैंका निम्ति रद्द गरिएन; किनभने परमप्रभुले तिनी-हरूलाई गर्नुभएको उहाँको प्रतिज्ञा जारी छः भविष्यमा एकदिन परमेश्वरले इस्राएली जाति पुनर्स्थापित गर्नुहुनेछ ।

*'अनि म त्यसमाथि, जसले दया पाएकी थिइन, दया देखाउनेछु; अनि म तिनीहरूलाई, जो मेरो प्रजा थिएनन्, "तिमी मेरो प्रजा हौ" भन्नेछु; अनि तिनीहरूले "तपाईं मेरा परमेश्वर हुनुहुन्छ" भन्नेछन् ।'*

होशे २ः२३

हुन सक्छ, जुन मानिसहरूलाई पत्रुसले यो पत्र लेखे, ती मानिसहरूमध्ये कोही-कोही इस्राएली जातिका मानिसहरू थिए होलान् । तर अब उनीहरू ख्रीष्टको मण्डलीका सदस्यहरू भए । ख्रीष्ट येशूमाथि

राखेको विश्वासद्वारा उनीहरू परमेश्वरको प्रजा भए। तर विश्वास नगर्ने यहूदीहरू भने तिनीहरू अझै पनि रद्द गरिएको अवस्थामा छन्।

यसकारण पत्रुसको जमानामा प्रभुकहाँ फर्केका यी यहूदी भाइबहिनी-हरूमा पत्रुसले होशे २:२३ पदमा दिइएको भविष्यवाणी आंशिक रूपले पूरा भएको देखे। ख्रीष्ट येशूमा उनीहरू परमेश्वरको नयाँ प्रजा भए। ख्रीष्ट येशूमा उनीहरूले दया पाए। होशेको मुखद्वारा परमेश्वरले जुन आशिषहरू दिन्छु भनेर इस्राएली जातिलाई प्रतिज्ञा गर्नुभयो, यी आशिष-हरू मुक्ति पाएका यी अल्पसङ्ख्य यहूदी भाइबहिनीहरूले हालैमा उपभोग गर्न पाए। यी आशिषहरू सम्पूर्ण इस्राएली जाति भविष्यमा एकदिन उपभोग गर्ने नै छन्। तब यो भविष्यवाणी सम्पूर्ण हिसाबले पूरा हुनेछ।

तर पत्रुसको पहिलो पत्रको यो खण्ड पढ़ेर कसैले निम्न गलत निष्कर्षमा हाम फाल्नुहुँदैनः मण्डली परमेश्वरको प्रजा भएको हुनाले परमेश्वरले इस्राएली जातिलाई सधैंका निम्ति रद्द गर्नुभयो; होइन नि! मण्डलीचाहिँ परमेश्वरको इस्राएली जातिको ठाउँमा आएको धारणा पनि ठीक होइन। अनि इस्राएली जातिलाई दिइएका सबै प्रतिज्ञाहरू अब मण्डलीका भए भन्न मिल्दैन। इस्राएली जाति र मण्डली छुट्टै कुराहरू, एक-अर्काबाट भिन्ने कुराहरू हुन्। अनि जसले भविष्यवाणीहरूको सठीक अर्थ बुझ्न चाहन्छ, उसले इस्राएल र मण्डलीको बीचमा छुट्ट्याउन सक्नुपर्छ। भविष्यवाणीहरूको अर्थ खोल्ने महत्त्वपूर्ण चाबी यो हो।

अब्राहामको बोलावटदेखि लिएर मसीहको पहिलो आगमनसम्म इस्राएली जाति पृथ्वीमाथि परमेश्वरको एकमात्र चिनिएको वंश थियो। तर ख्रीष्ट येशूलाई क्रूसमा मृत्युदण्ड दिँदा यस चुनिएको जातिको विद्रोह र अविश्वासयोग्यता चरमसीमामा पुगेको थियो। इस्राएली जातिको महापापले गर्दा परमेश्वरले तिनीहरूलाई केही समयसम्म आफ्नो प्रजा हुनुदेखि वञ्चित गर्नुभयो। यसो भए, इस्राएलीहरूलाई हामी कुन नजरले हेरौं त? तिनीहरू उहिले उहाँका चुनिएका मानिसहरू त थिए, तर हालैमा तिनीहरू उहाँको प्रजा होइनन्।

वर्तमान युगमा परमेश्वरको नयाँ प्रजा प्रभुको मण्डली हो। अनि मण्डलीको वर्तमान युगले चाहिँ परमेश्वरको इस्राएली जातिसितको व्यवहारमा अन्तराल ल्याएको छ। अनि मण्डली आकाशमा उठाइलगेपछि यो अन्तरालको समय सिद्धिनेछ; अनि त्यसपछि परमेश्वरले इस्राएली जातिसित फेरि पनि व्यवहार गर्न शुरु गर्नुहुनेछ। अनि त्यस बेलामा इस्राएली जातिमा विश्वास गर्नेहरूको भाग फेरि पनि परमेश्वरको प्रजा हुनेछ।

होशेको भविष्यवाणी पूरा हुनुपर्ने अन्तिम चरण भविष्यमा पूरा हुन बाँकी रहेको छ। प्रभु येशूको दोस्रो आगमनमा यो भविष्यवाणी पूरा हुनेछ। जुन जातिले आफ्ना मसीहलाई रद्द गरेको थियो, त्यस जातिका मानिसहरूले *'उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले छेंड़ेका थिए; अनि आफ्नो एकमात्र छोराका निम्ति विलाप गरेझैं तिनीहरूले उहाँका निम्ति विलाप गर्नेछन् र जेठा छोराका निम्ति शोकित भएझैं तिनीहरू उहाँका निम्ति शोकित हुनेछन्'* (जकरिया १२:१०)। त्यस बेलामा पश्चाताप गरेर विश्वास गर्ने इस्राएली जातिले दया पाउनेछ र फेरि परमेश्वरको प्रजा हुनेछ।

पत्रुसले दस पदमा भन्न खोजेको कुरा यही होः यी विश्वास गर्ने यहूदी भाइबहिनीहरूले वर्तमान समयमा होशेको भविष्यवाणीमा प्रतिज्ञा गरिएका पूर्वअनुभव गरिरहेका छन्, तर विश्वास नगर्ने यहूदीहरू अझै पनि परमेश्वरबाट टाढ़िएको अवस्थामा छन्। तर होशेको भविष्यवाणी एकदिन पूरा हुनेछ, जुन दिनमा *'छुटकारा दिनुहुने सियोनबाट आउनुहुनेछ, र उहाँले याकूबबाट भक्तिहीनता हटाउनुहुनेछ'* (रोमी ११:२६)।

# खण्ड २) १ पत्रुस २ः११-४ः६ः ख्रीष्ट-विश्‍वासीहरूका विभिन्न सम्बन्धहरू

## क) १ पत्रुस २ः११-१२ः संसारसित उनीहरूको प्रवासीको सम्बन्ध छ।

**१ पत्रुस २ः११ः** पत्रुसको पहिलो पत्रको प्रायः जम्मै बाँकी भागमा ख्रीष्ट-विश्‍वासीहरूको जीवनका विभिन्न सम्बन्धहरू पेश गरिएका छन्। ख्रीष्ट-विश्‍वासीहरू संसारमा परदेशी र यात्रीहरू हुन्; अनि उनीहरूको सारा चालचलन यसको अमिट छाप बोकेको हुनुपर्छ। अनि पत्रुसले उनीहरूलाई यहाँ यही कुराको सम्झना दिलाउँछन्। एउटा परदेशी आफ्नो स्वदेशमा होइन, तर विदेशमा, परदेशमा बसेको हुन्छ। जुन देशमा एउटा परदेशी बस्छ, त्यस देशको नारिकसँग जुन अधिकार छ, उसले त्यस प्रकारको अधिकार पाएको हुँदैन। अनि यात्रीहरूचाहिँ – तिनीहरू घरमा आइपुगेका छैनन्, तर तिनीहरूले सफर गरिरहेको बेलामा केही समय परदेशमा रहनुपरेको छ।

हामीलाई हाम्रो यात्री जीवनको सम्झना गराउने पुराना भजनहरू छन्, जुन भजनहरूबाट श्री जेम्स जी. डेकको रचना एक उदाहरण होः

*बितेको समयमा हामी यस पृथ्वीका नागरिक थियौं भने,*
*अहिले हाम्रो बोलावट माथिबाट भएको हो,*
*र नयाँ जन्म भएअनुसार हामी स्वर्गका नागरिक भएका छौं;*

*यहाँ यात्री भएको नाताले हामी स्वर्गको घरको चाहना गर्छौं,*
*किनकि आउने युगमा हामी आफ्नो हिस्सा पाउनेछौं ।*

*यहाँ हामी परदेशी नै हौं;*
*यसकारण संसारमा हामीलाई कुनै घर चाहिँदैन –*
*एउटा यस्तो संसारमा, जुन संसारले तपाईंलाई एउटा चिहान मात्र दियो ।*
*तपाईंको क्रूसले हामीलाई संसारसित बाँधिएका सबै बन्धनहरूबाट छुटायो ।*
*तपाईं स्वयम् हाम्रो धन हुनुहुन्छ, त्यस उज्ज्वल स्वर्गीय देशमा ।*
*जेम्स जी. डेक*

तर के गर्ने ? यस प्रकारका भावनाहरू प्रस्तुत गर्ने भाषाचाहिँ हाम्रा आधुनिक भजनहरूबाट पूरा हटेको छ। मण्डली संसारमा ढुक्कै भएर बसेको छ; यसैले होला, हामीले आफ्ना गीतहरूमा आफ्नो अनुभव नाघ्न सकेनौं, कि कसो ? हुन पनि हो, हाम्रा रचनाहरूमा हामी आफ्नो अनुभव नाघेको भए हामी कपटी पो ठहरिनेथियौं, कि के हो ?

*'आत्माको विरोधमा युद्ध गर्ने शारीरिक अभिलाषाहरूबाट अलग बस !'* भन्ने अर्ती जब हामी पढ्छौं, तब तुरुन्तै हाम्रो पूर्वविचारअनुसार यी शारीरिक अभिलाषाहरूको सन्दर्भ व्यभिचारका पापहरू भएका हुन्छन् । तर यी शारीरिक अभिलाषाहरू हामी यस अर्थमा सीमित राख्नुहुँदैन । शारीरिक अभिलाषा भन्नाले हामीले जुनसुकै तीव्र चाहना बुझ्नुपर्छ, जुन चाहना परमेश्वरको इच्छाको विरोधमा छ, जस्तै खानु वा पिउनुमा अति-आसक्त हुनु, अत्याधिक सुताइले जीउलाई चाहिने भन्दा बढ़ी आराम दिनु, भौतिक सम्पत्ति थुपार्ने लालसा गर्नु वा सांसारिक सुखहरूले लट्ठ र लालित हुनु आदि । हाम्रो आत्मिक स्थास्थ्य हानि गर्ने कुराहरू यी नै हुन्, जुन कुराहरूले निरन्तर हाम्रो विरोधमा लड़ाइँ गरिरहेका हुन्छन् । यी कुराहरूले हाम्रो परमेश्वरसितको सङ्गतिमा बाधा पार्छन् । यी कुराहरूले हाम्रो आत्मिक वृद्धिमा रोकावट र अवरोधहरू ल्याउँछन् ।

**१ पत्रुस २:१२:** शारीरिक अभिलाषाहरू पूरा गर्ने क्षेत्रमा हामी होशियार बस्नुपर्छ र आत्मसंयमी हुनुपर्छ। यति मात्र होइन, तर अन्यजातिका मानिसहरूको बीचमा हाम्रो चालचलन असल[15)] हुनुपर्छ। त्यस बेलाको संसार मूर्तिपूजा गर्ने संसार थियो। तर आफ्नो पुस्तामा हामी वर्तमान संसारको ढाँचामा जिउनुहुँदैन। संसारको मार्चपासको तालमा हामी चल्नुहुँदैन।

तब यसको नतिजा के होला ? हाम्रो बदनाम र निन्दा गरिन्छ-गरिन्छ। श्री चार्लस् आर. एर्डम्यानले पत्रुसको जमानाको परिस्थिति यस प्रकारले बयान गरेका छन्:

> 'ख्रीष्ट-विश्वासीहरूलाई अधर्मीहरूको दोष लागेको थियो; किनकि उनीहरूले अन्यजातिहरूका देवीदेवताहरूको पूजा गर्दैनथिए। उनीहरूलाई मूर्ख र योगी भन्ने उपनाम दिइयो; किनभने उनीहरू लोकप्रिय पापाचारहरूदेखि अलग रहन्थे। अनि उनीहरूलाई देशभक्त नभएको देशद्रोहीको आरोप लाग्थ्यो, किनकि उनीहरूले स्वर्गका राजाको भक्ति गर्थे।' [16)]

तर के गर्ने ? यस प्रकारको निन्दाबाट बाँच्न सकिँदैन। तर यो पनि हामी भनिहालौं: ख्रीष्ट-विश्वासीहरूले संसारका मानिसहरूलाई आफ्नो निन्दा गर्ने कुनै उचित कारण दिनुहुँदैन। आरोप जेसुकै होस्, संसारका सबै आरोपहरू र निन्दाहरू हामीले असल कामहरूले खण्डन गर्नुपर्छ। सुकर्महरू हाम्रो अटुट साक्षी हुनुपर्छ। तब हाम्रा निन्दा गर्नेहरूलाई न्यायको दिनमा परमेश्वरको महिमा गर्ने बाध्यता हुने रहेछ।

'भेट हुने वा निरीक्षण हुने दिन' कि त प्रभु आफ्नो अनुग्रहमा हाम्रो नजिक आउनुहुने सुदिन हो, कि त हाम्रो न्याय हुने कुदिन हो। लूका १९:४१-४४ पदको खण्डमा यो शब्द चलाइएको छ, जसको सन्दर्भ यस प्रकारको छः प्रभु येशू यरूशलेमका निम्ति रुनुभयो; किनभने तिनीहरूले आफ्नो कृपादृष्टिको समय चिन्न सकेनन्। यसर्थ यरूशलेमका बासिन्दा-हरूले तिनीहरूलाई प्रेम र दया देखाउनुहुने मसीह आउनुभएको कुरा जानेनन्, बुझेनन्। तर यहाँ, पत्रुसको पहिलो पत्रमा भेट हुने दिनको अर्थ यस प्रकारको हुन्छ होला:

क) ख्रीष्ट-विश्वासीहरूको निन्दा गर्नेहरूको दिन आउँछ, जुन दिनमा परमेश्वरको अनुग्रह तिनीहरूलाई भेट्छ, र तिनीहरूले मुक्ति पाउनेछन्। कि त ख) त्यो दिन आउनेछ, जुन दिनमा यी मुक्ति नपाएका मानिसहरू परमेश्वरको सामु न्यायमा खड़ा हुनुपर्नेछ।

अर्थ क) को उदाहरण टार्ससको शावल हुन्। तिनी स्टिफनसलाई आरोप लाउनेहरूसित एकमत भएका थिए। तर स्टिफनसका सुकर्महरूले सबै विरोधीहरूको मुख बन्द गरे। अन्तमा परमेश्वरको दयामा उहाँको भेट शावलसँग भयो, दमस्कस जाने बाटोमा। अनि शावल, ती कठोर फरिसीले पश्चात्ताप गरेर परमेश्वरलाई महिमा दिए। अनि त्यसपछि स्टिफनसजस्तै तिनी एउटा बल्दो साक्षी बने, र तिनले ख्रीष्टले पूर्ण जीवनको तेजद्वारा अरू मानिसहरूलाई प्रभावित पारे।

यस सम्बन्धमा श्री जे. एच. जोवेटले यसो भनेका छन्ः

> 'एउटा सुन्दर जीवनको प्रभाव यस प्रकारको छः त्यसले मानिसहरूको मनमा महिमित परमेश्वरको उपासना गर्ने सद्भावना सृजना गर्छ। मानिसहरूले कुनै मरणशील मानिसमा परमेश्वरको सद्गुणको झलक देख्छन्, तब तिनीहरू आकर्षित भएर स्वर्गीय सङ्गतको खोजी गर्छन्। तिनीहरू हाम्रो बोलीको मिठासले आकर्षित हुनुहुँदैन, तर हाम्रो सुचरित्रको तेजले प्रभावित हुनुपर्छ। उच्च कोटिको जीवनमा जुन आग्रह गर्ने अनुग्रह छ, त्यस प्रकारको आग्रहद्वारा हामीले मूर्ख मानिसहरूको अज्ञानतालाई चुप पारिदिनुपर्छ। अनि यस रीतिले चुप पारिएका मानिसहरूका निम्ति यो मौनताचाहिँ आत्मसमर्पणको जीवनको प्रथम कदम बनिनेछ।' **18)**

अर्थ ख)को व्याख्याअनुसार यी मुक्ति नपाएका मानिसहरूले न्यायको दिनमा परमेश्वरलाई महिमा दिनुपर्नेछ। तिनीहरूसँग कुनै बहाना हुनेछैन; किनभने तिनीहरूले मुक्तिको सुसमाचार सुनेका थिए; तिनीहरूले आफन्तहरू, साथीहरू वा छिमेकीहरूमा ख्रीष्ट-विश्वासीहरूको उच्च जीवन देखेका थिए। तब परमेश्वरका छोराछोरीहरूको दोषरहित चालद्वारा परमेश्वर सच्चा र निर्दोष साबित हुनुहुनेछ।

## ख) १ पत्रुस २ः१३-१७ः सरकारसित उनीहरूको नागरिकको सम्बन्ध छ।

**१ पत्रुस २ः१३ः** अबको खण्डमा सरकारसित ख्रीष्ट-विश्वासीहरूको सम्बन्ध कस्तो हुनुपर्छ, सो पेश गरिन्छ (१ पत्रुस २ः१३-१७) अनि यस खण्डको कुञ्जी 'अधीनतामा बस्नु' भन्ने शब्द हो। यस पत्रमा यो शब्द चारपल्ट प्रयोग गरिएको छ, जस्तैः

**क)** *१ पत्रुस २ः१३ः* नागरिकहरू सरकारको अधीनतामा बस्नुपर्छ।

**ख)** *१ पत्रुस २ः१८ः* दासहरू आफ्ना मालिकहरूको अधीनतामा बस्नुपर्छ।

**ग)** *१ पत्रुस ३ः१ः* पत्नीहरू आफ्ना पतिहरूको अधीनतामा बस्नुपर्छ।

**घ)** *१ पत्रुस ५ः५ः* जवान विश्वासीहरू एल्डरहरूको अधीनतामा बस्नुपर्छ।

यस विषयमा श्री लेस्ली टी. ल्यॉलले यसो भनेका छन्ः

> 'सतावट गर्नेहरू, निन्दा गर्नेहरू र दोषारोपण गर्नेहरूका निम्ति ख्रीष्ट-विश्वासीहरूको एकमात्र प्रतिउत्तर यो होः एउटा दोषरहित जीवनको चरित्र, एउटा निन्दा गर्न नसकिने चाल र एउटा असल नागरिकको नमुना। ख्रीष्ट-विश्वासीको चरित्रको एउटा विशेषता अधीनतामा बस्न सक्ने उनीहरूको सद्गुण हो, जुन सद्गुणचाहिँ ख्रीष्टको जस्तो सद्गुण हो।' [18)]

मानिसहरूका शासन-प्रशासनहरू परमेश्वरको नियुक्तिअनुसार स्थापित भएका हुन् (रोमी १३ः१)। शासकहरू परमेश्वरका सेवकहरू हुन् (रोमी १३ः४)। शासकहरू ख्रीष्ट-विश्वासी नहोलान्; तापनि तिनीहरू परमेश्वरले खटाउनुभएका मानिसहरू हुन्। तिनीहरू तानाशाह र निरङ्कुश शासक किन नहोऊन्, तिनीहरूको शासन कुनै शासन-व्यवस्था नहुनुभन्दा असल हो। किनभने जहाँ शासन-व्यवस्था छैन, त्यहाँ अराजकता हुन्छ। अनि कुनै समाजले अराजकता सहन सक्दैन; किनभने अराजकताले जुनसुकै समाजलाई शेष पारिदिन्छ। सरकार नभएको भन्दा

जुनसुकै शासन-व्यवस्था हुनु नै निको छ। किनकि अन्धव्यवस्थाभन्दा एउटा नियम-व्यवस्था हुनु राम्रो। अनि ख्रीष्ट-विश्वासीहरूले प्रभुको खातिर आफूलाई हरेक शासन-व्यवस्थाको अधीनतामा सुम्पनुपर्छ, सुम्पन सक्नुपर्छ। यसो गरेर उनीहरूले उहाँको इच्छा पालन गर्छन्। अनि यसो गरेर उनीहरूले उहाँलाई खुशी पार्छन्। शासक राजा होऊन्, प्रधानमन्त्री होऊन्, जेसुकै उच्च अधिकारी किन नहोऊन्, आफूलाई तिनीहरूको अधीनतामा सुम्पने नियम यी सबैमा लागू हुन्छ; हो, सम्राट नेरो सिंहासनमाथि बसे पनि हामी सम्राट नेरोजस्तै दुष्ट शासकको अधीनतामा बस्नैपर्छ। प्रेरित पत्रुसको पत्रद्वारा ईश्वरीय अर्ती यस प्रकारको छ।

**१ पत्रुस २:१४:** *'चाहे शासकहरूको अधीनतामा होस्;'* यस ईश्वरीय आदेशमा अन्य उच्च पदाधिकारीहरू पनि समावेश छन्। तिनीहरूको अधीनतामा पनि हामी बस्नुपर्छ। तिनीहरू परमेश्वरबाट अधिकारप्राप्त मानिसहरू हुन्, जसले नियमकानुन भङ्ग गर्नेहरूलाई दण्ड र नियमकानुन पालन गर्नेहरूलाई स्याबासी दिन्छन्। वास्तवमा असल गर्नेहरूको प्रशंसा गर्न अधिकारीहरूलाई फुर्सद के हुन्थ्यो ? ! तिनीहरूलाई यसो गर्ने कहाँ मन हुन्थ्यो ! ? तर यस कुराले शासक-प्रशासकहरूको आज्ञापालन गर्नुपर्ने ख्रीष्ट-विश्वासीहरूको दायित्वमा कुनै फेरबदल ल्याउँदैन। यस सम्बन्धमा इतिहासकार श्री आर्नोल्ड टोयन्बीले आफ्नो विचार यसरी पोखेका छन्ः 'जबसम्म मानिसको स्वभावमा आदमको पापको प्रभाव रहन्छ, तबसम्म सरकारको काम घट्दैन, र सरकार सधैं व्यस्त रहनुपर्छ।'

सरकारको आज्ञापालनको सीमा छ। यस्ता अवस्थाहरू पनि हुन्छन्, जुन अवस्थाहरूमा सरकारका आदेशहरू मान्नुपर्दैन, अँ, मान्नुहुँदैन। जब कुनै सरकारले ख्रीष्ट-विश्वासीहरूलाई परमेश्वरको स्पष्ट इच्छाको विरोध गर्ने कुनै आदेश दिन्छ, तब ख्रीष्ट-विश्वासीले सरकारको हुकुम मान्नुहुँदैन। किनभने सरकारको नियमकानुनभन्दा उच्च नियम छः *'हामीले मानिसहरूको भन्दा परमेश्वरको आज्ञापालन गर्नुपर्छ'* (प्रेरित ५:२९)। अनि यस प्रकारको अनाज्ञाकारिताका निम्ति हामीले दण्ड भोग्नुपर्छ भने हामीले त्यो सजाय साहससित र खुशीसाथ भोग्नुपर्छ। तर

कुनै हालतमा पनि ख्रीष्ट-विश्वासीहरूले सरकारको राजद्रोह गर्नुहुँदैन, सरकारलाई ढल्न खोज्ने षड्‌यन्त्रमा भाग लिने कुरा पर जाओस् !

एक प्रकारले, बन्देज लागेका देशहरूभित्र पवित्र बाइबलका पुस्तकहरू लुकी-लुकी छिराउने काम ती देशहरूको सरकारको ऐन-कानुनको विरोध गरेको मान्नुपर्ला । तर अर्को प्रकारले यस्तो काम गर्नेहरूले मानिसहरूले स्थापित गरेका नियमकानुनभन्दा उच्च ईश्वरीय नियम पालन गरेका हुन्छन्, जुन नियम यस प्रकारको छः *'सारा संसारमा जाओ र हरेक प्राणीलाई सुसमाचार प्रचार गर !'* (मर्कूस १६ः१५) । यसकारण परमेश्वरको वचनको यस आधारमा तिनीहरूलाई कुनै दोष लाग्दैन ।

अर्को कुराः जब कुनै सरकारले ख्रीष्ट-विश्वासीहरूलाई आदेश गरेर उनीहरूलाई फौजमा भर्ती गर्न लाउँछ, के उनीहरूले यस प्रकारको नियम पालन गर्नुपर्छ ? के उनीहरूले हातहतियारहरू उठाउनुपर्छ ? यस विषयमा कुरा यस्तो छः जुन विश्वासीका निम्ति यो कुरा परमेश्वरको वचनको विरोध गरेको ठहरिन्छ, त्यस विश्वासीले कुनै हालतमा पनि हात-हतियारहरू उठाउनुहुँदैन, तर उसले कि त असमाघात फौजमा, कि त विवेकको उजुरदार हुनलाई हर किसिमको प्रयत्न गर्नुपर्छ । उसको केही सीप लाग्दैन भने, उसले सेनाको भर्ना-आदेश अस्वीकार गर्नुपर्छ र यस निर्णयको प्रतिफल भोग्नुपर्छ ।

तर यस्ता ख्रीष्ट-विश्वासीहरू पनि धेरै छन्, जसले फौजी जीवन रुचाउँछन् । अनि उनीहरूको विवेकले उनीहरूलाई यसो गर्न दिन्छ । यस सम्बन्धमा हाम्रो राय यस प्रकारको छः हरेक विश्वासीले आफ्नो मनमा यो कुरा निश्चित गर्नुपर्छ । अनि यस विषयमा जसको राय हाम्रो रायसँग मिल्दैन, उसको राय रहन दिन हामीले सक्नुपर्छ । यस कुरामा एकमत नहुने स्वतन्त्रता छ ।

ख्रीष्ट-विश्वासीहरूले भोट हाल्नुपर्छ कि हाल्नुपर्दैन ? उनीहरूले राजनीति गर्नु हुन्छ कि हुँदैन ? यस प्रकारको प्रश्नको भूमिका अर्को छ । किनभने प्रायः कुनै सरकारले आफ्ना नागरिकहरूलाई भोट गर्ने करमा पार्दैन । यसकारण यो कुरा आज्ञापालनको सवाल नै होइन । हामीमध्ये

हरेकजना परमेश्वरको वचनको प्रकाशमा हिँड्नुपर्छ। असल चालचलन र असल नागरिकको विषयमा परमेश्वरको वचनका नियमहरू के-के हुन्, सो हामीले जान्नुपर्छ र ती नियमहरूअनुसार चल्नुपर्छ। तर यस विषयमा कुरा यस्तो छः हामीले विभिन्न रायहरू रहन दिनुपर्छ। अरूहरू यस विषयमा हाम्रो जस्तो निष्कर्षमा आइनपुग्लान्, तब के? तब हामीले उनीहरूलाई हाम्रो राय अपनाउने करमा नपारौं!

**१ पत्रस २ः१५ः** *'परमेश्वरको इच्छा यही होः तिमीहरूले असल काम गरेर मूर्ख मानिसहरूको अज्ञानतालाई चुप पार्नुपर्छ।'* यसो हो भने, परमेश्वरका जनहरू इमानदार जीवन जिउनुपर्छ, यस हेतुले कि मुक्ति नपाएका मानिसहरूले उनीहरूको जीवनमा कुनै दोष वा खोट भेट्टाउनुहुँदैन। ख्रीष्ट-विश्वासीहरूले आफ्नो उदाहरणीय चालद्वारा मूर्ख मानिसहरूलाई र तिनीहरूले इसाई-धर्ममाथि लगाएका दोषारोपणहरू चुप पार्न सक्छन् अनि यसरी नै तिनीहरूको अज्ञानता प्रकट गर्नुपर्छ।

विश्वविद्यालयहरूमा होस्, विज्ञानको प्रयोगशालामा होस्, वा पुल्पिटबाट किन नहोस्, ख्रीष्ट-विश्वासीहरूमाथि र इसाई-धर्ममाथि खुरन्धार आइलागेको आरोपरूपी प्रहार र वज्रपात मूर्ख मानिसहरूको अज्ञानताको फल हो। यस सम्बन्धमा पत्रुसले के भनेका छन्? तिनले हामीलाई यसको विषयमा के उत्तर दिएका छन्? यस प्रकारको विरोध र प्रतिवादको सबैभन्दा असल उत्तर एउटा सुकर्मले युक्त पवित्र जीवन हो।

**१ पत्रुस २ः१६ः** स्वतन्त्र मानिसहरूको व्यवहार देखाओ! किनभने हामी सरकारका शासन-प्रशासनका उच्च अधिकारीहरूका दास होइनौं, न ता तिनीहरूको बन्धनमा हुन्छौं। हामी कसैको जीउ-जीउ गर्ने जीउजुरिया हुनुपर्दैन, कसैको डरत्रासको शिकार हुनुपर्दैन। किनभने हामी प्रभुका स्वतन्त्र मानिस भएका हौं। तर पाप गर्ने स्वतन्त्रता हाम्रो हुँदैन। स्वतन्त्रताको अर्थ यो कहिल्यै र कदापि हुँदैन। स्वतन्त्रताचाहिँ पाप गर्ने अनुमति-पत्र हुँदै होइन। स्वतन्त्रता भनेको छाड़ापना र अराजकता होइन। यसकारण हामीले आफ्नो स्वतन्त्रता कहिल्यै खराबी गर्नुमा बेप्रयोग गर्नुहुँदैन। पापमय अनाज्ञाकारिताले आत्मिक स्वतन्त्रताको भूटो भेष लिन

पाउँदैन। यस्तो दुर्व्यवहार कहिल्यै दोषमुक्त हुनेछैन नै। यस प्रकारको दुष्ट कपटमा धार्मिक पहिरन लगाउनुहँदैन। यसरी ख्रीष्टको काम र मान कुनै हालतमा पनि केही प्रगति गर्नै सक्दैन; होइन, तर यसरी उहाँको काममा बाधा पो पारिन्छ।

हामी परमेश्वरका दासहरू भएर जिउनुपर्छ। तब सरकारी अधिकारीहरूसित हाम्रो सम्बन्ध सठीक हुन जान्छ। उहाँका दास भएर हामीले उहाँको उपस्थिति सधैं महसुस गरेर काम गर्नुपर्छ; सबै कुराहरूमा हामीले उहाँको आज्ञापालन गर्नुपर्छ; सबै कुराहरूमा हामीले उहाँको महिमा गर्नुपर्छ। सबैभन्दा उत्तम नागरिक त्यही ख्रीष्ट-विश्वासी ठहर्छ, जो प्रभुको दास भएको जीवन जिउँछ। तर दुःखको कुरा हो, प्रायः कुनै सरकारले आफ्नो देशको हितमा यी इसाईहरूले कति ठूलो भूमिका खेलेका छन्, सो बुझ्दैन; यस्ता इसाईहरूले पवित्र बाइबलमाथि विश्वास गर्छन् र परमेश्वरको वचन पालन गर्छन्।

'परमेश्वरका दासहरू' भन्ने शब्दमा तपाईंले ध्यान दिनुहोला। किनकि यस विषयमा श्री एफ. बी. मेयरले यसो लेखेका छन्ः

> 'हामीलाई सबैभन्दा भयभीत लाग्ने कुराहरू लिएर स्वर्गले ती कुराहरू आफ्नो तेजद्वारा टल्कने पार्छ, यहाँसम्म कि आतङ्कको समानार्थका ती कुराहरू हाम्रो ताकका सर्वोच्च लक्ष्यहरू पो बन्दछन्।' [19)]

**१ पत्रुस २ः१७ः** जीवनको कुनै क्षेत्र ख्रीष्ट-विश्वासीको जिम्मेवारीदेखि बाहिर हुँदैन। यसकारण पत्रुसले चारवटा छोटा, मीठा आज्ञाहरू दिएर यहाँ यी जीवनका क्षेत्ररूपी चरित्र-माला प्रस्तुत गर्छन्।

*'सबैलाई आदर गर!'* मानिसहरूका शब्दहरू वा मानिसहरूको व्यवहार सधैं आदरयोग्य हुँदैनन्। तर हरेक मानिसको जीवन सारा संसारको मूल्यभन्दा मूल्यवान् हो भन्ने कुरा हामीले सधैं याद गर्न सक्छौं। हरेक मानिस परमेश्वरको समानतामा, उहाँको प्रतिरूपमा बनाइएको सृष्टि हो भन्ने कुरा हामीले स्मरण गर्न सक्छौं। अनि यो कुरा पनि कहिल्यै नभुलौंः प्रभु येशू सबैभन्दा अयोग्य र अभागी मानिसका निम्ति मर्नुभयो, र उहाँले त्यसका निम्ति आफ्नो बहुमूल्य रगत बगाउनुभयो।

*‘भाइबन्धुहरूलाई प्रेम गर !’* हामीले सबै मानिसहरूलाई प्रेम गर्नुपर्छ; तर विशेष गरी हामीले आफ्नो आत्मिक परिवारको एक-एक सदस्य-सदस्यालाई प्रेम गर्नुपर्छ। परमेश्वरको प्रेमको प्रतिबिम्ब हामी हौं र हामी हुनुपर्छ। उहाँको प्रेम कमाउन सकिँदैन; कोही पनि कहिल्यै त्यसको योग्य हुन सकिँदैन। तर उहाँको प्रेम प्रेमरहित मानिसहरूकहाँ पुग्छ। उहाँको प्रेमले कसैबाट प्रेम गरेको इनाम खोज्दैन। उहाँको प्रेम मृत्युभन्दा बलवान् हुन्छ।

*‘परमेश्वरको डर मान !’* उहाँको डर तब मानिन्छ, जब हामी उहाँलाई सर्वोच्च परमप्रभुको रूपमा मान गर्छौं। तब उहाँको महिमा गर्नु हाम्रो परम लक्ष्य हुन जान्छ। उहाँलाई कुनै कुराले बेखुशी तुल्याउने हाम्रो डर हुन्छ। अनि मानिसहरूको सामु हामीले उहाँलाई सठीक ढङ्गले होइन, तर अयथार्थमा प्रस्तुत पो गर्छौं कि भन्ने डर हामीलाई लागेको हुन्छ।

*‘राजाको सम्मान गर !’* यो अन्तिम आदेश दिएर पत्रुस सरकारी शासकहरूकहाँ फर्केर आउँछन्। हामीले आफ्ना शासक-प्रशासकहरूलाई परमेश्वरले खटाउनुभएका कर्मचारीको रूपमा सम्झना गर्नुपर्छ, जसले समाजलाई सुव्यवस्थित गर्न त्यसका नियमकानुनहरू कायम राख्छन्। यसको मतलब यो होः हामीले कर तिर्नुपर्छ, जसरी लेखिएको छः *‘यसकारण सबैलाई तिनीहरूलाई दिनुपर्ने कुरा देओः जसलाई कर दिनुपर्छ, उसलाई कर देओ !, जसलाई भन्सार दिनुपर्छ, उसलाई भन्सार देओ !, जसलाई डर दिनुपर्छ, उसलाई डर देखाओ, र जसलाई आदर दिनुपर्छ, उसलाई आदर देखाओ !’* (रोमी १३ः७)। सामान्य अर्थमा, ख्रीष्ट-विश्वासीहरू हरेक प्रकारको सरकारको अधीनतामा बस्न सक्छन्। तर यसो गर्दा उनीहरूले प्रभु येशू ख्रीष्टप्रतिको निष्ठा र उहाँप्रतिको आज्ञाकारिता कहिल्यै खतरामा राख्न पाउँदैनन्।

## ग) १ पत्रुस २ः१८-२५ः मालिकहरूसित उनीहरूको नोकरको सम्बन्ध छ।

**१ पत्रुस २ः१८ः** यहाँ ध्यान दिन लायकको कुरा छः नयाँ नियममा राजाहरूका निम्ति भन्दा दास र नोकरहरूका निम्ति बढ़ी आदेशहरू पाइँदा

रहेछन्। शुरुका विश्वासीहरूमध्ये धेरैजना नोकरहरू थिए। अनि पवित्र धर्मशास्त्रको गवाहीअनुसार प्रायः सबै ख्रीष्ट-विश्वासीहरू समाजको मध्यवर्ती वा तल्लो श्रेणीका थिए (मत्ती ११:५, मर्कूस १२:३७ र १ कोरिन्थी १:२६-२९)।

यस खण्डमा घरका नोकरहरूको सिलसिलामा लेखिएको छ। अनि यहाँ प्रस्तुत गरिएका नियमहरू जुनै पनि जागिर, जुनसुकै नोकरी, जुनै पनि रोजगारमा लागू हुन्छन्। अनि हर प्रकारको भय राखेर आफूलाई आफ्ना मालिकहरूको अधीनतामा सुम्पनु यसको आधारभूत नियम हो। सामाजिक जीवनभित्र त्यसको अस्तित्वको एउटा नभई नहुने एउटा नियम यस प्रकारको छः जुनसुकै समाज वा जुनसुकै संस्थामा कुनै अधिकारीवर्ग हुनुपर्छ र त्यस अधिकारीवर्गको अधीनस्त रहेका तिनीहरूको आज्ञापालन गर्ने कोही-कोही हुनुपर्छ। यसकारण आफूलाई आफ्ना मालिकको अधीनतामा सुम्पने हरेक नोकरले आफ्नो भलाइ गर्दो रहेछ; किनभने यस प्रकारले उसको नोकरी बस्छ। तर ख्रीष्ट-विश्वासीहरूका निम्ति यो कुरा झन् बढ़ी महत्त्वपूर्ण हुन्छ; किनभने उनीहरूका निम्ति यहाँ ज्याला, तलब, तनखा, वेतनभन्दा ठूलो कुरा छ। उनीहरूको असल साक्षी यसैमाथि भर पर्छ।

हाम्रो आज्ञाकारिता हामीलाई काममा खटाउने नियोक्ताको आचार-व्यवहारमा निर्भर गर्नुहुँदैन। किनकि असल र कोमल मालिकको अधीनतामा जो पनि बस्न सक्छ। तर ख्रीष्ट-विश्वासीहरूलाई यो आज्ञा र बोलावट छ, कि उनीहरू यो साधारण कुरा नाघेर असाधारण आचरण देखाउनुपर्छ अनि टेढ़ा र रूखा मालिकहरूसित आदरपूर्वक व्यवहार गर्नुपर्छ। योचाहिँ उच्च कोटिको इसाई-व्यवहार हो।

**१ पत्रुस २:१९:** अनि हाम्रो अन्याय हुँदा हामीले कति दुःख सहनुपर्ला; तर यसमा हामी परमेश्वरको स्याबासी पाउँछौं। किनभने उहाँसित हाम्रो सम्बन्ध कायम राख्नलाई हामी निर्दोष साबित हुने र आफ्नो विरोध जनाउने केही कोशिश नगरीकन बरु अन्याय र दुःख भोग्न तयार भएको कुरामा उहाँलाई खुशी लाग्छ। जब हामी विनीत र विनयी भएर

अन्यायको व्यवहार सहन्छौं, तब हामी ख्रीष्टको प्रदर्शन गर्छौं; किनभने अलौकिक जीवनको जियाइ यो हो, जुन प्रकारको जीवनले परमेश्वरको मुखबाट 'स्याबास, असल नोकर' भन्ने तारिफ सुन्न पाउनेछ।

**१ पत्रुस २:२०:** आफ्ना भूलचूक र अपराधहरूका निम्ति हामीले सजाय पाउँदा यो सजाय भोग्नुमा कुनै स्याबासी दिनुपर्ने सद्‌गुण नहोला, अनि यसबाट परमेश्वरको महिमा अवश्य हुँदैन; किनभने यस प्रकारको दुःखभोगाइले हामीलाई कहिल्यै ख्रीष्ट-विश्वासीहरूको रूपमा चिनाउँदैन; यसको कारणले कुनै मानिसले ख्रीष्ट-विश्वासी बन्न चाहँदैन। तर भलाइका निम्ति धैर्यसाथ दुःख भोग्नु खास कुरा हो; यस कुरामा ठूलो महत्त्व छ। यस प्रकारको दुःखभोगाइ यति अस्वाभाविक, यति अलौकिक हो, कि यसद्वारा यहाँसम्म मानिसहरूलाई धक्का लाग्ला, कि तिनीहरू आफ्नो पापको विषयमा कायल बन्न, र सम्भवतः मुक्ति पनि पाउन सक्छन्।

**१ पत्रुस २:२१:** ख्रीष्ट-विश्वासीहरूले धार्मिकताका निम्ति दुःख भोग्नुपर्छ भन्ने सिलसिलामा विचार गर्दा लेखकको मन प्रभु येशू हाम्रो सर्वोत्तम नमुनामाथि परेको स्वाभाविक कुरा हो। यसकारण तिनले यो उत्कृष्ट परिच्छेद हाम्रो सामु पेश गर्छन्। किनभने प्रभु येशूले जस्तो कसैले पनि अन्याय सहनुपरेको छैन; अनि कसैले पनि उहाँले जस्तो अन्याय धैर्यसाथ सहेको पनि छैन।

हाम्रो बोलावट यस प्रकारको छः हामीले उहाँले गर्नुभएझैं अरू मानिसहरूका गल्ती र कसुरहरूको खातिर दुःख भोग्नुपर्छ। 'नमुना'को निम्ति प्रयोग गरिएको ग्रीक शब्दको खास अर्थअनुसार यो एउटा यस्तो गुरुकापिरूपी खाता हो, जसमा एउटा त्रुटिरहित गुरुलेख लेखिएको हुन्छ, जुन गुरुलेखको दुरुस्त नकल विद्यार्थीहरूले गर्न खोज्छन्। अनि नकल गर्ने काम तब सफल मानिन्छ, जब कुनै विद्यार्थीले गुरुलेखको नमुना होशियारसाथ जस्तोको त्यस्तै आफ्नो कापीमा सार्छ। तर गुरुलेखको नमुनाबाट यताउता भएको नकल कमसल काम मानिन्छ। हामी प्रभुको नमुना नकल गर्नेहरू गुरुलेखको उच्च कोटिको उदाहरणमा आड़ लिएर त्यसैमा रहनुपरेको छ। तब हाम्रो यो काम सफलता मानिन्छ।

**१ पत्रुस २ः२२ः** हाम्रा प्रभु येशू आफ्ना पापहरूका निम्ति दुःख भोग्नुभएन; किनकि उहाँको एउटै पाप थिएन। *'उहाँले पाप जान्नुभएन'* (२ कोरिन्थी ५ः२१); *'उहाँले पाप गर्नुभएन'* (१ पत्रुस २ः२२); *'उहाँमा कुनै पाप छँदैछैन'* (१ यूहन्ना ३ः५)।

उहाँको मुखको बोलीमा छलको दागधरि थिएन। उहाँले कहिल्यै झूट बोल्नुभएन, र सत्यता कुनै कुराले ओझेल पार्नुभयो। एक समयमा उहाँजस्तो पूर्णतया इमानदार र बिलकुल छलकपटरहित मानिस यस धरतीमा जिउनुभएको कुरा हामी एकक्षण स्मरण गरौं!

**१ पत्रुस २ः२३ः** मानिसहरूले उहाँको रिस उठाउन खोजेको बेलामा उहाँ शान्त रहनुभयो। उहाँले मानिसहरूको गाली खाएर त्यस प्रकारले गाली फर्काउनुभएन। उहाँलाई दोष लगाइँदा उहाँले मुख फर्काउनुभएन। उहाँलाई आरोप लगाइँदा उहाँले आफ्नो सफाइ गर्नुभएन। अचम्म, आफूले आफूलाई निर्दोष साबित गर्ने इच्छाबाट उहाँ पूरा मुक्त हुनुहुन्थ्यो।

एकजना अज्ञात लेखकको रचना यस प्रकारको छः

> 'कुनै उचित कारणविना दोषी ठहरिएको अवस्थामा चुप रहनु साँच्चै गहन विनम्रताको लक्षण हो। आफ्नो अपमान र अन्याय गरिँदा चुप लाग्ने मानिसले हाम्रा प्रभु येशूको उच्च नमुनाको अनुसरण गरेको छ। उहाँले जे जति दुःखहरू सहनुभयो, ती दुःखहरूमध्ये एउटै पनि उहाँ पाउनु योग्य हुनुहुन्नथियो। के यो कुरा हामीलाई याद हुँदैन? तब हामीले आफ्नो प्रतिरक्षा वा आफ्नो सफाइ गर्न खोजेको बेलामा हामी आफ्नो यो चेतना किन यति चाँडै गुमाइपठाउँछौं त?'

*'उहाँले दुःख भोग्नुहुँदा धम्काउनुभएन।'* उहाँको मुखबाट कहिल्यै कुनै निर्दयी शब्द, कुनै धम्कीको शब्द निस्किँदैनथियो। हुन सक्छ, उहाँको हामला गर्ने मानिसहरूले उहाँको मौनतामा उहाँको कमजोरता देखे होलान्। तर तिनीहरूले उहाँको यस मौनताको जाँच लिएका भए तिनीहरूले यसमा कमजोरता होइन, तर अलौकिक शक्तिको प्रदर्शन पो देख्न सक्नेथिए।

*'उहाँले आफूलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पनुभयो।'* निर्दोषीमाथि आइपरेको यस दुर्व्यवहारको सामना गर्ने उहाँको शक्तिको रहस्य यसैमा थियो। उहाँले परमेश्वरमाथि पूरा भरोसा गर्नुभयो; उहाँले समुचित न्याय गर्नुहुन्छ। अनि हाम्रो बोलावट पनि उस्तै छ, जसरी लेखिएको छः

*'हे प्रियहरूहो, तिमीहरू आफैले बदला नलेओ, बरु क्रोधलाई ठाउँ देओ; किनकि यसो लेखिएको छः "बदला लिने काम मेरो हो; म नै बदला दिनेछु, परमप्रभु भन्नुहुन्छ।" यसकारण "तिम्रो शत्रु भोकाउँछ भने त्यसलाई खान देऊ; यदि त्यो तिर्खाउँछ भने त्यसलाई पिउन देऊ; किनकि यसो गर्नाले तिमीले त्यसको टाउकोमाथि आगोको भुङ्ग्राको रास लाउनेछौ।" खराबीसँग नहार, तर भलाइले खराबीलाई जित!'*

रोमी १२ः१९-२१

**१ पत्रुस २ः२४ः** मुक्तिदाता प्रभुको दुःखभोगाइ हाम्रा निम्ति एउटा नमुना हो; तर यति मात्र होइन, उहाँका दुःखहरूद्वारा प्रायश्चित्तको काम पनि पूरा गरिएको थियो। यस सम्बन्धमा हामी उहाँको अनुसरण गर्नै सक्दैनौं, अनि गर्नुपर्दैन पनि; किनकि पत्रुसले हामीलाई 'यस प्रकारको अनुसरण गर्ने प्रयत्न गर' भन्ने सुझाउ दिएका छैनन्। तर तिनको तर्क यस प्रकारको छः मुक्तिदाता प्रभुले जुन कष्टहरू सहनुपरेको थियो, ती कष्टहरू उहाँका पापहरूको फल थिएन; किनभने उहाँमा कुनै पाप थिएन। तर उहाँ हाम्रा पापहरूको खातिर क्रूसमा टाँगिनुभयो। अनि उहाँले एकैपल्टमा सधैंका निम्ति हाम्रा पापहरूको खातिर दुःख भोगिसक्नुभयो। यसकारण हामी कहिल्यै आफ्ना पापहरूको खातिर दुःख भोग्नुपर्ने परिस्थितिमा आइपुग्नुहुँदैन। उहाँ हाम्रा पापहरूको खातिर मर्नुभयो; यसकारण हामी आफ्ना पापहरूको लेखि मर्नैपर्छ। हामी पापको लेखि मर्नु मात्र होइन, तर धार्मिकताको लेखि पनि जिउनुपर्छ; किनभने एक हातले ताली बज्दैन। अनि परमेश्वरको भलाइ फर्काउने हाम्रो सिक्काका दुई पट्टिहरू छन् नि!! हामी धार्मिकताको लेखि जिउनैपर्छ।

*'उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ ।'* यहाँ चोटहरूका निम्ति प्रयोग गरिएको ग्रीक शब्द एकवचनमा छ; हुन सक्छ, उहाँको शरीर एउटै मात्र चोट भएझैं चोटैचोट परेको थियो । तब पापप्रति हाम्रो भावना के भए सठीक होला ? हाम्रो चङ्गाइमा मुक्तिदाता प्रभुको खर्च कति परेको थियो, सो विचार गर्नुहोस् ! यस सम्बन्धमा (इस्वी संवत् ३९३-४५७) साइरसको श्री थेओडोरेटले यस प्रकारको टिका गरेका छन्ः 'निको पार्ने कति अनौठो तरिका ! दिव्य डाक्टरलाई सबै खर्च लाग्नु, र बिरामीले सित्तैंमा चङ्गाइ पाउनु कति अचम्म !'

**१ पत्रुस २ः२५ः** प्रभु येशूकहाँ फर्कनुभन्दा अघि *'हामी भेड़ाहरूजस्तो भड्किरहेका थियौं'* – हामी हराएका भेड़ाहरू थियौं ! धुजा-धुजा पारिएका र चोटपटक लागेकाहरू, घाइते र रगतपच्छे हामी ! पत्रुसले यहाँ भड्किरहेका भेड़ाहरूको कुरा गरेछन्, जुन छैटौं कुराको सन्दर्भ पनि यशैयाको पुस्तकको त्रिपन्न अध्याय हो । छपल्ट तिनले यस अध्यायको सन्दर्भमा आफ्नो लेख्ने आड़ लिएका छन्, जस्तैः

**क)** *१ पत्रुस २ः२१ः 'ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो ।'* (सन्दर्भ-पदः यशैया ५३ः४-५)

**ख)** *१ पत्रुस २ः२२ः 'उहाँले कुनै पाप गर्नुभएन, न ता कुनै छलकपट नै उहाँको मुखमा पाइयो ।'* (सन्दर्भ-पदः यशैया ५३ः९)

**ग)** *१ पत्रुस २ः२३ः 'उहाँले गाली खाएर सट्टामा गाली दिनुभएन ।'* (सन्दर्भ-पदः यशैया ५३ः७)

**घ)** *१ पत्रुस २ः२४[ख]ः 'उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो ।'* (सन्दर्भ-पदः यशैया ५३ः४ र ११)

**ङ)** *१ पत्रुस २ः२४[ग]ः 'उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ ।'* (सन्दर्भ-पदः यशैया ५३ः५)

**च)** *१ पत्रुस २ः२५ः 'किनकि तिमीहरू भेड़ाहरूजस्तो भड्किरहेका थियौ ।'* (सन्दर्भ-पदः यशैया ५३ः६) ।

जुन बेलामा हामीले मुक्ति पायौं, त्यस बेलामा हामी आफ्ना आत्माको गोठालाकहाँ फर्क्यौं । प्रभु येशू ती असल गोठाला हुनुहुन्छ, जसले आफ्ना भेड़ाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्नुभयो (यूहन्ना १०:११) । उहाँ ती महान् गोठाला हुनुहुन्छ, जसले प्रेम र अथक परिश्रमको साथ आफ्नो बगालको हेरचाह गर्नुहुन्छ (हिब्रू १३:२०) । अनि उहाँ ती मुख्य गोठाला हुनुहुन्छ, जो अब चाँड़ै देखा पर्नुहुनेछ (१ पत्रुस ५:४); अनि त्यस घड़ीमा उहाँले आफ्ना भेड़ाहरू हरिया खर्कहरूतिर लैजानुहुनेछ, जुन खर्चहरूबाट तिनीहरू कहिल्यै कुनै हालतमा पनि फेरि भड्किएर जानेछैनन् ।

प्रभुकहाँ फर्केको मानिस आफ्नो आत्माको रक्षककहाँ [20)] फर्केको छ । सृष्टिकर्ताको नाताले हामीमाथि उहाँको हक थियो; तर हामी पापमा हरायौं । अबचाहिँ हामी उहाँको देखरेखमा फर्क्यौं; हामी उहाँको हातमा ढुक्कै र अनन्तसम्म सुरक्षित हुन्छौं ।

## घ) १ पत्रुस ३:१-६: पतिप्रति पत्नीको सम्बन्ध यस प्रकारको हुनु छ ।

**१ पत्रुस ३:१:** अघि प्रेरित पत्रुसले ख्रीष्ट-विश्वासीहरू सरकारको अधीनतामा बस्ने, साथै इसाई नोकरहरू आफ्ना मालिकहरूको अधीनतामा रहने कुरामा जोड़ दिए । यो उनीहरूको कर्तव्य हो । अनि अबचाहिँ तिनले इसाई पत्नीहरू आफ्ना पतिहरूको अधीनतामा बस्ने कुरा सिकाउन लागेका छन् ।

हरेक पत्नी आफ्नो पतिको अधीनतामा बस्नुपर्छ, चाहे पति ख्रीष्ट-विश्वासी होऊन्, कि नहोऊन् । परमेश्वरले परिवारमा पुरुषलाई त्यसको शिर हुने स्थान दिनुभयो । अनि उहाँको इच्छा छ, कि स्त्रीले पुरुषको यो अधिकार स्वीकार गर्नुपर्छ । पति-पत्नीको बीचको सम्बन्धले ख्रीष्ट र मण्डलीको बीचको सम्बन्ध सचित्र गर्छ । अनि मण्डलीले ख्रीष्ट येशूको आज्ञापालन गरेझैं पत्नीले पनि आफ्नो पतिको आज्ञापालन गर्नुपर्छ ।

तर के गर्ने ? हाम्रो आधुनिक समाजमा अब यस नियमका निम्ति ठावैं छैन । स्त्रीहरूले पुरुषमाथि अधिकार जमाउने जग्गाहरू ओगटेका छन् ।

अनि हाम्रो समाजमा मातृसत्ताको प्रभाव बढ़ेको छ। अनि मण्डलीहरूको कुरा गर्नु हो भने, त्यहाँ पनि कुरा उस्तै छः हाम्रा दाजुभाइहरूभन्दा हाम्रा दिदीबहिनीहरू पो बढ़ी सक्रिय र प्रतिभाशाली छन्। तर परमेश्वरको वचन स्थिर रहन्छ। दिव्य आदेश र नियमअनुसार परिवारको शिर पुरुष अर्थात् पति हुन्। स्त्री-जातिले पुरुष-जातिमाथि अधिकार जमाउने कुरा पुष्टि गर्न उचित र न्यायसँगत तर्कहरू जति पनि पेश गरिऊन्, यो बुझ्नुहोस्ः जहाँ स्त्रीले पुरुषको अधिकार खोस्छे, त्यहाँ अन्तमा गड़बड़ी र दुर्व्यवस्थाबाहेक अरू कुनै नजिता पनि हुँदै-हुँदैन।

पत्नीको पति ख्रीष्ट-विश्वासी नभएको खण्डमा पनि पत्नीले आफ्नो पतिलाई आफ्नो शिरको रूपमा मान्नुपर्छ। त्यो कुरा तिनको निम्ति ख्रीष्टमा उसको विश्वासको गवाही बन्दछ। अनि हुन सक्छ, आज्ञाकारी, प्रेमी, पतिव्रत पत्नीको सुचरित्रले एकदिन उसको पतिलाई मुक्तिदाता प्रभुकहाँ ल्याउने माध्यम बन्ला।

अनि पत्नीले आफ्नो पतिलाई शब्दविना जित्न सक्छे। उसले आफ्नो पतिलाई सदैव प्रचार गरिरहनुपर्दैन। कति किचकिच गर्ने पत्नीहरू छन्, जसले जबरजस्ती आफ्ना पतिहरूभित्र सुसमाचार कोच्न खोजेर ठूलो हानि गरेका छन्। तर यहाँ, यस खण्डको जोड़ यसमा छः पत्नीले दिन प्रतिदिन ख्रीष्टको जीवन देखाएर आफ्नो पतिलाई जित्न सक्छे, सक्ने रहिछे।

तर मानौं, कुनै पत्नीको पतिले उसलाई ख्रीष्टीय जीवन जिउनमा बाधा पार्छन्, तब कसो हो ? उसले त्यस परिस्थितिमा के गरे असल र उपयोगी हुन्छ होला ? पतिले पत्नीलाई परमेश्वरको वचनको सुस्पष्ट आज्ञा उल्लङ्घन गर्न लाउँदा उसले आफ्नो पतिको आदेश पालन गर्नुपर्दैन, तर प्रभुप्रति विश्वासयोग्य रहनुपर्छ। तर सम्बन्धित कुरा परमेश्वरको कुनै आज्ञा होइन, तर इसाई सुविधाहरूमध्ये कुनै एक हो भने, उसले आफ्नो पतिको आज्ञा मान्नुपर्छ र आफ्नो यो सुविधा छोड़्नुपर्छ।

पत्रुसले यहाँ इसाई पत्नीको अविश्वासी पति भएको कुरा गरे; यसर्थ तिनले अइसाई मानिससँग ख्रीष्ट-विश्वासीको विवाह भएको कुरा सिफारिस गरेको हुँदैन। यो कुनै हालतमा पनि परमेश्वरको इच्छा हुनै

सक्दैन। प्रेरित पत्रुसले यहाँ अर्को परिस्थितिको विषयमा कुरा गरेका छन्, जहाँ विवाह गरेपछि कुनै पतिकी पत्नीले मुक्ति पाएकी छे। यस परिस्थितिमा इसाई पत्नीले आफ्नो अइसाई पतिको अधीनतामा बस्नैपर्छ।

**१ पत्रुस ३ः२ः** अइसाई पति आफ्नी पत्नीको पतिव्रत, पवित्र चरित्रले प्रभावित हुन सक्छन्। हुन सक्छ, परमेश्वरको आत्माले तिनलाई आफ्नो पापी अवस्थाको विषयमा कायल पार्नुहुन्छ कि? अनि तिनले एकदिन ख्रीष्ट येशूमाथि विश्वास गर्लान्।

श्री जर्च मुल्लरले जर्मनीको धनवान् मानिसको कुरा गरे, जसकी पत्नी ख्रीष्ट-भक्त विश्वासी नारी थिइन्। ती मानिस धेरै मद्यपान गर्ने पियक्कड़ थिए, जो मध्यरातसम्म रक्सीको भट्टीमा बस्ने गर्थे। तिनकी पत्नीले आफ्ना नोकरचाकरहरू सबैलाई सुत्न पठाउँथिन्, र सधैं आफ्ना पतिका लागि कुरिबस्थिन्। यिनले आफ्नो पतिलाई कुनै गाली दिदिनथिन्, गुनासो पनि गर्दिनथिन्, तर प्रेमसाथ स्वागत् गर्थिन्। यस्ता समयहरू पनि थिए, जब यिनले आफ्ना पतिका लुगा फेर्नु र तिनलाई सुताउनुपर्थ्यो।

एक रातको कुरा होः पति आफ्ना साथीहरूसित रक्सीको भट्टीमा थिए। अनि तिनले तिनीहरूलाई यसो भनेः 'म बाजी ठोकेरै भन्छु, हामी मेरो घरमा गयौं भने हामीले पक्का पनि मेरी पत्नीलाई मलाई कुरेर बसिरहेकी भेट्टाउँछौं। यिनले ढोका खोलेर हामीलाई हार्दिक स्वागत गर्नेछिन्, र मेरो विन्तीमा हाम्रा निम्ति रात्रिभोजन तयार गर्नेछिन्।'

तिनका साथीहरूले तिनको यो कुरा पत्याएनन्। तर तिनीहरूले गएर हेर्ने निर्णय गरे। अनि नभन्दै तिनकी पत्नी ढोकामा आइन्, र तिनीहरूलाई शिष्टतापूर्वक स्वागत् गरिन्। तिनको विन्तीमा यिनले अलिकति पनि झर्को नमानी तिनीहरूका निम्ति रात्रिभोजन तयार गरिन्। यिनले तिनीहरूको सामु खाना पस्किन्, त्यसपछि यिनी आफ्नो कोठामा गइन्। यिनी तिनीहरूको उपस्थितिबाट जानासाथ एकजना साथीले पतिचाहिँलाई दोष लगाएरै भनेः 'अरे, यस्ती भद्र, सुशील नारीलाई यस प्रकारको दुःख दिने तिमी कस्तो मान्छे हँ?' अनि दोष लगाउने यही साथी खाना खाइ-नसकेर त्यहाँबाट हिँड़्यो। अनि अर्को साथीले पनि त्यस्तै गर्‍यो। यसरी तिनका जम्मै साथीहरू खाना नखाई एक-एक गरी निस्के।

आधा घण्टाभित्र पतिचाहिँ आफ्नो दुष्टताको विषयमा, विशेष गरी आफूले आफ्नी पत्नीसित देखाएको आफ्नो प्रेमरहित व्यवहारको विषयमा पूरा कायल भए। तिनी उठेर आफ्नी पत्नीको कोठामा गए; अनि तिनले यिनलाई 'मेरो लागि प्रार्थना गर' भन्ने विन्ती गरे। तत्कालै तिनले आफ्ना पापहरू मानिलिए र आफ्नो जीवन ख्रीष्ट येशूलाई समर्पण गरे। अनि त्यस समयदेखि तिनी प्रभु येशूको भक्ति गर्ने चेला भए। पत्नीको एउटै शब्दविना तिनको आत्मा जितियो।

यस सिलसिलामा श्री जर्च मुल्लरले यस प्रकारको सल्लाह दिएका छन्ः

> 'प्रिय मित्रहो, मुक्ति नपाएका आफन्तहरूबाट दुःख खप्नुपर्दा निराश नहुनुहोस्! किनभने हुन सक्छ, थोरै समयभित्र प्रभु येशूले तपाईंको हृदयको चाहना पूरा गर्नुहुन्छ र तिनीहरूको सम्बन्धमा तपाईंको प्रार्थनाको उत्तर दिनुहुन्छ होला। तर त्यस दिनसम्म सत्यताको सिफारिस गर्ने कोशिश गर्नुहोस्! तपाईंप्रतिको कुव्यवहारको विषयमा तिनीहरूलाई दोष लगाउने काम नगरेर, तर तिनीहरूप्रति प्रभु येशूको नम्रता, कोमलता र दया देखाएरै तपाईंले यसो गर्नुहोला!' [21)]

**१ पत्रुस ३ः३ः** यसो हेर्दा विषयवस्तु स्त्रीहरूको लवाइमा बदली भएको भान लाग्छ, तर खास गरी प्रेरित पत्रुसले आफ्नो अघिको विषयवस्तुमा रहेर पत्नीले आफ्ना पतिलाई खुशी पार्ने र तिनको सेवाटहल गर्ने सबैभन्दा असल तरिकाहरू बताउँछन्। पत्नीको बाहिरी रूप र भेषभूषाको प्रभावले आफ्ना पतिलाई प्रभावित पार्ने होइन, तर उसभित्र भएको पवित्रताले र ऊ आफ्ना पतिको अधीनतामा बस्नाले उसले तिनलाई प्रभाव पार्छे।

कुनचाहिँ सिँगारपटार गर्नु मनाही गरिएको छ?

**क)** *केश बाट्नु* – कतिजनाको विचारमा, मर्यादित केश-पटाइ लगायत जुनसुकै केशको बटाइ मनाही गरिएको छ; तर सम्भवतः पत्रुसले उहिलेको रोम र अन्य ठाउँहरूमा लोकप्रिय भएका तह-तह पारिएका चुल्ठा-बटाइरूपी केशविन्यासहरूको कुरा गरेका छन्।

**ख)** *सुनका गरगहना लाउनु* – कतिजनाले पत्रुसको यस भनाइमा सुन पटक्कै लाउनुहुँदैन भन्ने अर्थ लाउँछन् भने, अरूले प्रेरितको अर्ती स्वाङ्ले पूर्ण, शिष्टाचारको हददेखि बाहिर जाने गरगहनाहरूमा सीमित राख्छन्।

**ग)** *परीपरीका वस्त्रहरू पहिरनु* – अरू केही होइन, तर आडम्बरी, देखावटी पहिरन मनाही गरिएको छ। यशैया ३ः१५-२६ पदको खण्ड पढ्नुहोस्, तब परमेश्वरले हर प्रकारको नचाहिँदो भेषभूषाको विषयमा के विचार गर्नुहुन्छ, सो तपाईं जान्नुहुन्छ।

# इसाई पहिरनः

लुगाफाटा र गरगहनाको सम्बन्धमा सबै ख्रीष्ट-विश्वासीहरूका निम्ति, चाहे पुरुष, चाहे स्त्री होस्, उनीहरूका निम्ति लागू हुने मार्गदर्शन र निर्देशनहरू छन्। यसको पहिलो नियम लुगाहरूको दामको विषयमा छ। हामीले लुगाफाटाका निम्ति कति खर्च गर्छौं ? यी जम्मै लुगाहरू किन्न आवश्यक छ कि छैन ? के लुगाभन्दा राम्रो पैसा खर्च गर्ने ठाउँ छैन, कि के हो ?

१ तिमोथी २ः९ पदमा यसरी लेखिएको छः *'यही प्रकारले स्त्री-हरूले लज्जालु स्वभाव र आत्मसंयमसित सुहाउँदो वस्त्रले आफूलाई सिँगारून् – बाटिएको केशले, सुन वा मोतीहरूले, अथवा दामी-दामी वस्त्रले होइन।'* यस पदले महँगा-महँगा वस्त्र लाउन मनाही गरेको छ। हामीसँग लुगा किन्ने पैसा छ कि छैन भन्ने सवाल होइन यो। तर जुन ख्रीष्ट-विश्वासले महँगा लुगा किन्छ, त्यस विश्वासीलाई यसको पाप लाग्छ; किनभने परमेश्वरको वचनले सरासर यो कुरा मनाही गरेको छ। दयाको भावना र दृष्टिकोणले पनि हामीलाई यसो गर्न दिँदैन; किनभने देश-विदेशमा हाम्रा छिमेकीहरू छन्, जसको परिस्थिति नाजुक छ। तिनी-हरूको शारीरिक र आत्मिक खाँचो ठूलो छ। तब लुगाफाटामा अनावश्यक खर्च गरेको कारण हामीले आफ्नो हृदयभित्र खोज्नुपर्छ। हाम्रो निर्दयता कति ठूलो हुनुपर्छ ? !

हामीले गुणस्तरको कुरा मात्र गरेको होइन, तर यो नियम लुगाको मात्रामाथि पनि लागू हुन्छ। कति ख्रीष्ट-विश्वासीहरू छन्, जसका अलमारीहरू ससाना लुगा-ढोकानजस्ता पो हुन्छन्। अनि छुट्टी भएको बेलामा उनीहरूको कारको पछाड़ि सिटको वरपर एउटा डण्डी लगाइएको हुन्छ, जुन डण्डीमा लश्करै लुगैलुगा झुन्डिरहेका छन्, जस्तै पोसाकहरू, कमीजहरू, सूटहरू आदि – घुमन्ते लुगा-व्यापारीका बान्की-लुगाहरू-भन्दा पनि धेरै।

हामी किन यसो गर्ने गर्छौं? यो हाम्रो घमण्डको फल हो, होइन र? किनकि लुगाफाटामा हाम्रो सुरुचिका निम्ति र हाम्रो भेषभूषाको भव्य प्रदर्शनका निम्ति हामीले अरूको वाह-वाह सुनेर तारिफ पाउन चाहन्छौं। तर लुगाफाटा किन्ने सम्बन्धमा छानबिन गर्ने नियमहरूमध्ये लुगाको दाम-अनुसार छान्ने नियम एउटा मात्र हो, जुन नियमले सठीक निर्णयमा आइपुग्न हामीलाई साथ दिन्छ।

अर्को नियम मर्यादा हो। अथवा प्रेरित पावलका शब्दहरूमा भनौं भने, *'लज्जालु स्वभाव र आत्मसंयमसित सुहाउँदो वस्त्र'* (१ तिमोथी २:९)। मर्यादाको एउटा अर्थ श्लीलता र शिष्टता पनि हो। यसकारण हामीले बुझ्नुपर्छः हाम्रो लुगा लगाउने उद्देश्य हाम्रो नग्नतालाई ढाक्नु हो। शुरुदेखि उद्देश्य यही थियो। तर आजभोलिका लुगाका बनावट र नमुनाहरू हेर्दा हामीलाई के लाग्छ भने, ती बान्कीहरू हाम्रो शरीरका नाङ्गा, छालाका ठूला-ठूला क्षेत्रहरू देखाउनलाई पो बनाइएका हुन्, कि कसो हो? यस्तो मानिस आफ्नो शर्ममा घमण्ड गर्छ। भक्तिहीन मानिसहरूको चाल यस्तै हो। यसमा अचम्म मान्ने कुरा केही पनि छैन। तर ख्रीष्ट-विश्वासीहरूले ती भक्तिहीन मानिसहरूलाई नकल गर्दा त्यस धक्काले हाम्रो सास थुन्छ।

मर्यादाको अर्थ आकर्षणीय पनि हुन सक्छ। यसर्थ ख्रीष्ट-विश्वासीहरूको भेषभूषा छाँट मिलेको, चिटिक्क हुनुपर्छ। फाटेको र मैला लुगा लगाउनुमा कुनै सद्गुण हुँदैन। यस सम्बन्धमा श्री ओस्वाल्ड च्याम्बर्सले यसो भनेका छन्ः 'मैलाकुचैलले पवित्र आत्माको निन्दा गर्छ।'

यसकारण ख्रीष्ट-विश्वासीको लुगा सफा हुनुपर्छ, इस्त्री लगाइएको, चट्ट मिलेको र राम्रो अवस्थामा हुनुपर्छ ।

सर्वमान्य नियम यस प्रकारको छः ख्रीष्ट-विश्वासीले यस प्रकारको रवाफी लुगा लगाउनुहुँदैन, जुन रवाफी लुगाले गर्दा मानिसहरूको आकर्षण उसमाथि पर्न जान्छ। किनकि यो उसको जीवनको उद्देश्य नै होइन। पृथ्वीमा उसले श्रृङ्गारको भूमिका खेल्दैन, तर ऊ ख्रीष्ट येशूरूपी दाखको बोटको एक हाँगा हो। अरूको ध्यान आफूतिर खिच्ने तरिकाहरू धेरै छन्। उदाहरणको लागि, पुरानो ढाँचाको लुगा लगाउनुहोस्! बस; यसले आफ्नो काम गरिहाल्छ। यसो हो भने, ख्रीष्ट-विश्वासीले साह्रै सादा, अनौठो बान्की भएको र चहकिलो रङको लुगा लगाउनुहुँदैन।

अन्तमा, हे जवान ख्रीष्ट-विश्वासीहरूहो, सुन्नुहोस्! अश्लील र यौनेच्छा जगाउने पहिरन नलगाउनुहोस्! अघि हामीले भनिसकेका छौंः फेसनदार लुगाहरू शरीरका गुप्त अङ्गहरू छोप्नुपर्छ, अँ, प्रकट गर्नुहुँदैन। तर यो पनि भनिहालौंः यस प्रकारका लुगाहरू पनि छन्, जुन लुगाहरूले हाम्रो शरीर राम्रोसँग ढाक्लान्, रपनि अरूमा अशुद्ध अभिलाषा उब्जाउन सक्छन्। आधुनिक फेसनहरूको उद्देश्य आत्मिकता बढ़ाउनु होइन, यो पर जाओस्! हाम्रो युगका मानिसहरू यौनको लट्ठले कति ग्रस्त छन्, फेसनका लुगाहरूले यो कुरा स्पष्टसँग देखाउँछन्। हे ख्रीष्ट-विश्वासीहो, यस्ता लुगाहरू कहिल्यै नलगाउनुहोस्, जुन लुगाहरूले अरू मानिसहरूलाई कामुक तुल्याउँछन् र तिनीहरूमा कामवासना पैदा गराउँछन्। हामी यसरी अरू विश्वासी भाइबहिनीहरूको बाटोमा किन ख्रीष्टीय जीवन जिउन गाह्रो पार्ने अवरोध, ठेस र ठक्करको कारण हाल्ने ? यस्तो कुरा कहिल्यै कसैको सामु नहाल्नुहोस्! धन्यवाद!!

एउटा ठूलो समस्या रहेको छः संसारसित एकै चालमा चल्नुपर्ने सामाजिक दबाव छँदैछ। यो समस्या नयाँ होइन, तर हुँदै आएको छ, र सधैं भइरहनेछ। फेसनमा नलाग्नलाई ख्रीष्ट-विश्वासीहरूको मेरुदण्ड बलियो हुनुपर्छ। सार्वजनिक विचारधारणाको विपरीत जान र सुमाचारको योग्य लुगा लगाउनलाई हामीलाई निक्कै हिम्मत चाहिन्छ। हामीले प्रभु

येशूलाई हाम्रो लुगा राख्ने ट्रङ्क र अलमारीको पनि प्रभु तुल्याउनुपर्छ। तब सबै कुरा सठीक हुँदै जान्छ।

**१ पत्रुस ३ः४ः** ख्रीष्ट-विश्वासी बहिनीको साँचो सिँगार र आकर्षण गर्ने सुन्दरता उसको भित्री मानिस हो। फेसनदार केशविन्यासहरू, दामी गरगहनाहरू र परीपरीका वस्त्रहरू नाशवान् छन्। यी कुराहरूको सट्टामा पत्रुसले हामीलाई एउटा चुनौती दिन्छन्। यसको विषयमा श्री एफ. बी. मेयरले आफ्नो टिकामा यसो भनेका छन्ः

> 'धेरैभन्दा धेरै मानिसहरू छन्, जसको शरीर खूबै सिँगारिएको हुन्छ, तर तिनीहरूको भित्री मनुष्यतामा थोत्रो थाङ्ना लगाइएको छ। अनि यस्ता मानिसहरू पनि छन्, जसका वस्त्रहरू सायद फाटेका-टालेका छन्, तर जसको मन महिमैमहिमाले युक्त र सुसज्जित हुन्छ।' [22)]

मानिसहरूको विचारमा रत्न र मणिहरू मूल्यवान् चीजहरू हुन्, तर परमेश्वरको दृष्टिमा नम्र र शान्त आत्मा नै बहुमूल्य रत्न हुन्छ।

**१ पत्रुस ३ः५ः** पुरानो नियमको समयमा भक्त स्त्रीहरूले आफ्नो नैतिक र आत्मिक सुन्दरता कायम राखेर आफ्नो मनभित्र लुकेको जीवनको विकासद्वारा आफूलाई सिँगार्ने गर्थे। अनि तिनीहरूको यस सुन्दरताको एउटा अंशचाहिँ आफ्नो पतिको अधीनतामा बस्नु थियो। यी स्त्रीहरू परमेश्वरमाथि भरोसा राख्ने पवित्र स्त्रीहरू थिए। तिनीहरू परमेश्वरमा केन्द्रित रहेको जीवन जिउने गर्थे। सबै कुराहरूमा उहाँलाई खुशी पार्न खोजेर तिनीहरूले आफूलाई आफ्ना पतिहरूको अधीनतामा सुम्पन्थे; किनभने उहाँले परिवारका निम्ति दिनुभएको नियम तिनीहरूले पूरा मान्यता दिन्थे।

**१ पत्रुस ३ः६ः** सारा यसको असल उदाहरण हुन्। तिनले अब्राहामको आज्ञापालन गर्ने गर्थिन् र उनलाई 'स्वामी' भनेर सम्बोधन गर्थिन्। यस कुराले हामीलाई उत्पत्ति १८ः१२ पदमा फर्केर लान्छ, जहाँ लेखिएको छ, कि साराले यो कुरा मनमनैमा आफूलाई भनेकी थिइन्। तिनले खुलामखुल्ला अब्राहामलाई 'प्रभु' भनेर सम्बोधन गरेर आफ्ना पतिको अधीनतामा बसेको कुरा प्रचार गरिनन् होली। तर आफ्नो मनमा तिनले

उनलाई आफ्नो शिर मानिन् र यस प्रकारको धारणा र भावनाले साराको सम्पूर्ण रहनसहन र तिनका सबै कामकुराहरूलाई सुअसर पारेको थियो ।

जुन स्त्रीहरूले साराको नमुना अपनाउँछन्, यी स्त्रीहरू साराका छोरीहरू हुन् । यहूदी स्त्रीहरू साराको शारीरिक वंश हुन् । तर तिनका छोरीहरू हुने सबैभन्दा असल तरिका तिनको सुचरित्रको देखासिकी गर्नु हो । किनभने छोराछोरीहरूले आफ्नो परिवारका केही समानता बोक्नुपर्छ, तिनीहरूमा आफ्नो परिवारका केही गुणहरू भएका हुनुपर्छ ।

'साराका छोरीहरू' सुकर्ममा व्यस्त रहनुपर्छ र कुनै कुरामा पनि भयभीत हुनुहुँदैन । यसको मतलब यो हो, कि इसाई पत्नीले परमेश्वरद्वारा उसका निम्ति निर्धारित गरिएको पतिकी सङ्गिनी र सहयोगी हुने स्थान ओगट्नुपर्छ । अनि उसले आफ्नो अइसाई पतिको कुव्यवहार सहनुपर्छ, र त्यसमा ऊ डराउनुहुँदैन, त्रस्त वा भयभीत हुनुहुँदैन । पत्नीले आफ्नो पतिबाट सहनुपर्ने कुराको सम्बन्धमा सीमा यहाँ छः पतिको हिंसापूर्ण अपकारले गर्दा उसले आफ्नो जीवन खतरामा हाल्नुहुँदैन ।

## ङ) १ पत्रुस ३ः७ः पत्नीप्रति पतिको सम्बन्ध यस प्रकारको हुनुपर्छ ।

अब पतिहरूको पालो आयो । अब प्रेरित पत्रुसले पतिहरूले आफ्ना पत्नीहरूप्रति पूरा गर्नुपर्ने कर्तव्यहरू पेश गर्छन् । तिनीहरू आफ्ना पतिहरूप्रति विचारशील हुनुपर्छ, अर्थात् उनीहरूलाई प्रेम र भद्रता देखाउनुपर्छ, अनि उनीहरूसित समझदारी हुनुपर्छ । आफ्ना पत्नीहरूलाई कमजोर पात्र सम्झेर तिनीहरूले उनीहरूसित स्नेहपूर्ण व्यवहार गर्नुपर्छ ।

वर्तमान समयमा नारी-मोर्चाको आन्दोलनको युगमा नारीहरूलाई कमजोर पात्र भनिने पवित्र बाइलबको शिक्षा असमायिक देखिन्छ । तर प्रायः स्त्रीहरूको शरीर पुरुषहरूको भन्दा कमजोर भएको तथ्य कसले इन्कार गर्ला ? अनि सार्वजनिक दृष्टिमा हेर्नु हो भने, स्त्री-जातिले पुरुष-जातिले गरेजत्तिकै आफ्नो भावावेग नियन्त्रण गर्न सक्दैन । उनीहरू आवेगमा बढ़ी चल्छन्, अनि प्रायः समझ र तर्कसँगत विचारको

नियन्त्रणमा बस्दैनन् । अनि धर्मविज्ञानका जटिल समस्याहरूको सामना गर्नु स्त्री-जातिको विशेष योग्यता होइन । अनि साधारणतः पुरुषभन्दा स्त्री नै परनिर्भर र आश्रित हुन्छे ।

केही क्षेत्रहरूमा कमजोर पात्र मानिएकी स्त्रीको मूल्य पुरुषको भन्दा अलिकति पनि कम भएको छैन; कदापि कम हुँदैन । यो त पवित्र बाइलबको दृष्टिकोणदेखि बाहिरको कुरा हो । अनि सम्भवतः कति क्षेत्र-हरूमा स्त्री-जाति पुरुष-जातिभन्दा बलियो र बढ़ी प्रतिभाशील पनि हुन्छ । अनि यो कुरा सत्य होः दाजुभाइहरूभन्दा दिदीबहिनीहरू ख्रीष्टमा प्रायः बढ़ी समर्पित हुन्छन् । अनि लामो समयसम्म दुःख खप्नु, आपद्‌विपद्‌मा स्थिर रहनु र विरोधको परिस्थिति सहनुमा हाम्रा दिदीबहिनीहरू हामीलाई जित्छन् ।

जीवनको अनुग्रहमा आफ्नो जत्तिकै पत्नीको पनि उत्तिकै हक छ भन्ने कुरा पतिले आफ्नी पत्नीसितको व्यवहारमा सधैं याद गर्नुपर्छ । लोग्ने-स्वास्नी दुवैजना ख्रीष्ट-विश्वासी भएको खण्डमा यो कुरा सत्य ठहरिन्छ । कति क्षेत्रहरूमा पतिभन्दा कमजोर भएकी पत्नीको ठहर र स्तर परमेश्वरको सामु पतिसित बराबर हुन्छ, र तिनी पनि अनन्त जीवनमा सहभागी भएकी छिन् । यसमा तिनी पतिसित समान छिन् । अनि यस संसारमा मानिसहरूको सन्तानको संख्या बढ़ाउनुमा बालबालिकाकी आमा भएर तिनको भूमिका पतिको भन्दा बढ़ता छ ।

अनि लोग्ने-स्वास्नीको बीचमा अमेल छ भने प्रार्थनाहरू रोकिन्छन् । यस सम्बन्धमा श्री चार्लस बिग्गले यसो भनेका छन्ः

> 'चोट लागेकी पत्नीका सुस्केराहरू पति र परेश्वरको बीचमा पर्न जान्छन् र प्रार्थनाको उत्तर रोक्छन् ।' [23)]

लोग्ने-स्वास्नीको बीचको सम्बन्ध बिग्रेको छ भने तिनीहरूले सँगै मिलेर प्रार्थना गर्नु गाह्रो पर्छ । यसकारण घरको शान्ति र परिवारको हितको लागि लोग्ने-स्वास्नीले निम्न आधारभूत नियमहरू पालन गर्नु महत्त्वपूर्ण छ, जस्तैः

१) इमानदारीचाहिँ पारस्परिक भरोसाको आधार हो। यसकारण पति-पत्नी पूरा इमानदार रहनुपर्छ।

२) पति-पत्नीले आपसी बोलचाल कायम राख्नुपर्छ। सदैव एक-अर्कालाई आफ्नो विचार आदान-प्रदान गर्ने व्यवस्था हुनुपर्छ। बाफौंड़ी वा प्रेसर-कुकरमा बाफ उम्कन नदिँदा त्यसको विस्फोटन हुन्छ-हुन्छ। अनि बातचितद्वारा कुरा मिलाउने सिलसिलामा हामीले यो पनि याद गरौंः 'माफ पाऊँ' भन्न सक्नुपर्छ, र एक-अर्कालाई क्षमा दिन सक्नुपर्छ; हामीले अनगिन्ती पल्ट एक-अर्कालाई क्षमा दिनुपर्छ।

३) एक-अर्काका सानातिना गल्ती अनि स्वाभाविक कमजोरी र विशेष्टताहरू बेवस्ता गर्नुपर्छ। किनकि प्रेमले असङ्ख्य पापहरू ढाक्न सक्छ। एक-अर्काबाट सिद्ध र पूर्ण हुने माग नगर्नुहोस्! किनभने हामी आफू पनि सिद्ध छैनौं।

४) अर्थव्यवस्था मिलाउनुमा र खर्च गर्नुमा दुवैजनाको सहमति चाहिन्छ। आम्दानीभन्दा बढ़ी खर्च नगर्नुहोस्! किस्तामा सरसामान नकिन्नुहोस्! आफ्ना छरछिमेकीहरूसँग आफूलाई तुलना नगर्नुहोस् र तिनीहरूसँग होड़बाजी नगर्नुहोस्!

५) अनि याद गर्नुहोस्ः प्रेम गर्ने नियम एउटा आज्ञा हो; यो हाम्रो आवेगमा भर पर्ने, तर हाम्रो नियन्त्रणमा नरहने भावना होइन। प्रेममा पहिलो किरिन्थी तेह्र अध्यायका सबै गुणहरू समावेश हुन्छन्। प्रेमको एउटा गुण भद्रशाली हुनु हो। तपाईंको प्रेमको भद्रताले तपाईंलाई अरूको सामु आफ्नो जीवन-साथीको गनगन गर्न र उसको खण्डन गर्नदेखि रोक्छ। तपाईंको प्रेमले तपाईंलाई आफ्ना छोराछोरीहरूको सामु आफ्ना सङ्गी-सङ्गिनीसित बाझ्न र झगड़ा गर्नदेखि बचाउँछ। किनभने यस प्रकारको झगड़ाले तिनीहरूलाई असुरक्षित तुल्याउँछ। यस प्रकारले र अरू सयवटा प्रकारले प्रेमले घरपरिवारमा सुखी वातावरण सृजना गर्छ, अनि झगड़ा र छुटानाम गर्ने हरेक विचार सखाप गर्छ।

## च) १ पत्रुस ३ः८ः स्थानीय मण्डलीको सङ्गतिसित भाइ-भाइको सम्बन्ध यस्तो हुनुपर्छ ।

यस पदको भूमिका स्थानीय मण्डलीसित ख्रीष्ट-विश्वासीको सँगति हो । किनभने यहाँ एक-अर्कासित एकता कायम राख्ने र आपसमा भ्रातृ-प्रेम देखाउने आदेशहरू दिइएका छन्। अन्तिम तीनवटा अर्तीहरू मण्डलीको सङ्गतिमा मात्र सीमित छैनन् ।

'अन्तमा' भन्ने शब्दबाट पत्रुस आफ्नो पत्र लेख्ने काम अन्त्याउन लागेको कुरा सम्झनुहुँदैन । किनकि तिनले अघि आफ्नो पत्रमा नोकर-चाकर, पत्नीहरू र पतिहरूलाई एक-एक गर्दै विभिन्न श्रेणीका मानिस-हरूलाई सम्बोधन गरे; अनि अब तिनले अन्तिममा सबै विश्वासीहरूलाई 'तिमीहरू सबैजना' भनेर केही आदेशहरू पेश गर्न लागेका छन् ।

*'तिमीहरू सबै एकै मनका होओ !'* ख्रीष्ट-विश्वासीहरू सबै कुराहरूमा एउटै रायको हुनुपर्दैन । यो अपेक्षा कसैले गर्दैन । उनीहरू सबै कुराहरूमा एकै विचारको हुनु हो भने त्यस कुरालाई एकता भनिँदैन, तर एकरूपता भनिन्छ । यस सम्बन्धमा एउटा सुपरिचित टुक्का छः

'आधारभूत कुराहरूको सम्बन्धमा एकता,<br>
अनि महत्त्वहीन कुराहरूमा स्वतन्त्रता,<br>
तर सबै कुराहरूमा प्रेम हुनुपर्छ ।'

*'एक-अर्काप्रति सहानुभूति देखाओ !'* यस शब्दको अशरशः अनुवाद 'हमदर्द देखाओ' हो । अनि सतावटमा परेकाहरूका निम्ति यो आदेश धेरै उपयुक्त भएको देखिन्छ । तर यो आदेश सब समयका निम्ति हो, किनभने हाम्रो युगमा दुःखकष्ट नपरेको कुनै समय नै छैन ।

*'भाइ-भाइलाई प्रेम गर्ने होओ !'* यस विषयमा अज्ञात लेखकले यस प्रकारले लेखेः 'को-को हाम्रा दाजुभाइहरू हुनुपर्ने हो, सो सम्बन्धमा हाम्रो राय नलिईकन परमेश्वर आफूले निर्णय गर्नुभयो । यो कुरा उहाँद्वारा सुनिश्चित गरिएको र पक्का ठहराइएको छ। तर हाम्रो स्वभाव र

अभिरुचिमा केही वास्ता नराखी 'भाइहरूलाई प्रेम गर' भन्ने आज्ञा हामीलाई दिइएको छ। यस ईश्वरीय आज्ञाको सिलसिलामा "असम्भव, यो हुनै सक्दैन" भन्ने जवाफ हाम्रो हो। तर यस विषयमा हामीले याद गर्नुपर्छः साँचो प्रेम आवेगको फल होइन, तर प्रेम हाम्रो प्रेम गर्ने इच्छामा भर पर्छ। किनकि प्रेम कुनै भावना होइन, तर प्रेम गरिन्छ; हामीले प्रेम गर्नुपर्छ; प्रेम एउटा काम हो। भावुकतामा प्रेम छैन, तर प्रेम साँचो प्रेम हुनु हो भने त्यो कुनै कार्यमा परिणत भएको हुनुपर्छ। मधुर शब्दहरूमा प्रेम नहुन सक्छ, तर उदारचित्त र निस्वार्थ काममा अवश्य प्रेम हुन्छ।'

*'कोमल मनका होओ !'* कोमल हृदय भएको मानिस संवेदनशील हुन्छ, र उसले अरूका खाँचोगाह्रो र दुःखहरू बुझ्छ। निन्दा, अपमान, दुर्व्यवहाररूपी धेरै पानीले उसको हृदयको सद्भावना निभाएर त्यसलाई चिसो, कठोर, बेदर्द भएको वा दोषदर्शी र कटुस्वभावको तुल्याउन सक्दैन।

*'विनयी होओ !'* **24)** विनयी हुने भद्रता इसाई सद्गुणहरूमध्ये एक हो। यसकारण यहाँ यसको शिक्षा दिनु बिलकुल उचित छ। अरूहरूको तुलना र सम्बन्धमा आफ्नो विषयमा नम्र विचार राख्नु र अरूलाई प्राथमिकता दिनु यस शब्दको खास अर्थ हो। विनीत मानिसले अरूको दया र उपकार गर्छ र अरूसित भद्र, माङ्गलकारी शब्द बोल्छ। सज्जन र भलादमी मानिसले आफ्नो स्वार्थ पूरा गर्न खोज्दैन, तर अरू मानिस-हरूलाई मद्दत गर्ने मौकाहरू छोपेर आफूलाई अरूको सेवामा खर्च गर्छ, अनि आफूले पाएका उपकारहरूका निम्ति तुरुन्त आफ्नो आभार व्यक्त गर्छ, तर कहिल्यै असभ्य, रूखो, अशिष्ट व्यवहार देखाउँदैन।

## छ) १ पत्रुस ३:९-४:६: सताउनेहरूप्रति दुःखकष्ट भोग्नेहरूको सम्बन्ध कस्तो हुनुपर्छ ?

**१ पत्रुस ३:९:** यो पत्र लेख्ने आधार ख्रीष्ट-विश्वासीहरूको सतावट र दुःखकष्टको पृष्ठभूमि हो। १ पत्रुस ४:६ पदसम्म यस सारा खण्डमा सताउनेहरूसित ख्रीष्ट-विश्वासीको सम्बन्ध कस्तो हुनुपर्छ, सो कुराको

स्पष्टीकरण दिइएको छ। घरिघरि ख्रीष्ट-विश्वासीहरूलाई बदलाको भावना नलिईकन धार्मिकताको खातिर दुःख भोग्ने आग्रह गरिन्छ। हामीले खराबीको बदलामा खराबी र गालीको सट्टामा गाली दिनुहुँदैन। तर हाम्रो दुर्व्यवहार गर्नेहरूलाई हामीले आशीर्वाद पो दिनुपर्छ, अनि अपमानको सट्टामा हाम्रो बेइज्जत गर्नेहरूको भलाइ गर्नुपर्छ। ख्रीष्ट-विश्वासी भएको नाताले हामी अरू कसैको हानि गर्नुहुँदैन; यो हाम्रो बोलावट नै होइन। हामीले अरूको भलाइ गर्नुपर्छ; हामीले कसैलाई सराप्नुहुँदैन, तर सबैलाई आशीर्वाद दिनुपर्छ। तब परमेश्वरले हाम्रो यस प्रकारको उपकारका निम्ति हामीलाई प्रतिफलको रूपमा आशिष दिनुहुन्छ।

**१ पत्रुस ३:१०:** पत्रुसले अबका तीन पदहरूमा भजन ३४:१२-१६[क] पदको खण्ड उद्धृत गर्छन्, अनि जुन मानिसले आफूलाई खराब कामहरू गर्नुदेखि र कुवचनहरू बोल्नुदेखि अलग राख्छ, त्यही मानिसमाथि परमेश्वरको आशिष रहन्छ भन्ने कुरा तिनले यसरी पुष्टि गर्छन्।

यूहन्ना १२:२५ पदमा आफ्नो जीवन माया गर्ने मानिस दोषी ठहरिएको छ। यसकारण यहाँको पद र त्यहाँको पदको अर्थमा केही भिन्नता हुनुपर्छ। यूहन्ना १२:२५ पदमा आफ्नो जीवन वा प्राण माया गर्नु भनेको आफूलाई प्रेम गरेर जीवनको खास उद्देश्यका निम्ति नजिएर आफ्नो स्वार्थका निम्ति जिउनु हो भने यहाँको पदमा जीवनलाई प्रेम गर्नु भनेको परमेश्वरको उद्देश्यअनुसारको, उहाँको निम्ति मनपर्दो जीवन जिउन बढ़ी रुचाउनु हो।

**१ पत्रुस ३:११:** कुवचनहरू बोल्नु मात्र होइन, तर कुकर्महरू गर्नु पनि मनाही गरिएको छ। अनि बदला लिँदाखेरि झगड़ा र विरोध मात्र बढ़्छ। संसारका हातहतियारहरू चलाउनु नीच कुरा हो। होइन, ख्रीष्ट-विश्वासीले खराबीको साटो भलाइले फेर्नुपर्छ। उसले शान्तिको पक्ष लिएर परिवार, मण्डली र समाजमा मेलमिलाप निर्माण गर्नुपर्छ। यसो गर्नलाई उसले नम्र भई अपमान र दुर्व्यवहार सहन सक्नुपर्छ। एउटा आगोले अर्को आगोलाई निभाउन सक्दैन।

'खराबीलाई जित्ने एकमात्र उपाय खराबीका निम्ति बाटो छोड्नु हो। खराबीले कतै कसैसँग ठक्कर खान र ठोकिन खोज्छ; तर कसैले

त्यसको प्रतिरोध गर्दैन भने त्यो आफैआफ शेष हुन्छ। जसले कुनै खराबीको प्रतिरोध गर्छ, उसले खराबीमाथि खराबी थप्छ; उसले आगोभित्र तेल हाल्छ। तर जब खराबीले कुनै विरोधी तत्त्व भेट्दैन र कुनै अवरोधमा ठक्कर खाँदैन, तर खराबीले धैर्यवान् मानिसको सहनशीलताबाहेक अरू कुनै नराम्रो व्यवहार सामना गर्नुपर्दैन, तब त्यस खराबीदेखि त्यसको खील खोसिन्छ। अनि अन्तमा खराबी हार्नुपर्छ; किनभने त्यसको विपक्ष त्योभन्दा बलियो छ। तर खराबीको हार यसैमा भर पर्छः खराबीले कुनै पनि अवरोध भेट्टाउनुहुँदैन; खराबीको बदलामा अलिकति पनि खराबी फेर्नुहुँदैन। तब खराबीले आफ्नो निम्ति कुनै निशान वा तारो पाउँदैन; त्यसले आफ्नो खराबी बढ़ाउन सक्दैन, तर त्यो बाँझो रहन्छ र एकलै छोड़िन्छ।'

संकलित

**१ पत्रुस ३ः१२ः** जस-जसले परमप्रभुको दृष्टिमा सठीक काम गर्छन्, यिनीहरूमाथि उहाँ गुणग्रहण गर्ने नजर लगाउनुहुन्छ। उहाँ यस्ताहरूका प्रार्थनाहरूमाथि आफ्ना कान लगाउनुहुन्छ। हुन त, प्रभुले आफ्ना सबै जनहरूको प्रार्थना सुन्नुहुन्छ। तर उहाँको विशेष ध्यान ती विश्वासीहरूको मामिलामाथि पर्छ, जसले ख्रीष्ट येशूको नामको खातिर दुःख भोग्नुपर्छ, र पनि खराबीको सट्टामा खराबी गर्दैनन्।

*'तर परमप्रभुको नजर खराबी गर्नेहरूको विरोधमा हुन्छ।'* यसको खास सन्दर्भ प्रभुका जनहरूलाई सताउनुहरू हुन्, तर यसमा त्यस इसाई भाइबहिनीलाई पनि समावेश गरिएको होला, जसले शारीरिक बल र असंयमी शब्द चलाएर आफ्ना शत्रुहरूको विरोध गर्छ। जुनै पनि खराबी खराबी नै हो। अनि परमेश्वरचाहिँ हर किसिमको खराबीको विरोधमा हुनुहुन्छ, त्यो खराबी उहाँले मुक्ति पाएकाहरूको बीचमा वा मुक्ति नपाएकाहरूको बीचमा भेट्टाउनुभएकोमा केही फरक पर्दैन।

*'... पृथ्वीमाथि तिनीहरूको सम्झनाधरि मेटाइदिन'* भन्ने वाक्य पत्रुसले यहाँ भजन ३४ः१६ पदबाट उद्धृत गर्न छोड़ेछन्। अनि यो पत्रुसको असावधानीको फल होइन। हामी परमेश्वरको अनुग्रहको युगमा

जिइरहेका छौं, जुन युगलाई परमप्रभुको ग्रहणयोग्य वर्ष पनि भनिन्छ (लूका ४ :१९ ) । हाम्रा परमेश्वरको बदला लिने दिन अझै पनि भविष्यमा आउनु बाँकी नै छ। प्रभु येशू राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको रूपमा फर्केर आउनुहुनेछ। त्यसपछि उहाँले कुकर्मीहरूलाई दण्ड दिनुहुनेछ र तिनीहरूको सम्झना सारा पृथ्वीबाट मेटाइदिनुहुनेछ।

**१ पत्रुस ३:१३:** पत्रुस निम्न प्रश्न सोधेर आफ्नो तर्कमा फर्केर जान्छन्ः *'अनि जे कुरा असल छ, तिमीहरू त्यसको देखासिकी गर्नेहरू हौ भने तिमीहरूको खराबी गर्ने को हुन्छ र ?'* यस प्रश्नको उत्तर 'यसो भएको खण्डमा तिमीहरूको खराबी कोही पनि हुँदैन' हुन्छ। तर इतिहासले पत्रुसको यो कुरा काटेको जस्तै देखिन्छ; किनभने ख्रीष्टको सुसमाचारका शत्रुहरूले प्रभुका विश्वासयोग्य चेलाहरूलाई हानि गरेर तिनीहरूलाई शहीद तुल्याए।

यस नमिलेको जस्तै लागेको कुराको लागि हामी यहाँ दुई प्रकारको स्पष्टीकरण दिन्छौंः

**क)** यस विषयमा सामान्य नियम यस प्रकारको छः धार्मिकताको पथमा हिँड्नेहरूलाई कुनै हानि हुँदैन। विरोधको सामना नगर्ने सिद्धान्तले विरोधी पक्षलाई निरस्त्र पार्छ। यस नियममा अतिरिक्त नरहेका कुनै अपवादहरू होलान्, तर सठीक काम गर्नेहरू हानिबाट बचाइन्छन् भन्ने नियम स्थिर रहन्छ। किनभने उचित काम गर्ने पक्षमा लीन भएको मानिस आफ्नो भलोपनाद्वारा जोगिन्छ।

**ख)** ख्रीष्ट-विश्वासीको कुनै शत्रुले उसको ज्यान लिन सक्ला, तर उसको अनन्त हानि भने केही पनि गर्न सक्दैन। किनभने शत्रुले ख्रीष्ट-विश्वासीको शरीरमाथि मात्र हानि पुऱ्याउन पाउला, तर उसको आत्मालाई अलि कति पनि छुन पाउँदैन, त्यसको कुनै पनि हानि गर्न सक्दैन।

दोस्रो विश्व-युद्ध हुने बेलामा युरोपमा एकजना बाह्र वर्षको इसाई केटा थियो, जसले नात्सीको युवा-झुण्डमा भर्ना हुन मानेन। नात्सी-कार्यकर्ताहरूले उसलाई धम्की दिएर यसो भनेः 'तिमीलाई मार्ने हाम्रो

अधिकार छ भन्ने के तिमीलाई थाहा छैन ?' तब त्यस केटाले तिनीहरूलाई तुरुन्तै शान्त भावले जवाफ दियोः 'ख्रीष्ट येशूका निम्ति मर्ने मेरो अधिकार छ भन्ने के तपाईंहरूलाई थाहा छैन ?' कसैले पनि उसको हानि गर्न सक्दैन भन्ने आत्मविश्वास ऊसँग थियो ।

**१ पत्रुस ३ः१४ः** तर मानिलिऔं, कुनै ख्रीष्ट-विश्वासी मुक्तिदाता प्रभुप्रति निष्ठावान् भएको खण्डमा सतावटमा पर्छ । तब के ? त्यस सतावटबाट निम्न तीनवटा नतिजाहरू निस्कन्छन्ः

**क)** यस प्रकारको विपरीत परिस्थिति आफ्नो अधीनतामा राख्नुहुने परमेश्वरले उसको दुःखकष्ट आफ्नो महिमाको निम्ति प्रयोग गर्नुहुन्छ ।

**ख)** परमेश्वरले उसको दुःखकष्टबाट अरू मानिसहरूलाई आशिष दिनुहुन्छ ।

**ग)** परमेश्वरले दुःख भोग्नेलाई आशिष दिनुहुन्छ ।

यसकारण मानिसहरूदेखि नडराउनुहोस् ! मानिसहरूका धम्की-हरूदेखि भयभीत नहुनुहोस् ! शहीदहरूले यस सिद्धान्तअनुसार चलेर साह्रै बढ़िया गरे । यस सिलसिलामा हामी पोलिकार्पको कुरा गरौं ! पोलिकार्पलाई 'ख्रीष्ट येशूको निन्दा गर, र हामी तिमीलाई छोड़िदिन्छौं' भन्दा तिनले जवाफ दिएः 'आजको दिनसम्म मैले छयासी वर्ष ख्रीष्ट येशूको सेवा गरें, अनि उहाँले मलाई कहिल्यै कुनै खराबी गर्नुभएन । तब मैले आफ्ना राजा, आफ्ना मुक्तिदाताको निन्दा कसरी गरूँ ?' अनि जब राज्यपालले तिनलाई जङ्गली पशुहरूको अगाड़ि फालिदिने धम्की दिए, तब तिनको उत्तर यस्तो थियोः 'हजुरलाई धन्यवाद ! यस दुःखदाय जीवनबाट यति चाँड़ै मैले छुटकारा पाउँछु भन्ने आशा गरेकै थिइनँ ।' अन्तमा शासकले तिनलाई जिउँदै जलाइदिन्छु भन्ने सजाय दिन खोज्दा पोलिकार्पले भनेः 'क्षणिक आगोबाट मलाई केको डर ! तर कहिल्यै ननिभ्ने एउटा आगो छ, जसको विषयमा विचरा, हजुर अनजान हुनुहुन्छ ।'

**१ पत्रुस ३ः१५ः** चौध पदको अन्तिम खण्ड र यहाँको पदमा पत्रुसले यशैया ८ः१२-१३ पदको अंश उद्धृत गर्छन्, जहाँ यस्तो लेखिएको छः

*'तर तिनीहरूको डरदेखि नडराउनू, न भयभीत हुनू ! सेनाहरूका परमप्रभुलाई नै पवित्र मान्नू; अनि उहाँ नै तिमीहरूको डर होऊन्, उहाँ नै तिमीहरूको भय होऊन् !'* यस विषयमा एकजना अज्ञान व्यक्तिले यसो भनेछन्ः 'मानिसहरूको डर बढ़ी भन्दा बढ़ी मानेको हुनाले परमेश्वरको डर मान्नुमा हामी अति कमजोर भएका छौं।'

अनि यशैयाको उक्त खण्डमा 'सेनाहरूको परमप्रभु'को कुरा गरिएको छ, जसको डर हामीले मान्नुपर्छ। तर पवित्र आत्माको प्रेरणामा रहेका प्रेरित पत्रुसले यसो भन्दै लेखेछन्ः *'तिमीहरूका हृदयमा परमप्रभु परमेश्वरलाई*[25)] *पवित्र मान !'*

प्रभुलाई पवित्र मान्नु अथवा उहाँको भक्तिभय गर्नुको अर्थ प्रभुलाई हाम्रो जीवनमाथि सर्वाधिकारी तुल्याउनु हो। जे हामी गर्छौं, जे हामी बोल्छौं, यी सबै कुराहरू उहाँको इच्छाअनुसार भएका होऊन्, यी सबै कुराहरूले उहाँलाई खुशी पारून् र उहाँको महिमा गरून्। ख्रीष्ट येशू हाम्रो जीवनको हरेक क्षेत्रमा प्रभु हुनुपर्छ र उहाँको प्रभुत्व र शासन चल्नुपर्छ, जस्तैः हाम्रो धनसम्पत्ति, हाम्रो जागिर, काम र व्यवसाय, हामीले पढ्ने हाम्रा किताबहरू, हामीले हेर्ने फिल्महरू, हाम्रो विवाह, दाम्पतीय जीवन र परिवार, हाम्रो फुर्सद र फुर्सदका सबै क्रियाकलापहरू आदि।

*'तिमीहरूभित्र भएको आशाको विषयमा तिमीहरूलाई सोध्ने हरेक मानिसलाई नम्रता र डरको साथ जवाफ दिन सधैंभरि तयार रहो !'* विशेष गरी ख्रीष्ट-विश्वासीहरू आफ्नो विश्वासको खातिर सतावटमा परेको सन्दर्भमा यो आदेश लेखिएको हो; यसको पृष्ठभूमि यही हो। त्यस बेलामा प्रभु येशूको उपस्थितिको अनुभूतिले हामीलाई यत्रो पवित्र साहसरूपी प्रेरणा दिन्छ, कि हामी उत्तम गवाही दिन र बन्न सक्नेछौं।

तर यस पदको सन्दर्भ हाम्रो दैनिक जीवन पनि हो, र त्यससित व्यवहार गर्छ। किनभने धेरै पल्ट मानिसहरूले हामीलाई केही प्रश्न सोध्ने गर्छन्, जसका उत्तर दिने सिलसिलामा हामीले तिनीहरूसित प्रभुको विषयमा बोल्ने मौका पाउँछौं। हामी सधैं जवाफ दिन तयार बस्नुपर्छ, र प्रभुले हाम्रा निम्ति गर्नुभएका महान् कामहरू तिनीहरूलाई बताउनुपर्छ।

तर गवाही दिँदा हामी सदैव नम्र रहनुपर्छ, र उहाँको डर मान्नुपर्छ। आफ्ना प्रभु र मुक्तिदाताको पक्षमा दिइएको हाम्रो गवाहीमा रूखोपन, तीतोपन वा ठट्टाको गन्ध समेत हुनुहुँदैन।

**१ पत्रुस ३ः१६ः** अनि ख्रीष्ट-विश्वासीहरूसँग एउटा असल विवेक हुनुपर्छ। दोषमुक्त र इमानदार भएको खण्डमा विश्वासीहरू सतावटमा परेको बेलामा सिंहजस्तो बलियो हुन्छन्। तर विवेकले हामीलाई दोषी ठहराउँछ भने हामी दोषले ग्रस्त र पीड़ित हुन्छौं, र शत्रुको सामु खड़ा रहन सक्दैनौं। ख्रीष्ट-विश्वासीहरूको जीवन दोषरहित भए ता पनि सुसमाचारका शत्रुहरूले हामीलाई दोष लगाउने ठाउँ पाइहाल्छन् र हाम्रो विरोधमा झूटा आरोपहरू लगाइदिन्छन्। तर जब यस मुद्दाको फैसला गरिन्छ, र ख्रीष्ट-विश्वासीहरूको विरुद्ध लगाइएका आरोपहरू सबै झूटा साबित हुन्छन्, तब आरोप लगाउनेहरूको मुख लाजले कालो हुनेछ।

**१ पत्रुस ३ः१७ः** ख्रीष्ट-विश्वासीहरूले कहिलेकाहीं दुःख खप्नुपर्छ, तर परमेश्वरको इच्छाअनुसार उनीहरूले भलाइको निम्ति दुःख भोगून्। तर उनीहरूले कहिल्यै आफ्ना कुकर्मको खातिर आफूमाथि यस प्रकारको दुःख ननिम्त्याऊन्। यस कुरामा कुनै सद्‌गुण छैन।

**१ पत्रुस ३ः१८ः** तीन अध्यायको बाँकी भागमा ख्रीष्ट येशूलाई धार्मिकताको खातिर दुःख भोग्ने ज्वलन्त उदाहरणको रूपमा प्रस्तुत गरिन्छ। उहाँका निम्ति उहाँले सहेका दुःखकष्टहरू उहाँलाई महिमामा पुऱ्याउने बाटो थिए भन्ने कुरा पनि हामी नभुलौं!

प्रभु येशूका दुःखहरूका छवटा बुँदाहरू यस प्रकारका छन्ः

१) उहाँका दुःखहरूद्वारा प्रायश्चित्तको काम पूरा गरिएको थियो; अर्थात् उहाँका यी कष्टहरूले प्रभु येशूमाथि विश्वास गर्ने पापी मानिसहरूलाई यहाँसम्म छुटकारा दिए, कि ती पापी मानिसहरूले आफ्ना पापहरूका निम्ति कहिल्यै दण्ड भोग्नुपर्नेछैन।

२) उहाँका दुःखहरूको प्रतिफल अनन्तसम्म प्रभावकारी हुन्छ; किनभने उहाँ एकैपल्ट सबै मानिसहरूका निम्ति मर्नुभयो। अनि

उहाँको मृत्युले पापको ऋण तिरिदियो र त्यसको हिसाब सधैंका निम्ति चुक्ता गर्‍यो। त्राणको काम पूरा भयो।

**३)** उहाँका दुःखहरू स्थानापन्न थिए, अर्थात् हाम्रो सट्टामा सहन भएका थिए। धर्मी जन अधर्मीहरूका निम्ति मर्नुभयो। *'परमप्रभुले हामी सबैको अधर्म उहाँमाथि राखिदिनुभयो'* (यशैया ५३:६[ख])।

**४)** उहाँका दुःखहरूले हाम्रो मेलमिलाप कमाए। उहाँको त्राणात्मक मृत्युद्वारा हामी परमेश्वरको नजिकै ल्याइयौं। परमेश्वर र हाम्रो बीचमा शत्रुता पैदा गर्ने पाप हटाइयो।

**५)** उहाँलाई दिइएका दुःखहरू हिंसात्मक थिए। उहाँको क्रूसको मृत्यु मृत्युदण्डरूपी मृत्यु थियो।

**६)** अन्तमा, उहाँका दुःखहरूको चरमसीमा उहाँको बौरिउठाइ थियो। मरेको तेस्रो दिनमा उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो। *'आत्माद्वारा जीवित पारिनुभयो'* भन्ने वाक्यको अर्थ होः प्रभु येशूको बौरिउठाइ पवित्र आत्माको शक्तिको फल थियो।

**१ पत्रुस ३:१९:** उन्नाइस र बीस पदले एउटा जटिल समस्या सृजेका छन्। नयाँ नियमभरिमा झन्झटमा फस्ने सबैभन्दा ठूलो उल्झन र कुतूहल सृजना गर्ने पदहरू यी दुईवटा मान्नुपर्ला। शोधनस्थानदेखि लिएर सार्वत्रिक मुक्तिसम्म अबाइबलीय शिक्षाहरूका निम्ति यी पदहरू झूटा आधार बने। तर इवन्जेलिकल इसाईहरूको बीचमा निम्न दुईवटा व्याखाहरू सर्वमान्य हुन्, जस्तैः

**क)** पहिलो धारणा यस प्रकारको छः ख्रीष्ट येशू आफ्नो मृत्यु र बौरिउठाइको बीचमा आत्मामा अधोलोकमा उत्रनुभयो, जहाँ उहाँ आफूले क्रूसमा पूरा गर्नुभएको त्राणको महान् कामको विजयको उद्घोषणा गर्नुभयो। यो धारणा लिनेहरूको बीचमा *'झ्यालखानामा भएका आत्माहरू'*को विषयमा एकमत छैन। यी आत्माहरू को हुन्? विश्वासीहरू कि अविश्वासीहरू – कुनचाहिँ? जे भए पनि, प्रभु येशूले यी आत्माहरूलाई सुसमाचार प्रचार गर्नुभएन; यो कुरा स्पष्ट

छ। किनभने 'विश्वास गर्न मानिसहरूलाई दोस्रो अवसर दिइन्छ' भन्ने सिद्धान्तले पवित्र बाइबलमा यहाँ र अन्य ठाउँहरूमा कुनै टेको पाउँदैन। पहिलो धारणाको पक्ष लिनेहरूले प्रायः १ पत्रुसको यो खण्ड एफेसी ४ः९ पदसित जोड्छन्, जहाँ यस्तो लेखिएको छः *'उहाँ पहिले पृथ्वीका तल्ला भागहरूमा पनि ओर्लनुभयो।'* तिनीहरूले यस पदमा 'प्रभु साँच्चै आत्मामा अर्थात् शरीर नभएको अवस्थामा अधोलोकमा उत्रनुभएको र त्यहाँ उहाँले आफ्नो विजयको उद्घोषणा गर्नुभएको रहेछ' भन्ने कुरा पुष्टि गर्ने अर्को प्रमाण देख्छन्। त्यसपछि तिनीहरूले प्रेरितहरूको विश्वासको सारका 'अधोलोकमा उत्रनुभयो' भन्ने शब्दहरू पनि आफ्नो सहारा बनाउँछन्।

**ख)** दोस्रो धारणा यस प्रकारको छः प्रेरित पत्रुसले यहाँ नूहका दिनहरूको वर्णन गरेका छन्, जुन समयमा ख्रीष्टको आत्माले जलप्रलय हुनुभन्दा अघि नूहको मुखद्वारा विश्वास नगर्ने मानिसहरूलाई प्रचार गर्नुभयो। त्यस बेलामा ती मानिसहरू आत्माहरू थिएनन्, तर अहिले तिनीहरू अधोलोकरूपी झ्याल-खानामा बसेका आत्माहरू हुन्। तिनीहरू नूहको समयमा जिउने पुरुष र स्त्रीहरू थिए, जसले नूहका चेतावनीहरू अस्वीकार गरे र जो जलप्रलयमा नाश पनि भए।

दोस्रो धारणा सठीक धारणा ठहरिन्छ, किनभने त्यो धारणा पहिलो पत्रुसको पत्रको यस खण्डको सन्दर्भसँग मेल खान्छ। अनि यसमा बुझाउन नसकिने कुनै जटिल समस्या बाँकी रहँदैन। आउनुहोस्, हामी अब यस खण्डको एक-एक वाक्यमा ध्यान दिऔं!

*'उही आत्माद्वारा उहाँ जानुभयो, र झ्यालखानामा भएका आत्माहरूलाई प्रचार गर्नुभयो।'* 'जसद्वारा' यस वाक्यको शुरुको शब्दको अक्षरशः अनुवाद हो, जुन शब्दले १ पत्रुस ३ः१८ पदसित सम्बन्ध जोड्छ। यस शब्दको सही अनुवाद 'जुन आत्माद्वारा' नै हो, अनि 'जुन आत्मा'को खास अर्थ पवित्र आत्मा हुनुहुन्छ। किनभने १ पत्रुस १ः११ पदमा ख्रीष्टको आत्मा त्यही पवित्र आत्मा हुनुहुन्छ, जसले पुरानो नियमका

भविष्यवक्ताहरूद्वारा बोल्नुभयो। अनि उत्पत्ति ६:३ पदमा यसो लेखिएको छः 'अनि परमप्रभुले भन्नुभयोः "मेरो आत्माले मानिससित सधैंभरि वहस किन गरिरहने? किनभने त्यो पक्का पनि केवल शरीर मात्र हो।" ' उत्पत्ति ६:३ पदको सन्दर्भ जलप्रलयको ठीक अगाड़िको समय हो, जब परमेश्वरको सहनशीलता चरमसीमामा पुगेको थियो। परमेश्वरले यस सन्दर्भ-पदमा आफ्नो आत्माको कुरा गर्नुभयो, अर्थात् पवित्र आत्माको कुरा गर्नुभयो।

*'उहाँ जानुभयो, र ... प्रचार गर्नुभयो।'* अघि भनेअनुसार प्रचार गर्ने व्यक्तिचाहिँ ख्रीष्ट हुनुहुन्थ्यो; तर उहाँले नूहको मुखद्वारा प्रचार गर्नुभयो। २ पत्रुस २:५ पदमा नूहलाई धार्मिकताको प्रचारकको नाम दिइएको छ। 'प्रचार गर्नु' भन्ने क्रिया-पद यहाँ र त्यहाँ – यी दुवै शब्दको मूलआधार हो।

'झ्यालखानामा भएका आत्माहरू': यी आत्माहरू नूहको समयमा बाँचिरहेका पुरुष र स्त्रीहरू थिए, जसले तिनको मुखबाट आउन लागेको जलप्रलयको विषयमा चेतावनी पाएका थिए, र पानीजहाजरूपी मुक्तिको उपायको पूर्वजानकारी पाएका थिए। तर तिनीहरूले परमेश्वरको यो सन्देश अस्वीकार गरे। तिनीहरू सबैजना डुबेर जलप्रलयमा नाश भए। अनि अहिले तिनीहरू शरीर नभएको अवस्थामा छन्, झ्यालखानामा छन्। त्यहाँ तिनीहरूले अन्तिम न्यायको लागि पर्खनुपरेको छ।

यसो हो भने, हामी यस पदको भावात्मक अनुवाद यस प्रकारले गर्न सक्छौंः 'पवित्र आत्माद्वारा ख्रीष्ट जानुभयो र नूहको मुखद्वारा ती मानिसहरूलाई प्रचार गर्नुभयो, जुन मानिसहरू अहिले झ्यालखानामा न्यायको निम्ति पर्खिरहने आत्माहरू हुन्।'

तर झ्यालखानामा भएका आत्माहरूलाई केवल नूहको दिनमा बाँचिरहेका मानिसहरूमा सीमित राख्ने हाम्रो के अधिकार छ? त्यस सवालको उत्तर हामी १ पत्रुस ३:२० पदमा पाउँछौं।

**१ पत्रुस ३:२०:** किनभने झ्यालखानामा भएका आत्माहरू को हुन्, सो यहाँ स्पष्टसँग बताइएको छ। तिनीहरू को थिए? तिनीहरू बितेको समयमा अनाज्ञाकारी थिए। अनि कुन समयमा तिनीहरू अनाज्ञाकारी

थिए ? नूहका दिनहरूमा, जब परमेश्‍वरको सहनशीलताले पर्खिरहेको थियो र त्यो पानीजहाज बनिरहेको थियो। अनि तिनीहरूको अनाज्ञाकारिताको अन्तिम नतिजा के थियो ? पानीद्वारा आठजना बाँचे; अरू सबैजना पानीद्वारा नष्‍ट भए।

यहाँ एक क्षण रोकिराख्नु र यस पत्रको आम-विचार पक्रनु उचित देखिन्छ। यो पत्र लेख्ने आधार र पृष्ठभूमि ख्रीष्‍ट-विश्‍वासीहरूले सहनुपरेको सतावट थियो। पत्रुसले जुन ख्रीष्‍ट-विश्‍वासीहरूलाई यो पत्र लेखे, ती ख्रीष्‍ट-विश्‍वासीहरूले आफ्नो जीवन र साक्षीको खातिर दुःखकष्‍ट भोग्नुपरेको थियो। अनि हुन सक्छ, उनीहरू यसको कारणको विषयमा अलमल्ल परेका थिए। प्रश्‍नमाथि प्रश्‍नः ख्रीष्‍टीय विश्‍वास सही विश्‍वास हो भने, उनीहरूले शासन गर्नुपर्नेथियो, होइन र ? तर शासनको कुरा पर जाओस्, उनीहरूले सट्टामा दुःख खप्नुपरेको थियो। अनि ख्रीष्‍टीय विश्‍वास सत्य हो भने सबै मानिसहरूको तुलनामा ख्रीष्‍ट-विश्‍वासीहरूको अल्प सङ्ख्याको कारण के थियो होला ?

पहिलो प्रश्‍नको उत्तर दिँदा पत्रुसले प्रभु येशूलाई औंल्याउँछन्। ख्रीष्‍ट येशूले धार्मिकताको खातिर यहाँसम्म दुःख भोग्नुभयो, कि उहाँले यसको निम्ति मृत्यु-दण्ड सहनुपर्‍यो। तर परमेश्‍वरले उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो, र स्वर्गमा उहाँलाई सर्वोच्च महिमा प्रदान गर्नुभयो (१ पत्रुस ३ : २२)। महिमामा पुर्‍याउने बाटो दुःखकष्‍टको बेंसी भएर जाँदो रहेछ।

अनि त्यसपछि पत्रुसले नूहको कुरा गर्छन्। एक सय बीस वर्षसम्म यी विश्‍वासयोग्य प्रचारकले मानिसहरूलाई परमेश्‍वरको पूर्वयोजनाको विषयमा चेतावनी दिइरहे; किनभने उहाँ संसारलाई जलप्रलयद्वारा नष्‍ट गर्न लाग्नुभएको थियो। के धन्यवाद, तिनले तिनीहरूबाट खिसी र अपमान र तिरस्कार नै सहनुपर्‍यो। तर परमेश्‍वरले तिनलाई सत्य साबित गर्नुभयो। उहाँले तिनलाई र तिनको परिवारलाई जलप्रलयद्वारा बचाउनुभयो।

तर एउटा समस्या बाँकी रहेको छ। 'मुक्तिको मार्ग सठीक बाटो हो भने हामी ख्रीष्‍ट-विश्‍वासीहरू किन यति थोरै छौं ?' यस प्रश्‍नमा पत्रुसको

उत्तर सुन्नुहोस् ! संसारमा यस्तो समय पनि थियो, जुन बेलामा आठजना छोड़ेर सबैजना गलत थिए। केवल आठजना सत्य ठहरिए। अब लक्षण-वर्णनको कुरा आयो। संसारको इतिहास साक्षी बसेको छः बहुमत प्रायः सत्य ठहरिँदैन। साँचो विश्वासीहरू अल्प सङ्‌ख्यामा छन्। यसकारण मुक्ति पाएकाहरूको थोरै सङ्‌ख्याले गर्दा विश्वासमा डगमगाउनुहुँदैन, ढलपल हुनुहुँदैन। नूहको दिनमा आठजना विश्वासी थिए भने वर्तमान समयमा लाखौं छन्।

आउनुहोस्, हामी १ पत्रुस ३ः२० पदको अन्तिम वाक्य पनि पढ़ौंः *'थोरै अर्थात् आठजना प्राणीहरू पानीद्वारा बचाइए।'* खास कुरा यस्तो छः तिनीहरू पानीद्वारा होइन, तर पानीबाट भएर जाँदा तिनीहरू बाँचे। किनकि पानी तिनीहरूलाई बचाउने माध्यम थिएन, तर परमेश्वरको न्यायको माध्यम थियो; अनि परमेश्वरले तिनीहरूलाई न्यायबाट भएर जाँदा सुरक्षासाथ लानुभयो र बचाउनुभयो।

यो वाक्य र त्यसपछिको पदको सठीक अर्थ खोल्नलाई हामीले नूहको पानीजहाज र जलप्रलयको खास अर्थ बुझ्ेको हुनुपर्छ। नूहको पानीजहाजले प्रभु येशू ख्रीष्टलाई सङ्केत गर्छ भने जलप्रलयले चाहिँ परमेश्वरको न्यायको चित्रण गर्छ। अनि त्यो पानीजहाज एकमात्र बाँच्ने उपाय थियो। अनि जलप्रलय आउँदाखेरि पानीजहाजभित्र पसेकाहरू मात्र उम्के। पानीजहाजदेखि बाहिरकाहरू सबैजना नाश भए। ठीक त्यस्तै ख्रीष्ट येशू मुक्ति पाउने एकमात्र बाटो र उपाय हुनुहुन्छ। अनि जतिजना ख्रीष्टमा छन्, यिनीहरू पूरा रूपले सुरक्षित हुन्छन्; किनभने परमेश्वरले उनीहरूलाई सुरक्षित राख्नुहुन्छ। अनि ख्रीष्टदेखि बाहिर भएकाहरू सबैजना कुनै उपाय नलाग्ने गरी पूरा नाश हुनेछन्।

जलप्रलयको पानी बचाउने माध्यम थिएन; किनभने पानीमा भएका सबैजना पानीमा डुबेर मरे। त्यो पानीजहाज बचाउने शरणस्थान थियो। अनि त्यस पानीजहाजले त्यसभित्र भएकाहरूलाई पानीरूपी न्यायबाट भएर लगियो। पानीजहाजले आँधीबेह्रीका प्रहार र धक्कैधक्काहरू खानुपर्‍यो। पानीजहाजभित्र एक थोपा पानी पनि पसेन, अँ, आउँदै

आएन। ठीक यस प्रकारले ख्रीष्ट येशूले हाम्रा पापहरूको खातिर परमेश्‍वरको क्रोधरूपी न्याय सहनुभयो। यसकारण ख्रीष्टमा हुनेहरू न्यायमा पर्नेछैनन् (यूहन्ना ५:२४)।

पानीजहाजको मन्तिर पानी थियो, त्यसको मास्तिर पानी थियो, त्यसको वरिपरि पूरा पानी थियो। तर त्यस पानीजहाजले त्यसमा शरण लिएकाहरूलाई पानीमार्फत पार लग्यो र सुरक्षासाथ नयाँ पारिएको सृष्टिमा पुर्‍याइदियो। ठीक यस प्रकारले मुक्तिदाता प्रभुमाथि भरोसा राख्नेहरूको हालत भएको छः उनीहरूले सुरक्षासाथ आत्मिक मृत्यु र भावशुष्कताबाट भएर बौरिउठाइको ठहरमा स्थापित हुँदै नयाँ जीवनमा प्रवेश गरे।

१ पत्रुस ३:२१: *'यसैको प्रतिरूप बप्तिस्मा हो, जसले हामीलाई ... बचाउँछ।'* फेरि पनि हामी एउटा अप्ठ्यारो परिस्थितिमा आइपुग्यौं, र विवादास्पद हिलोमा खुट्टा टेक्न लागेका छौं। किनभने बप्तिस्माद्वारा नयाँ जन्म हुने शिक्षा दिनेहरू र बप्तिस्माको पानीमा बचाउने शक्ति केही पनि नदेख्नेहरूको बीचमा यो पद रणभूमि बनेको छ।

# बप्तिस्मा

पहिले हामी एउटा काम गरौं! यस पदको अर्थ के हुन सक्छ, सो विचार गरौं, र यसमा कुन अर्थ असम्भव छ, सो पनि व्यक्त गरौं!

ख्रीष्ट येशूको मृत्यु एउटा बप्तिस्मा थियो; किनकि न्यायको पानीमा उहाँले बप्तिस्मा लिनुभयो। यसकारण बुझ्नुहोस्! हामीलाई बचाउने बप्तिस्मा छ, तर त्यो बचाउने बप्तिस्मा पानीको बप्तिस्मा होइन, तर दुई हजार वर्षभन्दा अघि गलगथामा पूरा भएको बप्तिस्मा हो। किनभने उहाँले यसो भन्नुभयोः *'मैले लिनुपर्ने एउटा बप्तिस्मा छँदैछ, र त्यो पूरा नभएसम्म म कति चेपारोमा परेको छु'* (लूका १२:५०)। अनि उहाँले लिनुपरेको बप्तिस्मा उहाँको मृत्यु थियो। यसको अर्थ सुस्पष्ट छ। अनि भजनको लेखकले यस बप्तिस्माको परिभाषा यस प्रकारले गरेः *'तपाईंका छाँगाहरूको आवाजमा गहिरोले गहिरोलाई बोलाउँछ; तपाईंका सबै*

*छालहरू र तपाईंका लहरहरूले मलाई छोपेका छन्'* (भजन ४२:७)। ख्रीष्ट येशू आफ्नो मृत्युमा परमेश्‍वरको क्रोधरूपी छालहरू र लहरहरूमा परेर उहाँको बप्तिस्मा भएको थियो। अनि उहाँको यो बप्तिस्मा हाम्रो मुक्तिको सत्‌आधार हो।

तर हामीले उहाँको मृत्यु आफ्नो निम्ति ग्रहण गर्नुपर्छ। नूह र तिनको परिवार बाँच्नलाई पानीजहाजभित्र पस्नुपरेको थियो। ठीक त्यस्तै हामीले आफूलाई प्रभु येशूको हातमा सुम्पनुपर्छ, जो हाम्रा एकमात्र मुक्तिदाता हुनुहुन्छ। जस-जसले आफ्नो जीवन उहाँको हातमा समर्पण गर्छन्, उनीहरू प्रभु येशूको मृत्यु, उहाँको दफन र उहाँको बौरिउठाइमा उहाँसित एक हुन्छन्। तब हामी ख्रीष्ट येशूसँग क्रूसमा टाँगिएको कुरा सत्य ठहरिन्छ (गलाती २:२०); तब उहाँसँग हाम्रो दफन भएको हुन्छ (रोमी ६:४); अनि तब हामी उहाँसँग-सँगै मृत्युदेखि जीवनमा सरेका हुन्छौं (रोमी ६:४)।

ख्रीष्ट-विश्‍वासीको बप्तिस्माले यो सबैको चित्रण दिन्छ। पानीको बप्तिस्मा त्यस वास्तविक कुराको बाहिरी चिन्ह हो, जुन कुरा विश्‍वासद्वारा आत्मिक तवरले पूरा भयो। ख्रीष्ट येशूको मृत्युभित्र हाम्रो बप्तिस्मा भएको छ। पानीमा डुब्दाखेरि हामी स्वीकार गर्छौंः 'म ख्रीष्ट येशूसित गाड़िएको हुँ।' अनि बप्तिस्मा लिएपछि पानीबाट उठ्दाखेरि हामी स्वीकार गर्छौंः 'म ख्रीष्ट येशूसित बौरिउठेको छु; यसकारण अबदेखि उसो म नयाँ जीवनको चालमा हिँड्नेछु, उहाँको चालमा हिँड़न चाहन्छु।'

यति बुझाएपछि हामी *'यसैको प्रतिरूप बप्तिस्मा हो, जसले हामीलाई ... बचाउँछ'* भन्ने वाक्यमा फर्कौं! यस बप्तिस्माको सन्दर्भ ख्रीष्ट येशूको क्रूसको मृत्युरूपी बप्तिस्मा हो। अनि यसमा हामी विश्‍वासद्वारा उहाँसित एक भएका छौं र एक भएका गनिन्छौं। पानीको बप्तिस्माचाहिँ यस वास्तविक कुराको चित्रण गर्ने बाहिरी प्रतिरूप हो।

अब आउनुहोस्, र यस पदको अर्थ असम्भव हुने कुरा पनि हेरौं! पानीको बप्तिस्माको पवित्र विधिद्वारा मुक्ति पाइँदैन। यस प्रकारले हामीले मुक्ति पाएका छैनौं; किनभने यसको विरोधमा निम्न कारणहरू खड़ा छन्ः

**१)** पानी मुक्ति दिने माध्यम हो भने पानीचाहिँ बचाउने मुक्तिदाता गनिन्छ, प्रभु येशू होइन। तर प्रभु येशूले 'पिताकहाँ पुऱ्याउने एकमात्र बाटो म नै हुँ' भन्नुभयो (यूहन्ना १४ः६)।

**२)** पानीको बप्तिस्मा मुक्ति दिने माध्यम हुनु हो भने, प्रभु येशू व्यर्थैमा मर्नुभयो। किनभने मानिसहरूले पानीद्वारा मुक्ति पाउन सक्छन् भने प्रभु येशू अझ किन क्रूसमा मर्नुपरेको थियो?

**३)** पानीको बप्तिस्मा हुने कुरा विफल भएको छ। किनकि धेरै जनाले पानीको बप्तिस्मा लिए, तर तिनीहरूको नयाँ जन्म भएन। पानीको बप्तिस्मा लिनेहरूको जीवनमा कुनै परिवर्तन आएन। किनभने यस्ताहरूले नयाँ जन्म पाएनन्।

अनि मुक्ति पाउनलाई मानिसले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ र पानीको बप्तिस्मा पनि लिनुपर्छ भन्ने अर्थ यस पदको खास अर्थ पनि हुन सक्दैन। यस विषयमा हामी निम्न नकार्ने कारणहरू पेश गर्छौंः

**१)** उक्त शिक्षाबाट क्रूसमा मुक्तिदाता प्रभुले पूरा गर्नुभएको त्राणको काम अधूरो थियो भन्ने अर्थ निस्कन्छ। तर प्रभु येशूले ठूलो सोरले कराएर भन्नुभयोः 'पूरा भयो!' तर पानीको बप्तिसमा लिएर मुक्तिको काम पूरा हुन्छ भने क्रूसमा खास कुन कुरा पूरा भयो त? मुक्ति पाउनलाई हामीले प्रभु येशूको क्रूसको त्राणको काममा पानीको बप्तिस्मा थप्नुहुँदैन, नत्रता हामी उहाँले पूरा गर्नुभएको काम अधूरो भएको ठहराउँछौं।

**२)** मुक्ति पाउनलाई पानीको बप्तिस्मा अनिवार्य हो भने प्रभु येशूले किन कसैलाई बप्तिस्मा दिनुभएन? यो हामीलाई अनौठो लाग्छ। यूहन्ना ४ः१-२ पदको खण्डअनुसार उहाँलाई आफ्ना अनुयायीहरूलाई बप्तिस्मा दिनुभएन। यो काम उहाँका प्रेरितहरूले गरे।

**३)** प्रेरित पावलको कुरा आयो। उनले कोरिन्थका विश्वासीहरूमध्ये थोरैभन्दा थोरै व्यक्तिहरूलाई बप्तिस्मा दिएकोमा

परमेश्वरलाई धन्यवाद चढ़ाए (१ कोरिन्थी १:१४-१६)। पानीको बप्तिस्मा मुक्ति पाउनलाई नभई नहुने कुरा हो भने यस प्रकारको धन्यवाद सुसमाचारको प्रचारकको मुखबाट सुन्नु हामीलाई कस्तो लाग्छ? हामी कल्पनाको कुरा गर्ने, कि तथ्यको कुरा? प्रेरित पावलले कसै-कसैलाई बप्तिस्मा दिए; यसर्थ पावलले नयाँ ख्रीष्ट-विश्वासीले बप्तिस्मा लिनुपर्छ भन्ने कुरा सिकाएका हुनुपर्छ। तर तिनले कसै-कसैलाई मात्र पानीको बप्तिस्मा दिएको कुराले के देखाउँछ भने, तिनको विचारमा, मुक्ति पाउनलाई पानीको बप्तिस्मा नभई नहुने कुरा होइन रहेछ।

**४)** अनि क्रूसमा झुन्डिएको पश्चात्तापी चोरको विषयमा कसो हो? उसले कहिल्यै पानीको बप्तिस्मा लिएन; तर पनि प्रभु येशूले उसलाई 'आज, तिमी मसँग स्वर्गलोकमा हुनेछौ' भन्ने आश्वासन दिनुभयो (लूका २३:४३)।

**५)** अनि सिजरियामा भएका अन्यजातिका मानिसहरूले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाए र उनीहरूलाई पवित्र आत्मा दिइयो (प्रेरित १०:४४)। पवित्र आत्मा पाउने व्यक्ति प्रभु येशूको हुन्छ (रोमी ८:९[ख]); पवित्र आत्मा यसको पक्का प्रमाण हुनुहुन्छ। अनि सिजरियाका विश्वासीहरूलाई के भयो? उनीहरूले पवित्र आत्मा पाएपछि पानीको बप्तिस्मा लिए, अर्थात् उनीहरूले मुक्ति पाइसके-पछि उनीहरूलाई पानीको बप्तिस्मा दिइयो (प्रेरति १०:४७-४८)। यसकारण उनीहरूको मुक्ति पानीको बप्तिस्मामा निर्भर गर्दैन। पहिले उनीहरूले मुक्ति पाए, त्यसपछि उनीहरूले पानीको बप्तिस्मा लिए।

**६)** नयाँ नियमभरि बप्तिस्माचाहिँ मृत्युको प्रतीक हो, एउटा आत्मिक नयाँ जन्मको प्रतीक होइन।

**७)** नयाँ नियममा एक सय पचास पदहरू छन्, जुन पदहरू सबैले मुक्ति विश्वासको फल हो भनेर भन्छन्। अनि यति बहुमत

पदहरूको कुरा दुईवटा वा तीनवटा पदले यति सजिलोसँग खारिज गर्न सक्दैनन्, जुन पदहरूले मुक्ति पाउनलाई बप्तिस्मा लिनुपर्छ भन्ने शिक्षा कतै देला जस्तो लागेको छ।

यसकारण जब हामी १ पत्रुस ३:२१ पदमा *'यसैको प्रतिरूप बप्तिस्मा हो, जसले हामीलाई ... बचाउँछ'* भन्ने वाक्य पढ्छौं, तब यसको खास अर्थ पानीको बप्तिस्मा हुनै सक्दैन; तर यसको अर्थ ख्रीष्ट येशूको क्रूसको मृत्युरूपी बप्तिस्मा हुनुपर्छ, जुन बप्तिस्मामा हामी विश्वासद्वारा उहाँसित एक भएका छौं।

*'जुन बप्तिस्माचाहिँ शरीरको मैला हटाउनलाई होइन;'* पुरानो नियमको उपासना गर्ने रीतिविधिहरू थिए, जुन रीतिविधिहरूको विषयमा पत्रुसका श्रोताहरूले जानेका थिए; किनकि उनीहरूमध्ये कतिजना यहूदी-इसाईहरू थिए। यी रीतिविधिहरूले बाहिरी शुद्धीकरण गर्थे। तर यी रीति-विधिहरूले न पूजाहारीबाट, न मानिसहरूबाट पापको दोष हटाएर तिनीहरूमा शुद्ध विवेक सृजना गर्दथिए। अनि जुन बप्तिस्माको विषयमा पत्रुसले यहाँ कुरा गर्छन्, त्यो बप्तिस्मा अशुद्ध मानिसको शारीरिक वा विधिवत् शुद्धीकरणका निम्ति दिइएको होइन। पानीले शरीरबाट मैला हटाउन सक्छ, तर त्यसले हामीमा परमेश्वरप्रति एउटा असल विवेक सृजना गर्न सक्दै-सक्दैन। तर ख्रीष्ट येशूसितको व्यक्तिगत सम्बन्धले यसो गर्न सक्छ। शुद्ध विवेक पाउनलाई हामी उहाँको मृत्यु, उहाँको दफनमा र उहाँको बौरिउठाइमा उहाँसित एक हुनुपर्छ।

*'तर त्यो त परमेश्वरप्रति असल विवेकको माग पूर्ति गर्नलाई हो।'* हाम्रो सामु निम्न प्रश्न खड़ा छः 'परमेश्वरको सामु म कसरी धर्मी ठहरिन सक्छु ? उहाँको सामु म कसरी एउटा शुद्ध विवेक पाउन र कायम राख्न सक्छु ?' अनि यस प्रश्नको उत्तर हामी पत्रुसले यहाँ कुरा गरिरहेको बप्तिस्मामा पाउँछौं। ख्रीष्ट येशूको मृत्युरूपी बप्तिस्माद्वारा 'दया गरी, एउटा शुद्ध विवेक पाऊँ' भन्ने हाम्रो माग पूरा हुन्छ; किनभने गलगथामा ख्रीष्ट येशूको त्राणात्मक मृत्युले हाम्रा पापको ऋण पूरा चुक्ता गर्‍यो। हाम्रा पापको हिसाबकिताब एकैपल्टमा सधैंका निम्ति छिनियो र सफा भयो।

यसकारण उहाँको त्राणको काममाथि विश्वास गरेर हामीले यसबाट आफ्नो व्यक्तिगत फाइदा उठाउनुपर्छ, हामीले यसको पूरा लाभ उठाउनुपर्छ।

*'... येशू ख्रीष्टको बौरिउठाइद्वारा;'* प्रभु येशूको मृत्युमा परमेश्वर पूरा सन्तोष हुनुभयो भन्ने कुरा हामी कसरी जानौं? हामी जान्दछौं; किनभने परमेश्वरले ख्रीष्ट येशूलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो। अनि एउटा शुद्ध विवेक अभिन्न रूपले र नछुट्टिने गरी सधैं प्रभु येशूको बौरिउठाइसित जोड़ेको हुन्छ। प्रभु येशूको बौरिउठाइ भएको छैन भने हाम्रो विवेक पनि शुद्ध हुन सक्दैन। प्रभु येशूको बौरिउठाइको सन्देश यस प्रकारको छः परमेश्वर पिताले आफ्ना पुत्र येशूको त्राणको काममा पूरा सन्तुष्टि पाउनुभयो। ख्रीष्ट येशू मरेकाहरूको बीचबाट बौरि न उठ्नु-भएको भए हामी आफ्ना पापहरूको प्रायश्चित्तको सम्बन्धमा ती सबै पापहरूको हरण भयो, ती सधैंका निम्ति हटाइए भन्ने निश्चयता कहिल्यै पाउनेथिएनौं। तब प्रभु येशूको मृत्यु अरू मानिसहरूको जस्तो मृत्यु हुनेथियो। हाम्रा पापहरूको सम्बन्धमा परमेश्वरका धर्मी माग र दाबीहरू जति थिए, ती सबै माग र दाबीहरू पूरा भए, हाम्रा पापको ऋण पूरा चुक्ता भयो। बौरिउठ्नुभएको प्रभु येशू यसको जीवित साक्षी र बन्धक हुनुहुन्छ। यसमा उहाँ हाम्रो सर्वोत्तम निश्चयता हुनुहुन्छ।

यो कुरा श्री जेम्स जी. डेकका शब्दहरूमा भनौंः

*हाम्रो विवेकमा शान्ति छ,*
*जुन शान्तिले हामीलाई कहिल्यै धोका दिँदैन,*
*अँह, हामीलाई धोका दिनै सक्दैन;*
*किनभने हाम्रो शान्तिको बन्धक स्वर्गको सिंहासनमा*
*विराजमान हुनुहुने परमेश्वरको थुमा हुनुहुन्छ।*

*'यसैको प्रतिरूप बप्तिस्मा हो, जुन बप्तिस्माचाहिँ ... परमेश्वरप्रति असल विवेकको मागको पूर्ति हो, अहिले हामीलाई येशू ख्रीष्टको बौरिउठाइद्वारा बचाउँछ।'* आफ्नो असल विवेक दाबी गर्न सक्ने एकमात्र आधार प्रभु येशूको मृत्यु, दफन र बौरिउठाइ हो। यसको क्रम यस प्रकारको छः

**क)** हाम्रा निम्ति गलगथामा प्रभु येशूको मृत्युरूपी बप्तिस्मा भयो ।

**ख)** जुन बेलामा हामीले प्रभु येशूमाथि विश्वास गरेर उहाँलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्छौं, त्यस बेलामा हामी आत्मिक हिसाबले उहाँसित एक हुन्छौं – उहाँको मृत्युमा, उहाँको दफनमा र उहाँको बौरिउठाइमा ।

**ग)** शुद्ध विवेक पाऊँ भन्ने हाम्रो माग वा विन्ती प्रभु येशूको बौरिउठाइको ज्ञानले पूर्ति गर्छ अर्थात् प्रभु येशूको बौरिउठाइ यसको उत्तर हो ।

**घ)** पानीको बप्तिस्मा लिएर हामीले आफ्नो आत्मिक छुटकारा भएको प्रत्यक्ष गवाही दिन्छौं ।

**१ पत्रुस ३ः२२ः** *'उहाँ स्वर्ग जानुभयो, र परमेश्वरको दाहिने हातपट्टि हुनुहन्छ; स्वर्गदूतहरू, अधिकारीहरू र सामर्थ्यहरू उहाँकै अधीनतामा राखिएका छन् ।'* प्रभु येशू ख्रीष्ट मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो; यति मात्र होइन, तर उहाँको स्वर्गारोहण पनि भयो – जुन ठाउँबाट उहाँ आउनुभएको थियो, त्यस ठाउँमा उहाँ फर्कनुभयो । उहाँ आजको दिनमा त्यहीं हुनुहुन्छ । उहाँ त्यहाँ अदृश्य हुनुहुन्न; उहाँ त्यहाँ केवल आत्मामा हुनुहुन्न । तर उहाँको हाड़ र मासुको शरीर छ, अहिले उहाँको महिमित शरीर छ । उहाँ जीवित हुनुहुन्छ, एक जिउँदा मानिस हुनुहुन्छ । अनि उहाँले आफ्नो शरीरमा अनन्तसम्म यी डोबका चिन्हहरू बोकिरहनुहुनेछ, जुन डोबहरू गलगथामा उहाँलाई दिइएका चोटहरूका चिन्हहरू हुन् । प्रभु येशूले हामीलाई कति प्रेम गर्नुहुन्छ ? उहाँको प्रेमका यी सुस्पष्ट र अमर चिन्हहरू यो हामीलाई देखाउँछन् ।

हाम्रा प्रभु परमेश्वरको दाहिने हातपट्टि हुनुहुन्छ । यो कस्तो स्थान हो ?

**क)** यो शक्तिको स्थान हो । देब्रे हातभन्दा प्रायः दाहिने हात बलियो छ । यसकारण दाहिने हात शक्तिसित सम्बद्ध हुन्छ (मत्ती २६ः६४) ।

**ख)** यो आदर र सम्मान पाउने स्थान हो। ख्रीष्ट येशू परमेश्‍वरको दाहिने हातपट्टि उच्च पारिनुभयो (प्रेरित २:३३ र ५:३१)।

**ग)** यो विश्राम लिने स्थान हो। हाम्रो त्राणको काम सिद्ध्याउनुभएपछि प्रभु येशू आराम गर्दै हुनुहुन्छ; उहाँ उच्च स्थानमा महामहिमको दाहिने हातपट्टि बस्नुभयो (हिब्रू १:३; ८:१ र १०:१२)। यो विश्राम थकाइ मार्ने विश्राम होइन, तर पूरा सन्तुष्टि उपभोग गर्ने र आनन्द लिने उहाँको विश्राम हो।

**घ)** यो हाम्रा निम्ति अन्तर्विन्ती चढ़ाउने स्थान हो। प्रेरित पावलले भनेअनुसार ख्रीष्ट येशू परमेश्‍वरको दाहिने हातमा हाम्रा निम्ति अन्तर्विन्ती गर्दै हुनुहुन्छ (रोमी ८:३४)।

**ङ)** यो सर्वश्रेष्ठ स्थान हो। परमेश्‍वरको दाहिने हातपट्टि उहाँ सबै प्रधानता, अधीकार, सामर्थ्य, प्रभुत्व र यस संसारमा मात्र होइन, तर आउने युगमा पनि लिइने हरेक नामभन्दा धेरै माथि स्वर्गीय स्थानहरूमा बस्नुभएको छ (एफेसी १:२०-२१)।

**च)** यो प्रभुत्व जमाउने स्थान हो। *'जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रो पाउदान बनाउँदिनँ, तबसम्म मेरो दाहिने हातपट्टि बस!'* (हिब्रू १:१३)। १ पत्रुस ३:२२ पदले पनि उहाँको प्रभुत्वमा जोड़ दिएर यसो भनेको छः *'उहाँ परमेश्‍वरको दाहिने हातपट्टि हुनुहुन्छ; स्वर्गदूतहरू, अधिकारीहरू र सामर्थ्यहरू उहाँकै अधीनतामा राखिएका छन्।'*

स्वर्गदूत, अधिकारी र सामर्थ्यहरू भनेर स्वर्गका सबै श्रेणीका जीवआत्माहरू समावेश गरिएका छन्। तिनीहरू सबैजना बौरिउठ्नुभएको महिमित ख्रीष्टका सेवकहरू हुन्।

भलाइको निम्ति दुःख भोग्दाखेरि हाम्रा प्रभुको यस प्रकारको अनुभव थियो। मानिसहरूले उहाँलाई दुईपल्ट तिरस्कार गरेः एक, उहाँ देहधारी हुनुभन्दा अघि तिनीहरूले उहाँलाई नूहको साक्षीको रूपमा इन्कार गरेका

थिए; अनि दुई, तिनीहरूले उहाँको पहिलो आगमनमा उहाँलाई मानिसको पुत्रको रूपमा इन्कार गरे। त्यसपछि गलगथामा उहाँको मृत्युरूपी 'काला पानी'को बप्तिस्मा भयो। तर परमेश्वरले उहाँलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो र उहाँलाई उच्च पारेर उहाँलाई आफ्नो दाहिने हातपट्टि सर्वोच्च महिमा दिनुभयो। यसकारण परमेश्वरका अनन्त उद्देश्य-हरूअनुसार क्रम यस प्रकारको छः महिमाको अगाडि दुःख आउँछ।

पत्रुसको पत्र पढ्ने प्रापकहरूका निम्ति र हाम्रा निम्ति हामीले सिक्नुपर्ने पाठ एउटै होः सुकर्म र भलाइको निम्ति विरोध र सतावटको तिक्त अनुभव गर्नुपर्दा हामीले झिजो र झर्को मान्नुहुँदैन; किनभने हाम्रा मुक्तिदाता प्रभुले पृथ्वीमा जुन कुव्यवहार अनुभव गर्नुभयो, त्यस व्यवहारभन्दा राम्रो बरताव पाउनु हामी योग्य हुँदैनौं। आउनुहोस्, *'हामीले उहाँसँग दुःख भोग्यौं भने हामी उहाँसँग महिमा पनि पाउनेछौं'* भन्ने प्रतिज्ञाबाट ढाढ़स लिऔं! (रोमी ८:१७)। अनि जुन महिमा हामीमाथि प्रकट हुनेछ, त्यस महिमाको तुलनामा हामीले भोग्नुपर्ने दुःखकुष्टहरू के हुन् त? केही पनि होइनन् (रोमी ८:१८)। किनभने हाम्रा सङ्कष्टहरू क्षणिक, हल्का छन्; तर ती सङ्कष्टहरूले हाम्रा निम्ति नाप्नै नसकिने र सदा रहिरहने भारी, अनन्त महिमा उत्पन्न गर्छन् (२ कोरिन्थी ४:१७)।

**१ पत्रुस ४:१:** १ पत्रुस ३:१८ पदको कुरा आफ्नो नजर राख्दै के बुझिन्छ भने, अघिको खण्डसित अबको खण्डको घनिष्ठ सम्बन्ध रहेको छ। किनभने हामीले ख्रीष्ट येशूको असल उदाहरण अध्ययन गरेर आएका छौं, जसले अन्याय सहनुभयो, दुःख भोग्नुभयो। उहाँले दुष्ट मानिस-हरूको हातबाट धार्मिकताको निम्ति कत्रो दुःखकष्ट सहनुभयो!! उहाँसित कुरा यस्तो थियो भने, उहाँका अनुयायीहरूले त्यही प्रकारको मनसाय धारण गर्नुपर्छ। यो उनीहरूको हतियार हो। उनीहरू सधैं उहाँको नामको खातिर दुःख भोग्न तयार हुनुपर्छ। ख्रीष्टका चेलाहरू भएको नाताले उनीहरू कतै सतावटमा पर्नुपर्ला भन्ने सम्भावनाको निम्ति सदैव तम्तयार हुनुपर्छ।

*'किनकि जसले शरीरमा दुःख भोगेको छ, उसले पाप छोड़ेको छ।'* ख्रीष्ट-विश्वासीहरूलाई दुईवटा कुराहरूको बीचमा छान्न दिइएको छः कि त पाप गर्न, कि त दुःख भोग्न। एकापट्टि, उनीहरूले आफ्नो वरिपरिमा भएका मुक्ति नपाएका मानिसहरूको जस्तो जीवन जिउन रोज्न सक्छन्; उनीहरूले तिनीहरूका पापमय सुखहरूमा भाग लिन सक्छन्; यसरी उनीहरू सायद सतावटबाट उम्कन सक्लान्। अर्कापट्टि, उनीहरू शुद्ध र भक्तिपूर्ण जीवन जिउन, ख्रीष्टको निन्दा बोक्न र दुष्ट मानिसहरूको हातबाट कष्ट भोग्न सक्छन्।

श्री जेम्स गुथ्री इस्वी संवत् १६६१ सालको जून महिनाको एक तारिखको दिनमा शहीद बने; तिनलाई फासी दिनुभन्दा अघि तिनले आफ्ना साथीहरूलाई यसो भनेः 'प्रिय मित्रहरूहो, पाप गर्नुभन्दा बरु यस दुःखको कचौरा पिउने प्रण गर्नुहोस्, जस्तो मैले पनि कबुल गरेको छु! किनकि छान्नलाई पाप र दुःखकष्ट मेरो सामु राखिएका छन्; अनि मैले दुःखकष्ट खप्ने भाग छानें।'

जब ख्रीष्ट-विश्वासीहरूले पापमय जीवन जिउनुभन्दा बरु ख्रीष्टको चेलाहरू भएको नाताले सतावटमा पर्ने भाग छान्छन्, तब उनीहरूले पाप गर्न छोड़े-छोड़े। यसको मतलब यो होइन, कि उनीहरूले कुनै पाप-कर्म गर्दैनन्। तर उनीहरूको जीवनमा उनीहरूलाई पापको करमा पार्ने शक्ति तोड़िएको छ। जब कुनै भाइबहिनीले पाप नगर्नलाई दुःख सहन सक्छ, तब यस्तो भाइबहिनी अबदेखि उसो शरीरको इच्छाको वशमा रहँदैन, तर त्यहाँबाट छुटिएको हुन्छ।

**१ पत्रुस ४ः२ः** तब ख्रीष्ट-विश्वासीको बाँकी जीवन शरीरका अभिलाषाहरूको वशमा होइन, तर परमेश्वरको इच्छाको अधीनतामा रहन्छ। विश्वास नगर्ने मानिसहरूले पाप गर्ने गर्छन्। तर ती अविश्वासी-हरूले जस्तो नगरेर बरु ख्रीष्ट-विश्वासी ख्रीष्टको चेला भएको नाताले दुःख भोग्न राजी हुन्छ। प्रभु येशूलाई इन्कार गर्नुभन्दा ऊ बरु मर्न तयार हुन्छ। 'अबदेखि उसो शरीरमा उसले आफ्नो बाँकी समय' भन्ने वाक्यले यस पृथ्वीमा विश्वासीको जीवनको बाँकी भाग भन्न चाहेको हो। ख्रीष्ट-

विश्वासीले इन्द्रियलोलुप भई शारीरिक अभिलाषाहरू पूरा गर्न चाहँदैन, तर उसले आफ्नो जीवनका बाँकी वर्षहरू परमेश्वरको महिमाको निम्ति जिउने अठोट गरेको छ।

**१ पत्रुस ४ः३ः** पत्रुसको यस पत्रका प्रापकहरूमध्ये कोही-कोही थिए, जो मुक्ति पाउनुभन्दा अघि अन्यजाति-जगत्को सम्पूर्ण नैतिक भ्रष्टाचारमा डुबेका थिए। यस प्रकारको भ्रष्ट जीवन काफी भयो, भयो ! ख्रीष्टका चेलाहरू नयाँ सृष्टिहरू हुन्। यसकारण हामीले पुराना पापहरू दोहोऱ्याउनुहुँदैन, तर ती पापहरू हामीले छोड्नुपर्छ। हाम्रो जीवनका बाँकी वर्षहरू परमेश्वरका हुन्; यसकारण हामीले आफ्नो बाँकी जीवन उहाँलाई समर्पण गर्नुपर्छ।

वर्तमान अइसाई अन्यजाति-जगत् यस खण्डमा सूचित गरिएका पापहरूले ग्रस्त हुन्छ, जस्तै किसिम-किसिमको व्यभिचार र अश्लीलपन, मद्यपान र लागूपदार्थको लट्ठ, भक्तिको भेष, धर्मोत्साह र धर्मान्धपन।

*कामुकता, व्यभिचारः* कामुकता भनेको कामवासनामा लट्टिएको, कामातुर भएको, अँ, सतीत्व, पतिव्रत्व नभएको यौनिक आशक्ति बुझिन्छ।

*किसिम-किसिमका अभिलाषाहरूः* परमेश्वरले मनाही गर्नुभएका जुनसुकै अनुचित अभिलाषा पूरा गर्ने काम यसमा पर्छ, जस्तै लोभ-लालचदेखि लिएर अवैधिक सम्भोगका पापहरू।

*मतवालापन, रक्सीबाजीः* रक्सी, गाँजा, भाङ, जाँड़, चरेस, अफिम इत्यादि मादक पदार्थको वशमा र लट्ठमा परेको मानिसको इच्छा-शक्तिमा ठूलो घत लाग्छ; यसकारण यस्तो मानिसले पापको परीक्षामा पर्दा स्थिर रहन सक्दैन, नाइँ भन्न सक्दैन। मद्यपान र व्यभिचारको बीचमा नजिकको सम्बन्ध छ। याद गर्नुहोस्, र होशियार हुनुहोस् !

*मोजमज्जाः* साधारण वनभोज, वनविहार, बनभतेरको नाममा मनोविनोद र आनन्द-गराइ शुरु गरेर रातिसम्म यस्ता पार्टी र मोजगिरीहरू चल्छन्, जसमा मानिसहरू उट्ठङ्गा, रसरङ्गले रँगिएका र छाड़ा हुन्छन्, अनि उपद्रो र उत्ताउलो गर्छन्।

*रक्सीधोकाइः* यस प्रकारका पिउने पार्टीहरूको फल घिचाइ, उड़न्ता, झगड़ा र उपद्रव, अँ, हर किसिमको दुराचार हुन्छ।

*घिनलाग्दो, अधर्मी मूर्तिपूजाः* मूर्तिपूजा गर्नु मनाही गरिएको छ; किनभने मूर्तिपूजाबाट परमेश्वरको अनादर हुनुको साथै किसिम-किसिमको व्यभिचार र अनैतिकता त्यससित सम्बद्ध हुन्छ।

मानिसहरू आफूले पूजा गरेको वस्तु जस्तो छ, त्यस्तै हुन जान्छन्। जब मानिसहरूले सत्य परमेश्वरलाई पुज्न छोड्छन्, तब तिनीहरूको नैतिकता आफैआफ पतित हुन्छ-हुन्छ। अनि यस प्रकारले तल्लो नैतिक स्तरमा पुगेको मानिसलाई जे मन लाग्छ, त्यही गर्न पाइन्छ। यसकारण मानिसले मनपरी गरेर सबै किसिमका पापहरूबाट मज्जा लिन सक्छ। यसकारण मूर्तिपूजा अपनाउने धर्महरूले मानिसहरूलाई नैतिक पतन गराउँछन्, अनि तिनीहरूको बीचमा पाप र भ्रष्टाचार जन्माउँछन्।

**१ पत्रुस ४:४:** यस पदले ती विश्वासीहरूको जीवनको अनुभव बयान गर्छ, जुन विश्वासीहरूले यस प्रकारको भ्रष्टाचारको जीवनबाट छुटकारा पाएका छन्। उनीहरूका पुराना, खूब मिल्ने साथीहरूले उनीहरूलाई 'बौलाहा', 'पागल' भन्छन् र उनीहरूलाई 'धर्मोन्मत्त', 'धर्मान्ध' भन्ने नाम दिएर उनीहरूलाई सरासर निन्दा गर्छन्। इसाईहरूको कस्तो बहुलापन?! उनीहरूलाई नाचघर, रोदीघर, रङमञ्चमा देखिँदैन; उनीहरूले सांसारिक पार्टीहरूमा भाग लिँदैनन्; उनीहरूले सुन्दरी भोग गर्दैनन्। ख्रीष्ट-विश्वासीको नैतिक शुद्ध जीवनले पापी मानिसहरूलाई दोषी ठहराउँछ; यसैले ती अधर्मी मानिसहरूले ख्रीष्ट-विश्वासीहरूलाई घृणा गर्छन्। यसमा छक्क पर्ने केही कुरा छैन।

**१ पत्रुस ४:५:** यस युगमा भक्तिहीन मानिसहरूले ख्रीष्ट-विश्वासीहरूलाई निन्दा गर्लान्, ठिक्कै हो; तर तिनीहरूले परमेश्वरको न्यायमा उभिँदा आफ्नो एक-एक शब्द र एक-एक कामको हिसाब दिनुपर्नेछ। किनभने निश्चय एकदिन त्यो ठूलो, सेतो सिंहासन खड़ा गरिनेछ। प्रभु येशूले जिउँदा र मरेकाहरूको न्याय गर्न लाग्नुभएको छ; उहाँ तिनीहरूको न्याय गर्न तयार हुनुहुन्छ। यहाँ पत्रुसको मन र ध्यान

विश्वास नगर्ने मानिसहरूमाथि परेको छ। यो सुस्पष्ट छ। हजार वर्षको राज्यको सुरुआतमा त्यस बेलामा जीवित रहेका अविश्वासी मानिसहरूको न्याय हुनेछ। तर मरेका अधर्मी मानिसहरूको न्याय ख्रीष्टको राज्यको अन्तमा हुनेछ। अनि त्यस बेलामा अविश्वासीहरूको न्यायको फैसलाले परमेश्वरका छोराछोरीहरूको धार्मिकता प्रमाणित गर्नेछ।

**१ पत्रुस ४:६:** *'यही कारणले ... मरेकाहरूलाई सुसमाचार सुनाइयो,'* अर्थात् ती मानिसहरूलाई सुसमाचार सुनाउने कारण परमेश्वरका छोराछोरीहरूको दोषनिवारण हुँदो रहेछ। अनि नभन्दै हामी फेरि पनि बुझ्नुमा जटिल भएको खण्डमा आइपुगिहाल्यौं। मरेकाहरूलाई सुसमाचार सुनाइएको कुराको सम्बन्धमा निम्न प्रश्न उठेको छः के यी मरेका मानिसहरूले आफ्नो मरेको अवस्थामा ख्रीष्टको सुसमाचार सुने, कि के तिनीहरू जिउँदा हुँदाखेरि तिनीहरूले सुसमाचार सुने? अनि दोस्रो प्रश्न पनि छः यी मरेका मानिसहरू को थिए होलान्?

हामीले बुझेअनुसार यी मानिसहरूले यस पृथ्वीमा बाँचिरहेको बेलामा सुसमाचार सुने र प्रभु येशूमाथि विश्वास गरे। सत्यताको पक्षमा वीर भएर यिनीहरूले दुष्ट मानिसहरूको हातबाट निक्कै दुःख भोगे; अनि यिनीहरूमध्ये कतिजना शहीद बने। यी ख्रीष्ट-विश्वासीहरूको अन्याय भयो; किनकि शरीरमा यिनीहरूको न्याय मानिसहरूअनुसार भयो र यी निर्दोषी विश्वासीहरू मानिसहरूको न्याय-जाँचमा दोषी ठहरिए। तर परमेश्वरले यिनीहरूलाई धर्मी ठहराउनुभयो। यिनीहरू हालैमा उहाँको सँगतमा अनन्त जीवन उपभोग गर्न पाइरहेका छन्।

सुसमाचार सुन्दाखेरि यी मानिसहरू पक्का पनि मरेका थिएनन्। तर यिनीहरूको शरीरको हिसाबले यिनीहरू अहिले मरेको अवस्थामा छन्। मानिसहरूले यिनीहरूलाई 'पागल' भन्थे, सम्झन्थे, तर परमेश्वरले यिनीहरूलाई सम्मान दिनुभयो; अनि यिनीहरूका आत्माहरू हालैमा स्वर्गमा छन्।

सुसमाचारको प्रचार विश्वास गर्नेहरूको जीवनमा त्यसका दुईवटा नतिजाहरू यस प्रकारका छन्: यी विश्वासीहरूले मानिसहरूको दोष र

निन्दा भोग्नुपर्छ र परमेश्वरको अनुमोदन पनि अनुभव गर्छन्। यस सम्बन्धमा श्री अल्बर्ट बार्नस्ले आफ्नो टिका दिएर यसो भनेका छन्ः

> 'यी मानिसहरूलाई सुसमाचार प्रचार गरिएको उद्देश्य यस प्रकारको थियोः यिनीहरू सामान्य हिसाबले मानिसहरूको आलोचनामा र न्यायजाँचमा दोषी ठहरिन्छन्-ठहरिन्छन्, अँ, मृत्युदण्डका योग्य पनि ठहरिन सक्छन्। तर यिनीहरू आत्मामा परमेश्वरका निम्ति जिउन पाउँछन्। यिनीहरूको आत्मा भन्नाले हामीले यिनीहरूको नयाँ, उच्च स्वभाव बुझ्नुपर्छ।' [26)]

# खण्ड ३) १ पत्रुस ४ः७-५ः१४ः ख्रीष्ट-विश्वासीहरूको सेवकाइ र दुःखभोगाइ

## क) १ पत्रुस ४ः७-११ः अन्तिम दिनहरूको सम्बन्धमा दिइएका जरुरी आदेशहरू

**१ पत्रुस ४ः७ः** अब आदेशमाथि आदेश ताँती भएर आइरहेका छन्। *'तर सबै कुराहरूको अन्त नजिकै आएको छ'* भनेर यस नयाँ खण्डको परिचय गरिन्छ। प्रेरित पत्रुसले यहाँ भन्न खोजेको कुराले कि त

क) यरूलशेमको सर्वनाशलाई सङ्केत गरेको हुन सक्छ, कि त ख) ख्रीष्ट-विश्वासीहरू आकाशमा उठाइलगिएको क्षणलाई ताकेको हुन सक्छ, कि त ग) ख्रीष्ट येशूको दोस्रो आगमन, उहाँको राज्यको सुरुआतलाई, कि त घ) हजार वर्षको राज्य सिद्धिएपछि आकाश र पृथ्वी सखाप हुने घटनालाई सङ्केत गरेको हुन सक्छ। हाम्रो विचारमा, पत्रुसले बुँदा घ)मा बताइएको कुरालाई सङ्केत गरेको होला।

पहिलो आदेश यस प्रकारको छः *'यसकारण सचेत होओ, र प्रार्थना गर्नमा जागा रहो !'* यो आदेश सतावटको पृष्ठिभूमिमा दिइएको हो। अनि यस आदेशको मतलब यो थियोः ख्रीष्ट-विश्वासीहरूले आफ्नो प्रार्थनाको जीवनमाथि कुनै बाधा आइपर्न दिनुहुँदैन, जस्तै सन्त्रासले हड़बड़ाएको, विभिन्न तनावले सृजिएको मनको चञ्चलताले व्याकुल भएको परिस्थिति आदि। परमेश्वरसित उनीहरूको अविरल सङ्गति भइरहनुपर्छ, परि-स्थितिहरू जति पनि अप्ठ्यारा किन नहोऊन्।

**१ पत्रुस ४:८:** दोस्रो आदेश यस प्रकारको छः अरू विश्वासीहरूसित ख्रीष्ट-विश्वासीको सङ्गति बिग्रिनुहुँदैन (१ पत्रुस ४:८-९)। यसमा हामीले ध्यान दिनुपर्छ; किनभने विश्वासीहरूको घरानाका सबै सदस्य-सदस्याहरूका निम्ति हाम्रो प्रगाढ़ प्रेम हुनुपर्छ। प्रगाढ़ प्रेम भएको विश्वासीले अरूका गल्ती, कमजोरी र भूचचूकहरूको प्रचार गर्दैन, तर बरु उनीहरूलाई मानिसहरूको सामु उनीहरूमाथि कुनै खोट लाग्नदेखि जोगाउन खोज्छ। एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'घृणा एउटा विष हो, जसले सबै कुराहरू बिगार्छ; तर प्रेमसँग कतिपय कुराहरू मानिसहरूको नजरबाट लुकाउने अधिकार छ।'

हितोपदेश १०:१२ पदबाट उद्धृत गरिएको *'प्रेमले चाहिँ असङ्ख्य पापहरू ढाक्नेछ'* भन्ने वाक्य हामीले पापहरू कसरी हटाउनुपर्छ भन्ने सम्बन्धमा सैदान्तिक व्याख्यानको रूपमा लिनुहुँदैन। किनभने हाम्रा पापहरूको दोष र हाम्रा पापहरूले पाउनुपर्ने दण्ड प्रभु येशूको रगतले मात्र हटाउँछ। अनि यो पद कसैको पापबाट आफ्नो आँखा बन्द गर्ने निहुँ अथवा कुनै अपराधीलाई अनुशासन गर्नु नपर्ने स्थानीय मण्डलीलाई छुट

दिने बहानाको रूपमा लिनुहुँदैन। अरू ख्रीष्ट-विश्वासीहरूको जीवनमा देखेका सानातिना गल्तीहरू र कमजोरीहरू नदेख्नलाई साँचो प्रेम सक्षम हुन्छ – यस पदको सठीक अर्थ हो।

**१ पत्रुस ४ः९ः** गनगन नगरीकन एक-अर्काको अतिथि-सत्कार गर्नुचाहिँ पत्रुसको तेस्रो आदेश हो। अतिथि-सत्कारद्वारा हामी आपसमा आफ्नो भ्रातृ-प्रेम प्रकट गर्न सक्छौं। अनि सतावटमा परेका समयहरूमा यो आदेश झन् बढ़ी महत्त्वपूर्ण र झन् आवश्यक हुन्छ; किनभने त्यस बेलामा खाद्यपदार्थ, रसदपानीको व्यवस्था मिलाउन गाह्रो पर्ला; अनि ख्रीष्ट-विश्वासीहरूलाई शरण दिने व्यक्तिलाई पक्राउ पर्ने र झ्यालखानामा हालिने डर हुन्छ, अँ, यस्तोलाई मृत्युदण्ड दिइने सम्भावना छ।

अतिथि-सत्कार गर्नुचाहिँ एउटा ठूलो सौभाग्य हो। यसो गरेर कतिजनाले नजानी स्वर्गदूतहरूलाई सत्कार गरेका रहेछन् (हिब्रू १३ः२)। अनि परमेश्वरको छोराछोरीलाई देखाइएको जुनसुकै भलाइको विषयमा कुरा यस्तो छः यो भलाइ प्रभु येशूलाई नै देखाइएको ठहरिन्छ र गनिन्छ (मत्ती २५ः४०)। अनि हामीले देखाउन सक्ने भलाइ सानो किन नहोस्, त्यस भलाइको इनाम ठूलो हुनेछ। किनभने प्रभुको नाममा दिइएको एक गिलास चिसो पानीको इनाम खेर जाँदैन (मत्ती १०ः४२)। भविष्य-वक्तालाई भविष्यवक्ताको नाममा सत्कार गर्नेहरूले भविष्यवक्ताको इनाम पाउनेछन् (मत्ती १०ः४१)। यहूदीहरूको दृष्टिकोणमा यो परमधन्य र सर्वोत्तम कुरा थियो। धेरै ख्रीष्ट-विश्वासीहरू साक्षी छन्ः उनीहरूले प्रभुका दासहरूलाई सत्कार गरेका हुनाले आफ्नो परिवार र आफ्ना छोरा-छोरीहरूमाथि कति धेरै आशिष आयो-आयो ! !

प्रभु येशूको शिक्षाअनुसार हामीले तिनीहरूको सत्कार गर्नुपर्छ, जसले हाम्रो भलाइ फर्काउन सक्दैनन्, अँ, त्यसको बदला तिर्न सक्दैनन् (लूका १४ः१२)। उहाँको यो शिक्षा हददेखि बाहिर लानुहुँदैन; हामीले आफन्तहरू, इष्टमित्रहरू र छिमेकीहरूलाई तिनीहरूले हाम्रो भलाइको बदला तिर्नेछन् भन्ने डरले कहिल्यै निम्तो दिनुहुँदैन भन्ने कुरा बुझ्नुहुँदैन। तर प्रभु येशूको नाममा जुन भलाइ हामी कसैलाई देखाउँछौं, त्यस

भलाइको उद्देश्य सफा र निर्मल हुनुपर्छ। हामीले कसैबाट हाम्रो भलाइको बदलीमा उसको भलाइ प्राप्त गर्ने आशा गर्नुहुँदैन। तर जब ख्रीष्ट-विश्वासीहरूले आपसमा पालोपिलो गरेर प्रीतिभोज र पार्टीहरू आयोजना गर्छन्, तब निश्चय उनीहरूको यस प्रकारको काम-गराइमा हामीले एउटा प्रश्न-चिन्ह लगाउनुपर्छ; किनभने आजको दिनसम्म संसारको अधिक भाग मानिसहरूले मुक्तिको सुसमाचार सुन्न पाएका छैनन्।

**१ पत्रुस ४:१०:** हरेक विश्वासीले प्रभुबाट कुनै न कुनै वरदान पाएको छ। ख्रीष्टको देहको अङ्ग भएर उसले पाएको आफ्नो वरदान-अनुसार कुनै न कुनै सेवाको काम गर्नुपर्छ (१ कोरिन्थी १२:४-११, १ कोरिन्थी १२:२९-३१ र रोमी १२:६-८)। यी आत्मिक वरदानहरू परमेश्वरको तर्फबाट हाम्रो जिम्मामा सुम्पिदिइएका छन्। हामीले यी वरदानहरू आफ्नो स्वार्थपूर्तिको निम्ति प्रयोग गर्नुहुँदैन, तर हामीले यी वरदानहरू परमेश्वरको महिमाको निम्ति र अरू मानिसहरूको भलाइको निम्ति चलाउनुपर्छ। परमेश्वरका वरदानहरूको प्रभाव र विस्तार हामीमा सीमित, हामीमा समाप्त हुनुहुँदैन; हामीलाई वरदान दिइने उद्देश्य यो कदापि होइन। तर परमेश्वरको जुन अनुग्रहले हामीलाई आफ्नो अँगालोमा लिएको छ, त्यो अनुग्रह हामीमा टुङ्गो हुनुहुँदैन। हामी आशिषका सोता हुनुपर्छ, जुन सोताद्वारा उहाँको आशिष अरू मानिसहरूको जीवनमा बग्छ।

हामी परमेश्वरको नाना प्रकारको अनुग्रहका असल भण्डारीहरू हुनुपर्छ। परमेश्वरको अनुग्रह भन्नाले सबै मानिसहरूका निम्ति उपलब्ध भएको उहाँको निगाह बुझ्नुपर्छ, जुन निगाह पाउन कुनै मानिस योग्य छैन। 'नाना प्रकारको' भन्ने शब्दको अनुवाद एउटा ग्रीक शब्दबाट भएको हो, जसको शाब्दिक अर्थ रङ्गीविरङ्गी हो अथवा थरी-थरीको हो। श्री फिलिप्पसले यस शब्दको अनुवाद यसो गरेका छन्: 'परमेश्वरको प्रतापी, रङविरङको अनुग्रह।'

**१ पत्रुस ४:११:** कुनै दाजुभाइमा शिक्षाको वा प्रचारको वरदान होला; तर वचन बोल्ने दाजुभाइले एक-एक अवसरअनुसार 'परमेश्वरले मलाई बोल्न लगाउनुभएकै वचन म बोल्दैछु' भन्ने निश्चयता भएको हुनुपर्छ।

'परमेश्वरका वाणीहरू बोलेझैं बोल्नु'को अर्थ यही हो। यसर्थ पवित्र बाइबलबाट कुनै प्रवचन वा कुनै शिक्षा दिन पर्याप्त नहोला; तर प्रवचन दिने दाजुभाइमा यो निश्चयता आएको हुनुपर्छः 'आज, मैले प्रचार गरेको सन्देश यस विशेष अवधिका निम्ति सुहाउँदो र यी श्रोताहरूका निम्ति उपयोगी, परमेश्वरले ठहराउनुभएको प्रवचन हो।'

अनि हरेक जसले कुनै प्रकारको सेवा गर्छ, ऊ यसमा विनम्र हुनुपर्छ; किनभने परमेश्वरले उसलाई यसको क्षमता दिनुभएको हो। यसरी त्यसको श्रेय परमेश्वरकहाँ जान्छ; किनभने उहाँ सारा महिमा पाउनु योग्य हुनुहुन्छ।

ख्रीष्टीय सेवकाइको सम्बन्धमा कुरा यस प्रकारको छः उच्च वरदान पाएको जुनसुकै विश्वासीले यसको खातिर घमण्ड गर्नुहुँदैन; किनभने यो वरदान उसको प्रयत्न र मेहनतले कमाएको फल होइन। यो वरदान उसलाई माथिबाट दिइएको हो। वास्तवमा, हामीसँग भएको जुनसुकै कुरा हामीले पाएका हौं। हामीसँग नपाएको कुनै पनि कुरा छैन। हामीले गरेका सबै सेवाबाट केवल परमेश्वरले त्यसको श्रय पाउनुपर्छ।

अब पत्रुसले यस कुरामा हाम्रो ध्यान खिच्न खोज्छन्ः येशू ख्रीष्टद्वारा परमेश्वरलाई सारा श्रेय मिल्छ; किनभने प्रभु येशूले त्यो महिमा आफ्ना पितालाई पेश गर्नुहुन्छ। उहाँ यसको मध्यस्थ हुनुहुन्छ; किनकि प्रभु येशूमार्फत परमेश्वरले हाम्रा निम्ति धेरै कामहरू गर्नुभयो। यहीं परमधन्य मुक्तिदाता प्रभुलाई प्रशंसा र प्रभुत्व युगानुयुगसम्म भइरहोस्! आमेन!!

## ख) १ पत्रुस ४ः१२-१९ः दुःखभोगाइको सम्बन्धमा दिइएका अर्तीहरू र स्पष्टीकरणहरू

**१ पत्रुस ४ः१२ः** चार अध्यायको बाँकी भागमा विभिन्न अर्तीहरू र स्पष्टीकरणहरू पाइन्छन्, जुन अर्ती र स्पष्टीकरणहरू ख्रीष्टको नामको खातिर विश्वासीहरूमाथि आइपर्ने दुःखकष्टको सम्बन्धमा दिइएका छन्। याद रहोस्ः यस पत्रमा दुःखकष्ट र त्यसका पर्यायवाची शब्दहरू एक्काइस पल्ट प्रयोग गरिएका छन्।

ख्रीष्ट-विश्वासीहरूका निम्ति सतावट एउटा अनौठो र असामान्य कुरा ठान्नु स्वाभाविक कुरा हो; किनकि जब हामी दुःखमा पर्छौं, तब हामी यस कुरामा अचम्म मान्छौं । तर पत्रुसले हामीलाई के भन्छन् भने, हामीले आफूमाथि आइपरेको दुःख ख्रीष्ट-विश्वासीको सामान्य अनुभव ठान्नुपर्छ। जुन संसारबाट हाम्रा मुक्तिदाता प्रभुले कति कुव्यवहार सहनुपरेको थियो, त्यस संसारबाट हामीले त्योभन्दा असल व्यवहार पाउने आशा गर्नुहुँदैन। यसको निम्ति हाम्रो कुनै हक छैन। किनभने ख्रीष्ट येशूमा भक्तिको जीवन जिउनुमा इच्छुक भएकाहरू सबैजना सतावटमा पर्ने नै छन् (२ तिमोथी ३ः१२) । अनि यो कुरा पनि बढ़ी सत्य ठहरिन्छः ख्रीष्ट येशूका निम्ति आफ्नो स्थान लिने वीरहरू निश्चय क्रूरभन्दा क्रूर आक्रमणहरूको तारो र निशान बन्दछन्। शैतानले आफ्नो गोलाबारुद नामधारी इसाईहरूमा खेर फाल्दैन। तर त्यसले आफ्ना तोपहरू उनीहरूमाथि ताक्छ, जसले अधोलोकका फटकहरूमाथि चढ़ाइ गर्छन्।

**१ पत्रुस ४ः१३ः** ख्रीष्टका दुःखहरूमा सहभागी हुने सौभाग्य पाएकोमा हामीले ठूलो आनन्द मनाउनुपर्छ। हामी उहाँको त्राणको काममा उहाँले सहनुभएका कष्टहरूमा कुनै हालतमा सहभागी हुन सक्दैनौं; किनभने संसारको पाप उठाइलैजानुहुने थुमा केवल उहाँ हुनुहुन्छ; अरू कोही छैन। तर मानिस भएर उहाँले जुन दुःखहरू सहनुभयो, यी प्रकारका दुःखहरूमा हामी सहभागी हुन सक्छौं; हामी उहाँको तिरस्कारमा र उहाँको निन्दामा सहभागी हुन्छौं। हुन सके मानिसहरूले अझै पनि उहाँको शरीरमाथि चोट पुर्‍याउन चाहन्छन्; यसकारण यी अविश्वासीहरूले प्रभु येशूलाई दिन चाहेका ती चोटहरू र ती डाम-खतहरू हाम्रा शरीरहरूमाथि लगाइदिन्छन्। के हामी प्रभुको नाममा आफ्नो शरीरमा यी प्रहार र चोटहरू ग्रहण गर्न तयार छौं ?

परमेश्वरका छोराछोरीहरू आजको दिनमा दुःखको माझमा रमाउन सक्छन् भने ख्रीष्ट येशूको महिमा प्रकट हुँदा उनीहरूको आनन्दको सीमा हुनेछैन। त्यस घड़ीमा उनीहरू कति आनन्दित, कति हर्षित हुनेछन्, यसको साध्य छैन। किनभने त्यत्ति बेलामा हाम्रा मुक्तिदाता प्रभु पृथ्वीमा

फर्किँदा उहाँ यहूदा कुलको सिंहको रूपमा आउनुहुनेछ; उहाँ परमेश्वरको सर्वशक्तिमान् पुत्रको रूपमा प्रकट हुनुहुनेछ। अनि वर्तमान समयमा उहाँको खातिर दुःख भोग्नेहरूले त्यस बेलामा उहाँसित सम्मान पाउनेछन्।

**१ पत्रुस ४ः१४ः** शुरुका विश्वासीहरू उहाँको नामको खातिर अपमानित हुने योग्यका ठहरिएकोमा रमाउँथे (प्रेरित ५ः४१)। अनि यसरी नै हरेक ख्रीष्ट-विश्वासी, जसको सौभाग्य ख्रीष्टको नामको निम्ति निन्दित हुनु हो, यसमा रमाउनुपर्छ; किनभने महिमाको आत्मा, अँ, परमेश्वरको आत्मा हामीमाथि रहनुभएको लक्षण यही हो। पुरानो नियमको समयको कुरा होः परमेश्वरको उपस्थितिलाई सङ्केत गर्ने महिमाको बादल भेट हुने पालमा ओर्लेको थियो र त्यसमाथि रहन्थ्यो। ठीक त्यस्तै वर्तमान समयमा सतावटमा परेका ख्रीष्ट-विश्वासीहरूमाथि पवित्र आत्मा ओर्लनुहुन्छ र बस्नुहुन्छ।

हामीलाई विदितै छ, कि परमेश्वरको हरेक छोरा र हरेक छोरीभित्र पवित्र आत्माले वास गर्नुहुन्छ। तर उहाँ विशेष रूपले उनीहरूमाथि रहनुहुन्छ, जो उहाँको काममा पूरा समर्पित हुन्छन्, पूर्ण रूपले लीन हुन्छन्। उनीहरूले परमेश्वरको आत्माको उपस्थिति र उहाँको शक्ति जसरी अनुभव गर्छन्, त्यसरी अरूले अनुभव गर्न पाउँदैनन्। ख्रीष्ट-विश्वासी-हरूलाई सताउनेहरूले प्रभु येशूको नामको निन्दा गर्छन्, तर त्यही प्रभु येशूलाई र त्यही उच्च नामलाई उहाँका दुःख भोग्ने पवित्र जनहरूद्वारा महिमा पुग्छ।[27)]

**१ पत्रुस ४ः१५ः** कुनै ख्रीष्ट-विश्वासीले कहिल्यै आफ्नो गल्तीका निम्ति दुःख नभोग्नु नपरोस्। हत्या, चोरी वा अरू कुनै कुकर्मको दोष उसमाथि कहिल्यै नलागोस्। उसलाई अर्काको काममा हात हालेको दोष किन लागोस्? यसबाट परमेश्वरको महिमा कहाँ हुनेथियो र? यसबाट ख्रीष्टको साक्षीमा कलङ्क लाग्नुबाहेक अरू कुनै पनि नतिजा हुँदैन।

**१ पत्रुस ४ः१६ः** तर ख्रीष्ट्यान भएर अर्थात् ख्रीष्टको चेलाको नाताले कसैले दुःख भोग्छ भने यसमा लाज मान्नुपर्ने केही पनि छैन। यस सम्बन्धमा श्री एफ. बी. मेयरले यसो भनेका छन्ः

‘ख्रीष्टको खातिर दुःख भोग्नु भनेको कामधन्दामा घाटा पर्नु, मानहानि र परिवार-निकाला आदि कुव्यवहार सहनु हो; बुबाआमा, छोराछोरीहरू र इष्टमित्रहरूद्वारा त्यागिनु यसको मतलब हुन सक्छ; अँ, यस कुराले गलत सम्झिएको, घृणाको व्यवहार गरिएको र हत्या गरिने अर्थ लिन सक्छ। तर यसमा शर्म मान्ने कुनै कुरा छैन नै।’ [28)]

‘ख्रीष्टियान’ भएर यी सबै सङ्कष्टरूपी जाँचहरूमा परमेश्वरको महिमा गर्न सकिन्छ। श्री जी क्याम्पबेल मोर्गनले यसो भन्दै हामीलाई निम्न अर्ती दिएका छन्ः

‘यो कुराचाहिँ ख्रीष्टियान भन्ने नाममा गर्व गर्नुभन्दा बढ़ी हो। योचाहिँ उहाँको महिमाको योग्य जीवन व्यतीत गर्न जेजति मूल्य चुकाउनुपरे पनि परमेश्वरको महिमा गर्ने योग्य जीवन जिउनु हो। जुन मानिस “ख्रीष्टियान” कहलिन्छ, तर त्यस नामको योग्य जीवन जिउँदैन, त्यस मानिसले परमेश्वरको अनादर गर्छ। ख्रीष्टको नाम लिनासाथ हाम्रो जिम्मेवारी पनि छः एउटा ठूलो र महिमाले पूर्ण जिम्मेवारी, एउटा अति गम्भीर जिम्मेवारी।’ [29)]

**१ पत्रुस ४ः१७ः** पत्रुसले यहाँ दुईवटा कुराहरूको आपसी तुलना गर्छन्ः परमेश्वरका जनहरूले यस जीवनमा पाएका दुःखहरू र दुष्ट मानिसहरूका अनन्त दुःखकष्टहरू। *‘किनकि त्यो समय आएको छ, जब परमेश्वरको घरबाट न्याय शुरु हुन्छ।’* अनि यहाँ बताइएको समय मण्डलीको युग हो। त्यो मण्डलीको युग पेन्टेकोष्टको दिनबाट शुरु गरेर ख्रीष्ट-विश्वासीहरूलाई आकाशमा उठाइलगिने क्षणसम्म जानेछ। अनि परमेश्वरको घरचाहिँ उहाँको मण्डली हो। यस वर्तमान युगमा अविश्वासीहरूको संसारद्वारा मण्डलीको न्याय गरिँदैछ। प्रभु येशूले यस पृथ्वीमा हुनुहुँदा जुन दुःखकष्टहरू सहनुभयो, ख्रीष्ट-विश्वासीहरूले हालैमा संसारका मानिसहरूबाट उस्तै प्रकारका दुःखकष्टहरू खप्नु-परेको छ।

हामी यस्तो हुन देऔं! हाम्रो हालत यस्तो हो भने परमेश्वरको सुसमाचार पालन नगर्नेहरूको हालत कस्तो होला त नि? ख्रीष्ट-विश्वासीहरूले भलाइको निम्ति कष्ट भोग्नुपर्‍यो भने मुक्ति नपाएका

मानिसहरूले आफ्ना सबै भक्तिहीन कामहरूका निम्ति अनन्तसम्म कुन प्रकारका कष्टहरू सहनुपर्नेछ ?

**१ पत्रुस ४ :१८ :** अनि पत्रुसको यही तर्क यहाँ, यस पदमा अझै पनि चल्दैछ। तिनले हितोपदेश ११ :३१ पद उद्धृत गर्छन्, जहाँ यस्तो लेखिएको छः *'हेर, धर्मी जनले पृथ्वीमा प्रतिफल पाउनेछ भने दुष्ट र पापीले झन् बढ़ी पाउनेछन् ।'*

'धर्मी जन मुस्किलले उम्किन्छ' अथवा उसको लागि मुक्ति पाउन कठिन छ। परमेश्वरको दृष्टिकोणले हेर्नु हो भने उसको मुक्ति ठूलो दामले किनिएको, सुनिश्चित र सुरक्षित छ। तर मानिसको दृष्टिकोणले हेर्दा मानिसहरूलाई दिइएको आज्ञा यस प्रकारको छः *'साँघुरो ढोकाबाट भित्र पस्न प्रयत्न गर !'* (लूका १३ :२४)। ख्रीष्ट-विश्वासीहरूलाई यो शिक्षा दिइएको छः *'अनेकौं कष्टहरू सहेर हामी परमेश्वरको राज्यभित्र पस्नुपर्छ'* (प्रेरित १४ :२२)। ख्रीष्ट-विश्वासीहरूलाई घेर्ने सबै खतराहरू र सबै प्रकारका परीक्षाहरूको बीचमा उनीहरू स्वर्गको राज्यका निम्ति जोगिएर सुरक्षित रहनुचाहिँ हामीले परमेश्वरको अनुग्रहको आश्चर्यकर्म मान्नुपर्छ।

कुरा यस्तो छ भने, जुन मानिसहरू आफ्ना पापहरूमा पश्चात्ताप नगरी र मुक्ति नपाई मरे र मर्छन्, ती मानिसहरूको हातल कस्तो हुनेछ होला ? आफ्ना लेखहरूमा श्री एफ. बी. मेयरले निम्न उपाख्यानमा यस तथ्यको चाखलाग्दो सजीव उदाहरण दिएका छन्ः

'एकजना पवित्र जनको अन्तिम उत्कट इच्छा के थियो भने, तिनको मृत्यु यति विजयी, यति उल्लसित भएको होस्, कि "मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर" जाँदा सुसमाचारको शक्तिले तिनलाई सँभालेको र आनन्दित तुल्याएको देखेर तिनका प्रभुकहाँ नफर्केका छोराहरू प्रभुप्रति आकर्षित भएका र आफ्ना पापहरूको विषयमा कायल पारिएका होऊन्। तर तिनलाई साह्रै दुःख लाग्यो, किनकि यसो अलिकति पनि भएन। तिनको अन्तिम घड़ीमा एउटा कालो बादलले तिनको मनलाई छोपिदियो; डर र

शङ्काहरूले तिनलाई सताए। तिनको शत्रु शैतानले तिनलाई सकभर पीड़ा दियो। तर यी कुराहरूले तिनका छोराहरूलाई निक्कै प्रभावित पारे। किनकि जेठा छोराले यसो भनेः "हामी सबैजनाले हाम्रा प्यार पिताजीलाई राम्रोसँग चिनेका छौं। उहाँ कति असल मानिस हुनुहुन्थ्यो, र पनि यी दुःखकष्टहरूको माझमा उहाँको आत्मिक संघर्ष कत्रो थियो, कत्रो! तब आफ्नो आत्माको फिक्री नगर्ने र आफ्नो अनन्तता कहाँ बिताउनुपर्ने हो, सो विषयमा एकै गम्भीर विचार नगर्नेहरू हामी – हामी केकस्तो आशा र अपेक्षा गर्न सक्छौं?" ' 30)

**१ पत्रुस ४ः१९ः** पत्रुसले गरेको जोड़ यस्तो छः हाम्रा दुःखकष्टहरू परमेश्वरको इच्छाअनुसार हुनुपर्छ। धर्मान्ध कट्टरपन्थीहरूले आफ्नो आवेगको फलस्वरूप आफूमाथि दुःखकष्ट निम्त्याउन सक्छन्, जुन दुःखकष्टहरू तिनीहरू परमेश्वरको अगुवाइमा नचलेकोले तिनीहरूमाथि आइपर्छन्। शहीद हुने मनोग्रन्थि भएकाहरूले परमेश्वरलाई परीक्षामा पो पार्छन् र अन्तमा उहाँको अनादर गर्छन्। तर सही प्रकारले दुःख भोग्ने ख्रीष्ट-विश्वासीहरूको सत्मार्ग अनन्त महिमामा टुङ्गिनेछ। अनन्त महिमा ताकेर उनीहरूले भलाइ गर्न जति मूल्य चुकाउनुपरे भलाइ गर्न छोड्दैनन्। यसरी नै उनीहरूले आफ्ना प्राणहरू विश्वासयोग्य सृष्टिकर्ताको हातमा सुम्पन्छन्।

प्रेरित पत्रुसले यहाँ प्रभु येशूलाई सृष्टिकर्ताको रूपमा किन पेश गर्छन् – उहाँलाई, जो हाम्रा मुक्तिदाता, हाम्रा महापूजाहारी र हाम्रा आत्माहरूको गोठाला हुनुहुन्छ? यसो गर्ने तिनका दुईवटा कारण छन्ः ख्रीष्ट येशू हाम्रा सृष्टिकर्ता किन हुनुहुन्छ? किनभने उहाँले सृष्टिको उत्पत्ति गर्नुभयो। अनि दोस्रो कारण यस प्रकारको छः उहाँ हाम्रा नयाँ सृष्टि सृजना गर्नुहुने पनि हुनुहुन्छ (एफेसी ४ः२४ र कलस्सी ३ः१०); यसकारण हामी उहाँकै हौं। पुरानो सृष्टि भएर र नयाँ सृष्टि भएर हामी उहाँका प्रेम-पात्र र उहाँको वास्ताको मूलवस्तु हौं। तब हाम्रा आत्माहरू रच्नुहुनेकहाँ र हाम्रा आत्माहरू बचाउनुहुनेको हातमा हाम्रो जीवन सुम्पनु-चाहिँ एकमात्र न्यायसँगत कुरा ठहर्छ।

## ग) १ पत्रुस ५ः१-१४ः अन्तिम अर्तीहरू र बिदाका अभिवादनहरू

**१ पत्रुस ५ः१ः** पत्रुसको पहिलो पत्रको अन्तिम अध्यायचाहिँ तिनका अन्तिम अर्तीहरू र अभिवादनले युक्त अध्याय हो। पहिले एल्डरहरूका निम्ति एउटा सार्थक वचन छ। यी एल्डरहरूलाई आदेश दिने पत्रुसको अधिकार केमा छ? तिनले आफ्नो परिचय दिएर सो कुरा पेश गर्छन्ः *'म जो तिमीहरूको सङ्गी-एल्डर र ख्रीष्टका दुःखहरूको प्रत्यक्ष साक्षी हुँ, साथै प्रकट हुन लागेको महिमाको भागीदार हुँ, म तिमीहरूलाई अर्ती दिन्छु, कि ... ।'* यी एल्डरहरूको सङ्गी-एल्डर पत्रुस! तिनी ख्रीष्टको मण्डलीको सर्वोच्च धर्म-अधिकारी कहाँ हुन् र? हो, तिनी प्रत्यक्ष साक्षी हुन्; किनकि तिनले असल गोठालालाई आफ्ना भेड़ाहरूका निम्ति मर्नुभएको आफ्नै आँखाले देखेका थिए। प्रभु येशूको महान् प्रेमको यस आलो सम्झनाले विवश भएका पत्रुसले उहाँको विश्वासयोग्य उप-गोठाला भई उहाँको बगालको हेरचाह र वास्ता गर्दै रहन्थे। पत्रुस अब चाँड़ै प्रकट हुन लागेको महिमाको भागीदार थिए; किनभने ख्रीष्ट येशू चाँड़ै आउन लाग्नुभएको थियो; अनि उहाँको दोस्रो आगमानको साथमा हाम्रो महिमाको उदय पनि हुनेछ; किनकि हामी उहाँसँग महिमामा प्रकट हुनेछौं (कलस्सी ३ः४)। त्यस दिनसम्म मुक्तिदाता प्रभुको यो आदेश जारी रहन्छः *'मेरा भेड़ाहरू चराऊ! ... मेरा भेड़ाहरूको हेरचाह गर!'* (यूहन्ना २१ः१५-१७)।

**१ पत्रुस ५ः२ः** एल्डरहरूचाहिँ मण्डलीमा आत्मिक अगुवाइ दिने परिपक्व ख्रीष्ट-विश्वासीहरू हुन्, जसमा इसाई सद्‌गुणहरू छन्, र जो पवित्र आत्माबाट यस कामको निम्ति योग्य ठहराइएका छन्। नयाँ नियमको शिक्षा र उदाहरणअनुसार एउटै स्थानीय मण्डलीमा एकजना एल्डर मात्र हुनुहुँदैन, तर एल्डरहरू हुनुपर्छ। कुनै एउटा मण्डलीमाथि अथवा मण्डलीहरूको कुनै समूहमाथि एकजना धर्माधिकारी मात्र नियुक्त गर्नुहुँदैन, तर दुईजना वा त्योभन्दा बढ़ी एल्डरहरू हुनुपर्छ (फिलिप्पी

१:१)। अनि यी एल्डरहरूका योग्यताहरू केकस्तो हुनुपर्छ, सो कुरा १ तिमोथी ३:१-७ र तीतस १:६-९ पदका खण्डहरूमा उल्लेख गरिएको छ। शुरुको मण्डलीमा कि त प्रभु येशूका प्रेरितहरू आफूले, कि त उनीहरूका प्रतिनिधिहरूले मण्डली-मण्डलीमा एल्डरहरूलाई नियुक्त गर्थे। त्यस बेलासम्म नयाँ नियमका पुस्तकहरू लेखिएका थिएनन्। उनीहरूको पालोमा कुनै नयाँ मण्डलीमाथि एल्डरहरूलाई तुरुन्तै नियुक्त गरिँदैनथियो, तर एल्डर हुने योग्यहरू देखा पर्न पर्याप्त समय लाग्थ्यो। अनि वर्तमान समयमा कुरा कस्तो छ ? जस-जससँग एल्डर हुने योग्यताहरू देखा परेका छन् र जस-जसले गोठालाको काम गरेका छन्, उनीहरूलाई नै ख्रीष्ट-विश्‍वासीहरूले चिन्नुपर्छ, उनीहरूलाई मान्यता दिनुपर्छ र उनीहरूको आज्ञापालन गर्नुपर्छ, अनि उनीहरूलाई नै एल्डरको काम गर्न दिनुपर्छ।

*‘तिमीहरूको बीचमा भएको परमेश्‍वरको बगाललाई देखरेख गर्दै त्यसको गोठाला गर !’* बगालचाहिँ परमेश्‍वरको हो, एल्डरहरूको होइन। अनि एल्डरहरूले उप-गोठालाहरूको रूपमा विश्‍वासीहरूको सेवा गर्ने जिम्मेवारी पाएका छन्। *‘करकापले होइन, तर इच्छापूर्वक ।’* [31)] बगालको देखरेख गर्ने जिम्मेवारीचाहिँ चुनाव चितेर पाइने अथवा नियुक्तिद्वारा सुम्पिने कर्तव्य होइन, तर पवित्र आत्माले यस कामका निम्ति प्रेरणा र बोझ दिनुपर्छ र यसो गर्ने क्षमता पनि दिनुपर्छ; अनि एल्डरहरूले सहर्ष-साथ र इच्छुक भएर यो जिम्मेवारी स्वीकार गर्नुपर्छ। १ तिमोथी ३:१ पदमा हामी यसो लेखिएको पाउँछौं: *‘यो वचन विश्‍वासयोग्य छः यदि कसैले अध्यक्षको पदको चाहना गर्छन् भने उनले एउटा असल कामको चाहना गर्छन् ।’* एल्डर हुनलाई ईश्‍वरीय योग्यताको साथमा मानिसको तत्परता हुनुपर्छ।

*‘नीच कमाइको निम्ति होइन, तर तयार मनले ।’* पैसा कमाउनु एल्डर हुने उद्देश्य हुनुहुँदैन। यसको अर्थ स्थानीय मण्डलीले एल्डरलाई आर्थिक सहायता गर्नुहुँदैन भन्ने अर्थ नै होइन; किनभने १ तिमोथी ५:१७-१८ पदको खण्डमा एल्डरको काममा सम्पूर्ण समय दिनेहरू छन्। तर वेतन-भोगी, भृतिभोगीले साँचो गरी प्रभुको सेवा गर्नै सक्दैन भन्ने अर्थचाहिँ

हामीले यहाँ दिइएको अर्तीको सठीक अर्थको रूपमा लिनुपर्छ। पैसाको लोभ र सेवकाइ आपसमा मेल नखाने असँगत कुराहरू हुन्।

**१ पत्रुस ५:३:** पत्रुसले दिएको अर्तीको तेस्रो भाग यस प्रकारको छः *'परमेश्‍वरको सम्पत्तिमाथि हक नचलाओ, तर बगालको निम्ति नमुना होओ!'* एल्डरहरू उदाहरणहरू हुनुपर्छ, अधिनायकहरू हुनुहुँदैन। उनीहरू बगालको अघि-अघि हिँड्नुपर्छ; उनीहरूले विश्‍वासीहरूलाई पछाड़िबाट ठेल्नुहुँदैन। अनि एल्डरहरूले बगाललाई आफ्नो सम्पत्ति सम्झनुहुँदैन। यसर्थ सत्तावादको निम्ति मण्डलीमा कुनै ठावैं हुँदैन। यस अर्तीले अधिकारवादको फेदमा बन्चरो लगाएर त्यसलाई ढालेको छ।

१ पत्रुस ५:२-३ पदको खण्डमा दिइएका अर्तीहरू पालन गरेर इसाई जगत्‌मा चल्ती भएका धेरै दुरुपयोगहरू एकैपल्टमा निकाल्न सकिन्थ्यो। पहिलो अर्तीले एल्डर हुन इच्छुक नभएकाहरूलाई ठीक पार्छ; दोस्रो अर्तीले एल्डरको पद पैसा कमाउने स्रोत सम्झेको भावना समाप्त गर्छ; अनि तेस्रो अर्तीले अधिकारीवर्ग-वाद खतम गर्छ।

**१ पत्रुस ५:४:** एल्डरको काममा शरीरको धेरै बल र परिश्रम पर्छ र ठूलो मानसिक शक्ति चाहिन्छ; किनभने एल्डरले सहानुभूति देखाउनुपर्छ, सल्लाह दिनुपर्छ, सम्झाउनुपर्छ, हप्काउनुपर्छ, शिक्षा दिनुपर्छ र तह लगाउनुपर्छ र चेतावनी दिनुपर्छ। अनि कसले कहीं एल्डरलाई उनको कामको निम्ति धन्यवाद देला? यो त विरलै कुरा हो। तर विश्‍वासयोग्य एल्डरलाई विशेष इनाम दिइने प्रतिज्ञा छः जब मुख्य गोठाला देखा पर्नुहुनेछ, तब एल्डरले कहिल्यै नओइलिने महिमाको मुकुट पाउनेछन्।

१ थेस्सलोनिकी २:१९ पदमा रमावटको मुकुट छ, १ तिमोथी ४:८ पदमा धार्मिकताको मुकुट छ, अनि याकूब १:१२ र प्रकाश २:१० पदमा जीवनको मुकुट छ, अनि पहिलो पत्रुसमा महिमाको मुकुट छ। पवित्र धर्मशास्त्र बाइबलमा प्रतिज्ञा गरिएका यी मुकुटहरूको विषयमा हामी धेरै कुरा जान्दैनौं। के यी मुकुटहरू वास्तविक मुकुटहरू हुन्, जुन मुकुटहरू हामी मुक्तिदाता प्रभुको चरणमा राख्नेछौं? (प्रकाश ४:१०)। हुन सक्छ, यी मुकुटहरूले ख्रीष्टको हजार वर्षको राज्यमा हामीले पाउने जिम्मेवारी र

हामीले ओगट्ने अधिकारको स्थान सङ्केत गर्छन् (लूका १९:१७-१९)। अथवा के यी मुकुटहरूचाहिँ हाम्रो चरित्रमा अनन्त-अनन्तसम्म देखा पर्ने ख्रीष्टका विशेष सद्‌गुणहरू हुन्? जेजस्तै भए पनि यो एउटा कुरा हामीलाई निश्चित थाहा लागेको छः यी मुकुटहरू यहाँ यस पृथ्वीमा हामीले अनुभव गरेका हाम्रा आँसुहरू, हाम्रा परीक्षाहरू, हाम्रो परिश्रम र पसिना, हाम्रा दुःखकष्टहरूको सुयोग्य प्रतिफल र प्रशस्त इनाम हुन्।

**१ पत्रुस ५:५:** उमेरमा सानो र विश्वासमा कान्छा हुनेहरूले आफूलाई एल्डरहरूको अधीनतामा सुम्पनुपर्छ। किन? किनभने यी मण्डलीका देखरेख गर्नेहरूसँग बुद्धि हुन्छ, जुन बुद्धि उनीहरूले निक्कै वर्षसम्म परमेश्वरका कामकुराहरूमा व्यस्त रहेर अनुभवबाट प्राप्त गरेका छन्। अनि उनीहरूसँग परमेश्वरको वचनको सम्बन्धमा गहन अनुभावी ज्ञान पनि छ। अनि परमेश्वरले उनीहरूलाई नै आफ्ना भेड़ाहरूको हेरचाह गर्ने जिम्मेवारी सुम्पनुभएको छ।

सबै विश्वासीहरूले नम्रतालाई पहिरनुपर्छ। नम्रता एउटा ठूलो सद्‌गुण हो। श्री जेम्स मोफटले यो वाक्य यसो गरेर अनुवाद गरेका छन्ः 'नम्रतारूपी एप्रन लगाओ!' हो एप्रन शब्द एकदम ठीक छ; किनकि एप्रनरूपी लुँगी दास वा सेवकलाई चिनाउने उसको चिन्हारी थियो। भारतको एकजना मिशनरीले यसो भनेछन्ः 'आत्मिक वृद्धि गराउने दुईवटा वाक्यहरू छन्, जुन वाक्यहरू अरू सबै वाक्यहरूको बीचबाट मैले आफ्ना निम्ति छान्नेथिएँ। यी वाक्यहरू यस प्रकारका छन्ः "मलाई थाहा छैन" र "मलाई माफ दिनुहोस्!" किनकि यी दुवै वाक्यहरूबाट मानिसको गहन नम्रता सुस्पष्ट हुन्छ।'

एउटा स्थानीय मण्डली कल्पना गर्नुहोस्, जसका सबै सदस्य-सदस्याहरूको मन विनम्र हुन्छ; जहाँ उनीहरूले एक-अर्कालाई आफूलाई भन्दा श्रेष्ठ ठान्छन्; जहाँ उनीहरूले एक-अर्काका विनम्र सेवाहरू गर्नुमा एक-अर्कालाई उछिन्छन्। यस प्रकारको मण्डली हामी किन कल्पना गरिबसौं, जब यस्तो मण्डली वास्तविक हुन सक्छ र वास्तविक हुनुपर्छ?

*'परमेश्वरले घमण्डीहरूको विरोध गर्नुहुन्छ, तर नम्र हुनेहरूलाई अनुग्रह गर्नुहुन्छ।'* नम्र हुनलाई अरू कुनै कारण नभएको भए परमेश्वरको अनुग्रह पाउने कुरा यसको निम्ति पर्याप्त कारण हुनेथियो, होइन र? पत्रुसले यहाँ पुरानो नियमको ग्रीक अनुवादबाट हितोपदेश ३:३४ पद उद्धृत गरेका छन्। सर्वशक्तिमान् परमेश्वर हाम्रो घमण्डको विरोधमा हुनुहुन्छ, र त्यसलाई तोड्नुहुन्छ; पहिलो मनचित्र यो हो। अनि दोस्रो-चाहिँ यस प्रकारको छः सर्वशक्तिमान् परमेश्वर चूर्ण र पश्चात्तापी हृदयको सामु हार्नुभएको, र त्यसको सामना गर्न नसक्नुभएको !!

**१ पत्रुस ५:६:** नम्रताचाहिँ भाइ-भाइको बीचमा धारण गर्नुपर्ने सद्गुण मात्र कहाँ हो र? हामी परमेश्वरप्रति झन् विनम्र हुनुपर्छ। पत्रुसको समयमा पवित्र जनहरू विभिन्न सङ्कष्टरूपी आगोबाट भएर जानुपरेको थियो। यी अग्नि-जाँचहरू परमेश्वरले उनीहरूकहाँ पठाउनुभएन, तर उहाँले यी जाँचहरू उनीहरूमाथि आइपर्न दिनुभयो। पत्रुसको अर्तीअनुसार यी अग्नि-जाँचहरू प्रभुको हातबाट लिनुचाहिँ उनीहरूका निम्ति सबैभन्दा राम्रो रणनीति हो। उहाँले सङ्कष्टको माझमा आफ्ना जनहरूलाई सँभाल्नुहुन्छ र सठीक समयमा उनीहरूलाई उच्च पार्नुहुनेछ।

**१ पत्रुस ५:७:** ख्रीष्ट-विश्वासीहरूसँग परमेश्वरले नै उनीहरूको फिक्री गर्नुहुन्छ भन्ने दृढ़ निश्चयता हुन्छ। यसकारण हामी आफ्ना सबै फिक्रीचिन्ताहरू प्रभुमाथि राखिदिने सौभाग्य तत्कालै प्रयोगमा ल्याऔं! पत्रुसले फेरि पनि यहाँ पुरानो नियमको ग्रीक अनुवादबाट भजन ५५:२२ पद उद्धृत गरेका छन्।

यस विषयमा श्री जे. सिड्लो ब्याक्स्टरले निम्न कुरामाथि जोड़ लगाएर यसो भनेका छन्ः

> ' "उहाँमाथि आफ्ना सबै चिन्ताहरू राखिदेओ!" भन्ने शब्दले हाम्रो चिन्ता ग्रस्त अवस्था दर्साउँछ भने, "उहाँ तिमीहरूको फिक्री गर्नुहुन्छ" भन्ने शब्दमा उहाँको स्नेहपूर्ण वास्ता प्रकट भएको छ। एकपट्टि तराजुमा हामी आफ्ना सबै चिन्ता र फिक्रीहरू राखौं; अनि अर्कोपट्टि तराजुमा हामीप्रति कहिल्यै टलपल र अचूक नहुने हाम्रा मुक्तिदाता प्रभुको स्नेहपूर्ण वास्ता लगाएर कसको वजन बढ़ी हुन्छ, सो हेरौं!' 32)

चिन्ता र फिक्रीहरू गर्नु अनावश्यक छ। हामी आफैले आफ्ना भारहरू बोक्नुपर्दैन; किनभने प्रभुले यी भारहरू हाम्रा निम्ति बोकिदिनुहुन्छ। उहाँ हाम्रा यी भारहरू बोक्नुमा सक्षम र सुयोग्य हुनुहुन्छ। चिन्ता र फिक्री गर्नु व्यर्थै हो; किनभने आजको दिनसम्म फिक्री गरेर कसैको समस्या समाधान भएकै छैन। फिक्री गर्नु पाप हो। एकजना प्रचारकले यसो भनेका छन्ः 'चिन्ता गर्नु पाप हो; किनभने चिन्ता गर्ने मानिसले परमेश्वरको बुद्धिमा शङ्का गर्छ, र वास्तविक यसो भनेर त्यसलाई सरासर नकार्छः "परमेश्वरले मेरो परिस्थितिमा के गर्नुपर्छ, सो कहाँ जान्नुहुन्छ र ?" चिन्ता गर्ने मानिसले परमेश्वरको प्रेमलाई मान्दैन; किनभने यो त "परमेश्वरले मेरो वास्ता कहाँ गर्नुहुन्छ र ?" भनेको जत्तिकै हो। अनि चिन्ता गर्ने मानिसले परमेश्वरको शक्ति अस्वीकार गर्छ; किनकि त्यो त "मेरो चिन्ताको कारण अति ठूलो छ; परमेश्वरले मलाई यसबाट कहाँ बचाउन सक्नुहुन्छ र ?" भनेजस्तै हो।' यो सोच्नुपर्ने कुरा हो।

**१ पत्रुस ५ः८ः** ठिक्कै छ; हामीले चिन्ता गर्नुहुँदैन। तर हामी सचेत हुनुपर्छ र जागा रहनुपर्छ; किनभने हाम्रो शक्तिशाली शत्रु छ, शैतान। सचेत हुनु भनेको सजग र गम्भीर हुनु हो। सचेत भएको मानिसले जीवनको वास्विकता के हो, सो जान्दछ र त्यसको सामना गर्न सक्छ। शैतानका दाउबेचहरूको विषयमा हामी अनभिज्ञ हुनुहुँदैन, त्यसको रणनीतिको विषयमा सोझो हुनुहुँदैन। यस सम्बन्धमा श्री ड्वाइट पेन्टेकोष्टले यसो भनेका छन्ः

> 'जुन मानिस संसारको प्रकार, चाल र गुणको विषयमा अनजान हुन्छ, जसले शैतानका युक्तिहरू र आक्रमणहरूको पर्वाह गर्दैन, त्यो मानिस निष्फिक्रीको साथ जिउन र जीवन हल्का लिन सक्छ। तर जुन व्यक्तिले जीवनको महत्त्व बुझेको छ र त्यसलाई ख्रीष्ट येशूको दृष्टिकोणले हेर्छ, त्यस व्यक्तिको मनमा एउटा नयाँ आत्मिक भावना, संयमले पूर्ण नयाँ दृष्टिकोण हुन्छ।' 33)

शैतानको हरेक हमला सामना गर्न सक्नलाई हामी हरदम र हरघड़ी तयार र सचेत रहनुपरेको छ। यहाँ हाम्रो शत्रुले गर्जने सिंहको रूप लिएको छ, जसले कसैलाई निल्ने खोजीमा छ। शैतानका चालहरू धेरै छन्।

कहिलेकाहीं त्यो सर्पको रूप लिएर आउँछ, जसले मानिसहरूलाई फसाएर हो कि फकाएर हो, जसोतसो तिनीहरूको नैतिक पतन गराउन खोज्छ। कहिलेकाहीं त्यसले ज्योतिर्मय स्वर्गदूतको भेष लिन्छ, जसले आफ्नो झूटद्वारा मानिसहरूलाई कुनै आत्मिक क्षेत्रमा ठग्छ-ठग्छ। तर यहाँ शैतान एक गर्जने सिंह हो, जसले सतावटद्वारा परमेश्वरका जनहरूलाई आतङ्कित तुल्याउँछ।

**१ पत्रुस ५:९:** तर हामी शैतानको प्रकोपरूपी गर्जनदेखि झुक्न र लुत्रुक्क हुनुहुँदैन। हामीले त्यसको सामना गर्नुपर्छ। हामीले त्यसलाई प्रार्थनाद्वारा र परमेश्वरको वचन लिएर विरोध गर्नुपर्छ। शैतानको सामना गर्ने शक्ति हामीमा हुँदैन; तर विश्वासमा हामी बलिया हुन्छौं। यसकारण प्रभुमाथि भरोसा राखेर नै हामी सुदृढ़ र दह्रो हुन्छौं; यसरी हामीले त्यसको विरोध गर्न सक्छौं।

शैतानको एउटा युक्तिचाहिँ हामीलाई निराश पार्नु हो। 'हामीले भोग्नुपरेको दुःखकष्टहरू अरू कसैले पनि भोग्नुपर्दैन; हामी मात्र यी बिचरा हौं' भन्ने सम्म त्यसले हामीलाई पत्याउन पार्न सके बस, त्यसको जित भयो। सङ्कष्टरूपी अग्नि-जाँचहरूको बीचबाट भएर जाँदा 'हामीले जस्तो कष्ट अरू कसैले पनि भोग्नुपर्दैन' भन्ने भान र भ्रमपूर्ण धारणा अपनाएर हाम्रो निम्ति निराश हुनु र हरेश खानु स्वाभाविक कुरा हो। तर पत्रुसले हामीलाई सम्झना गराएर के भन्छन् भने, संसारभरि हाम्रा विश्वासी दाजुभाइहरूले पनि उस्तै-उस्तै दुःखहरू भोगिरहेका हुन्छन् नि।

**१ पत्रुस ५:१०:** सतावटमा परेको बेलामा साँचो विजय पाउने चाबी यसैमा छः हामीले जीवनका विभिन्न परिस्थितिरूपी मञ्चसाजाहरूको पछाड़ि परमेश्वरको हात देख्नुपर्छ, जसले आफ्ना अद्‌भुत उद्देश्यहरू पूरा गर्दै हुनुहुन्छ। हाम्रा परीक्षाहरू जतिसुकै होऊन्, हामीले यो कहिल्यै भुल्नुहुँदैन र सधैं सम्झना गर्नुपर्छः परमेश्वरचाहिँ सबै अनुग्रहको परमेश्वर हुनुहुन्छ। 'सबै अनुग्रहको परमेश्वर' उहाँको मीठो र सुन्दर उपाधि हो; किनभने उहाँ हामीसँग व्यवहार गर्नुहुँदा हामीले पाउनुपर्ने ठीक-ठीक समुचित बरतावअनुसार होइन, तर सधैं उहाँको प्रेमले पूर्ण दयाको व्यवहार

अनुभव गर्न पाउँछौं। हाम्रो अग्नि-जाँच जति भर्को किन नहोस्, हाम्रो धन्यवाधी र कृतज्ञ हुने कारण सधैं रहिरहन्छ; किनकि हामी नरकका योग्य हुनेहरू नरकको दण्डबाट सदाका निम्ति उम्क्यौं।

*'परमेश्वरले ख्रीष्ट येशूद्वारा हामीलाई अनन्त महिमाका निम्ति बोलाउनुभएको छ।'* यो हाम्रो सान्त्वनाको दोस्रो कारण हो। यस कुराले हामीलाई जीवनका दुःखकष्टहरू पार त्यस घड़ीसम्म हेर्न लाउँछ, जुन घड़ीमा हामी आफ्ना मुक्तिदाता प्रभुसित हुनेछौं र अनन्तसम्म उहाँसित रहनेछौं र उहाँजस्ता हुनेछौं। यो कुरा विचार गरौं! संसारको मैलाको थाकबाट अनन्त महिमामा प्रवेश गर्ने हाम्रो यो उच्च बोलावट!!

अनि तेस्रो सान्त्वना दिने कारण यसैमा छः सबै दुःखहरू क्षणिक हुन्छन्। अनन्त महिमाको तुलनामा हाम्रा जीवनमाथि आइपर्ने सबै सङ्कष्टहरू अल्पकालिक हुन्छन्।

अनि अन्तमा, उत्साहको अर्को कारण पनि छः परमेश्वरले हाम्रा दुःखकष्टहरू लिएर हामीलाई शिक्षा र अनुशासन दिनुहुन्छ र तीद्वारा हामीलाई ख्रीष्टको रूपमा ढाल्नुहुन्छ। उहाँले हामीलाई तालीम दिँदै हुनुहुन्छ, किनकि हामीले एकदिन राज्य गर्नुपर्नेछ। यहाँ पेश गरिएको ईश्वरीय तालीमका चारवटा बुँदाहरू यस प्रकारका छन्ः

***क)*** *उहाँले हामीलाई सिद्ध पार्नुहुनेछः* परीक्षारूपी जाँचहरूद्वारा ख्रीष्ट-विश्वासीहरू सक्षम र तम्तयार हुन्छन्; आत्मिक हिसाबले परिपक्व हुनलाई उनीहरूलाई जुन-जुन सद्गुणहरू चाहिन्छ, यी सद्गुणहरू परीक्षारूपी जाँचहरूबाट भएर गएका प्रतिफल हुन्।

***ख)*** *उहाँले हामीलाई स्थिर पार्नुहुनेछः* दुःखकष्ट भोगेका ख्रीष्ट-विश्वासीहरू सुदृढ़ र अटल हुन्छन्। यस्ताहरूले आफ्नो विश्वासको साक्षी कायम राख्न सक्छन्। अँ, यस्ताहरूले हर प्रकारको दाब, चाप, दबाब र तनाव सहन सक्छन्। प्रभु येशूले पत्रुसलाई निम्न आदेश दिँदा त्यही शब्द भन्नुभयोः *'आफ्ना भाइहरूलाई स्थिर पार!'* (लूका २२:३२)।

***ग)*** *उहाँले हामीलाई बलवान् तुल्याउनुहुनेछः* शैतानले ख्रीष्ट-विश्वासीहरूलाई कमजोर पार्न, थकाउन र हरेश खाने तुल्याउनलाई

सतावट आफ्नो काममा लगाउँछ। तर सतावटले त्योभन्दा उल्टो काम गर्छ; त्यसले उनीहरूको सहने शक्ति बढ़ाएर उनीहरूलाई बलवान् पो तुल्याउँछ।

***घ)*** *उहाँले हामीलाई स्थापित गर्नुहुनेछः* स्थापित गर्नु भन्ने क्रियापदको शब्द आधारसित सम्बन्धित छ। यसो हो भने, एक-एक विश्वासी प्रभु येशूमा र उहाँको वचनमा सुरक्षासाथ पूरा स्थापित भएको परमेश्वरको इच्छा हो।

यस विषयमा श्री लेसीले यसो भनेका छन्ः

> 'ख्रीष्ट-विश्वासीहरूको जीवनमाथि आइपर्ने नभई नहुने दुःखकष्ट-हरूले उनीहरूको चरित्रमा सधैं निम्न आशिषपूर्ण नतिजाहरू ल्याउँछन्ः दुःखकष्टहरूले उनीहरूको विश्वास परिमार्जन गरेर सिद्ध र शुद्ध पार्छन्, उनीहरूको चरित्रमा अन्य सद्गुणहरू थप्छन् र परमेश्वरका जनहरूलाई स्थिर पार्छन्, बलवान् तुल्याउँछन् र स्थापित गर्छन्।' [34)]

**१ पत्रुस ५ः११ः** परमेश्वरले सतावट र दुःखकष्टहरूमाथि राज्य गर्नुहुन्छ र तिनलाई आफ्नो महिमा र हाम्रो भलाइका निम्ति प्रयोग गर्नुहुन्छ। यो अचम्मको कुरा हो। यसकारण पत्रुसको मनबाट परमेश्वरको जयजयकार यसरी फुटेर आउँछः *'युगानुयुगसम्म उहाँलाई नै महिमा र प्रभुत्व भइरहून्; आमेन!'* 'हे प्रभु येशू, सारा महिमा पाउनु योग्य परमेश्वर तपाईं हुनुहुन्छ; प्रभुत्व तपाईंको हातमा भइरहोस्, तब हामी सदासर्वदा सुरक्षित रहनेछौं। आमेन!'

**१ पत्रुस ५ः१२ः** सिलवानस नामको छोटो रूप सिलास नै हो। हुन सक्छ, नयाँ नियममा सिलवानस र सिलास एकै व्यक्ति थिए। पत्रुसको शब्दअनुसार सिलवानस एक विश्वासयोग्य भाइ थिए। पत्रुसले उनलाई आफ्नो मुखका शब्दहरू भनेर यो पत्र लेख्न लगाए। अनि हुन सक्छ, उनी तिनको यो पत्र बोकेर प्रापकहरूकहाँ पुऱ्याइदिने सन्देशवाहक पनि थिए।

पत्रुसको यो पत्र लेख्ने उद्देश्य के थियो भने, तिनले तितरबितर भएका ख्रीष्ट-विश्वासीहरूलाई उनीहरूले अपनाएको ख्रीष्टीय विश्वासचाहिँ सही विश्वास हो भन्ने आश्वासन दिन चाहे। तिनले यस विश्वासको नाम

'परमेश्वरको साँचो अनुग्रह' भनेका छन्। हुन सक्छ, अग्नि-सतावटमा परेर उनीहरूलाई बित्थामा ख्रीष्ट्यान-धर्म अपनाए जस्तो लागेको थियो होला; शायद उनीहरूको परीक्षा यस प्रकारको थियो होला। तर पत्रुसले सफासँग भन्छन्: 'यस सम्बन्धमा तिमीहरूले जे गरेका छौ, एकदम ठीक गरेका छौ।' उनीहरूले परमेश्वरको सत्यता भेट्टाए; अब त्यसमा उनीहरू स्थिर भई खड़ा रहनुपर्छ।

**१ पत्रुस ५:१३:** *'तिमीहरूसँगै चुनिएको बेबिलोनमा भएको मण्डलीले तिमीहरूलाई सलाम पठाउँदैछ, साथै मेरो छोरा मर्कूसले पनि।'* कुनै हालतमा पनि, उनीहरूसँग चुनिएकी, बेबिलोनमा भएकी ती स्त्री को थिइन् अथवा त्यस वाक्यको अर्थ के हो, सो पक्का गरी भन्न र जान्न सकिँदैन। यस विषयमा केही मुख्य व्याखाहरू हामी तपाईंलाई यहाँ पेश गर्छौं: क) भाइबन्धुहरू (१ पत्रुस २:१७ र ५:९); ख) तर ग्रीक मूललिपिमा यो भाववाचक शब्द स्त्रीलिङ्गमा छ; यसर्थ तिनी पत्रुसकी पत्नी, अथवा ग) कुनै कुलीन स्त्री हुन सक्छिन्।

अनि यो कुनचाहिँ बेबिलोन हो, सो पनि यहाँ पक्का थाहा लाग्दैन। यहाँ उल्लेख गरिएको बेबिलोन कि त क) यूफ्रेटिस नदीमा अवस्थित प्रख्यात महानगर बेबिलोन, कि त ख) नील नदीमा स्थापित गरिएको सैनिक चौकी, कि त ग) रोम शहर हुनुपर्छ। किनकि सर्वमान्य विश्वास-अनुसार प्रकाशको पुस्तकमा बेबिलोन शहरको आत्मिक अर्थ रोम नै हुन जान्छ (प्रकाश १७:१-९, प्रकाश १८:१० र १८:२१)।

अनि निश्चित रूपले भन्न नसकिने तेस्रो कुरा पनि छ। यहाँ मर्कूसको नाम लिइएको छ। के यिनी पत्रुसको शरीरको फल, तिनको साक्खै छोरा थिए? कि के यिनी यूहन्ना मर्कूस नाम भएका भाइ थिए, जसले मर्कूसको सुसमाचारको पुस्तक लेखे? यिनी यूहन्ना मर्कूस थिए भन्ने अनुमान बढ़ी सम्भव देखिन्छ। अनि यिनी यूहन्ना मर्कूस थिए भने, यिनी पत्रुसको छोरा कसरी भए? के पत्रुसले यिनलाई कुनै समयमा प्रभुमा ल्याएका थिए? अथवा के 'मेरो छोरा' भन्ने शब्दले पत्रुस र मर्कूसको बीचमा उमेरमा निक्कै फरक, एक पुस्ताको भिन्नता भएको हुनाले बुबा-छोराको सम्बन्ध अथवा

तिनीहरूको बीचमा आत्मिक घनिष्ठता देखाउन खोज्यो कि ? पत्रुसले जुन छोरा[35)] भन्ने शब्द प्रयोग गरेका छन्, त्यो छोरा-शब्द र प्रेरित पावलले तिमोथी र तीतसको निम्ति प्रयोग गरेको छोरा-शब्दभन्दा बेग्लै छ। अनि पावलले तिमोथीलाई वा तीतसलाई 'छोरा' भनेर तिनीहरूसित आफ्नो प्रगाढ़ आत्मिक सम्बन्ध प्रकट गर्न चाहे। जे होस्, पुरानो परमपराअनुसार यी मर्कूसचाहिँ यूहन्ना मर्कूस हुँदा रहेछन्, जसले पत्रुस ती प्रत्यक्ष साक्षीको मुखका शब्दहरू लिएर 'मर्कूसको सुसमाचार' नामक छोटो-मीठो, सजीव सुसमाचारको पुस्तक लेखे।

**१ पत्रुस ५ः१४ः** एल्डर पत्रुसको अन्तिम आदेश र आशीर्वादद्वारा यो पत्र समाप्त हुन्छ। तिनको अन्तिम आदेश थियोः *'एक-अर्कालाई प्रेमको चुम्बनले अभिवादन गर!'* भाइ-भाइको बीचमा प्रेम हुनुपर्छ – यो मण्डलीको अचल नियम हो। तर हामीले आफ्नो प्रेम कसरी प्रकट गरौं ? प्रेम प्रकट गर्ने तरिकाहरूमा संस्कृतिको कारणले र समयको हेरफेरले गर्दा परिवर्तन आउन सक्छ।

तिनको आशीर्वादको वचन यस प्रकारको छः *'तिमीहरू सबैजनासँग, जो ख्रीष्ट येशूमा छौ, शान्ति रहोस्! आमेन!!'* शान्तिचाहिँ आँधीबेह्रीमा हुत्ताइएका पवित्र जनहरूलाई कत्रो सान्त्वना दिने शब्द हो, जब उनीहरूले ख्रीष्ट येशूको नामको खातिर सङ्कष्टमा परेर दुःख भोगिरहेका छन्। अनि अशान्तिले पूर्ण संसारमा यिनीहरूले लगातार उहाँको नामको खातिर दुःख भोग्नुपरेको छ; यसकारण प्रभु येशूले आफ्नो रगतले किनिएको बगाल-काहरूको कानमा मसिनो स्वरले 'शान्ति' र फेरि 'शान्ति' भन्दै हुनुहुन्छ।

*मृत्युको छायामा बस्ने हामी र हाम्रा प्रिय जनहरूमाथि शान्ति, पूरा शान्ति आउनु कसरी ?*

*प्रभु येशूले मृत्यु र त्यसका सबै शक्तिशाली तत्त्वहरूमाथि विजय पाउनुभयो, त्यसरी!*

*श्री एड्वार्ड एच. बिकरस्टेथ*

# Endnotes:

1) **1:2:** There are other forms of sanctification which take place later. When a person is born again, he becomes *positionally* sanctified; because he is ‘in Christ” (Heb. 10:10, 14). Throughout his Christian life he should experience *practical* sanctification, that is, the process of becoming more like Christ (1 Pet. 1:15). In heaven he will achieve *perfect* sanctification, for he will never again sin (Col. 1:22). See Excursus on Sanctification after Hebrews 2:11.

2) **1:8:** The majority of Greek manuscripts read ‘known” (*eidotes*) rather than ‘seen” (idontes). The resultant meaning is about the same; i.e., they had not been personally acquainted with the Lord Jesus here on earth.

3) **1:8:** William Lincoln, Lectures on the First and Second Epistles of Peter, page 21.

4) **1:12:** *Ibid*., p. 23.

5) **1:13:** J. H. Jowett, *The Redeemed Family of God*, p. 34.

6) **1:17:** W. Lincoln, *Lectures*, p. 30.

7) **1:20:** *Ibid*., p. 33.

8) **1:21:** W. T. P. Wolston, *Simon Peter: His Life and Letters*, p. 270.

9) **1:22:** The critical (NU) text omits ‘through the Spirit.”

10) **1:23:** Footnote in F. W. Grant, ‘‘1 Peter,” *The Numerical Bible*, Hebrews to Revelation, p. 149.

11) **1:23:** The NU text omits ‘‘forever.”

12) **2:2:** The Alexandrian Text (NU in NKJV footnotes) reads ‘‘grow up to salvation.” However, this reading could cast doubt on assurance of salvation.

13) **2:6:** Biblical Greek *lithon* (stone) *akro*- (top or tip) *goµniaion* (of corner), hence *cornerstone* or *capstone*.

14) **2:7:** The NU text reads ‘‘disbelieve” for ‘‘are disobedient,” but since *believing* the gospel is also called *obeying* the Gospel, the meaning is the same.

15) **2:12:** A literal rendering is *noble* or *lovely* (Gk. CF2, cf. English *calligraphy*, beautiful writing).

16) **2:12:** Charles R. Erdman, *The General Epistles*, p. 66.

17) **2:12:** J. H. Jowett, *Redeemed Family*, pp. 88, 89.

18) **2:13:** Leslie T. Lyall, *Red Sky at Night*, p. 81.

**19) 2:16:** F. B. Meyer, *Tried by Fire*, p. 91.

**20) 2:25:** The Greek word is *episkopos*, "overseer" or "bishop."

**21) 3:2:** George Müller, in a periodical called *The Word*, edited by Richard Burson, date unknown, pp. 33–35.

**22) 3:4:** F. B. Meyer, *Tried*, p. 117.

**23) 3:7:** Charles Bigg, A Critical and Exegetical Commentary on the Epistles of St. Peter and St. Jude (ICC), p. 155.

**24) 3:8:** Instead of "courteous" (*philophrones*), the NU text reads "humble" (*tapeinophrones*). Both are fine virtues that fit the context; which is chosen as original depends on one's view of NT textual criticism. We follow the KJV tradition here.

**25) 3:15:** The NU text reads "Christ as Lord" for "the Lord God." This would suggest that the Christ of the NT is the Jehovah Sabaoth of the OT.

**26) 4:6:** Albert Barnes, Notes on the New Testament: James, Peter, John and Jude, p. 191.

**27 (4:14)** The NU text lacks the last sentence of verse 14. Since "rests upon you" and "glorified" both end with the same letters in Greek (-*etai*) it would be easy to omit it by accident. This is technically called omission by *homoeoteleuton* (similar ending).

**28) 4:16:** F.B. Meyer, further documentation unavailable.

**29) 4:16:** G. Campbell Morgan, *Searchlights from the Word*, p. 366.

**30) 4:18:** F.B. Meyer, *Tried*, pp. 180-181.

**31) 5:2:** The NU text reads "according to God" for "willingly."The traditional reading of KJV and NKJV, found in Textus Receptus and majority text, fits the context much better as a *contrast to compulsion*.

**32) 5:7:** J. Sidlow Baxter, *Awake, My Heart*, p. 294. The beautiful play on words of the KJV tradition is not in the original Greek, where the two "cares" are unrelated words. It comes from the first printed English NT (1526), the work of the outstanding translator and martyr of the Inquisition, William Tyndale (1484-1536). His text reads "cast all youre care to hym: for he careth for you."

**33) 5:8:** J. Dwight Pentecost, *Your Adversary the Devil*, p. 94.

**34) 5:10:** Harry Lacey, *God and the Nations*, p. 92.

**35) 5:13:** The ordinary Greek word *huios*; Paul uses *teknon*, literally "born one" (Scots *bairn*) or child.

# BIBLIOGRAPHY

Barbieri, Louis A. *First and Second Peter*. Chicago: Moody Press, 1975.

Bigg, Charles. A Critical and Exegetical Commentary on the Epistles of St. Peter and St. Jude (ICC). Edinburgh: T. & T. Clark, 1901.

Grant, F. W. ‘I and II Peter,” *The Numerical Bible,* vol. 7. New York: Loizeaux Bros., 1903.

Ironside, H. A. *Notes on James and Peter*. New York: Loizeaux Brothers, 1947.

Jowett, J. H. *The Redeemed Family of God*. London: Hodder & Stoughton, n.d.

विलियम म्याक डोनाल्डका अन्य टिप्पणीहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू तपाईंले हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्न सक्नुहुन्छः www.nbcinepal.org

हामीसित सम्पर्क गर्न हाम्रो ठेगानाः nbcinepal@gmail.com

विलियम म्याक डोनाल्डका अरू किताबहरू यस प्रकारका छन्ः

**१) साँचो चेलापन**

**२) मामुली जीवनभन्दा उच्च जीवन**

**३) आफ्नो भविष्यको विषयमा सोच्नुहोस् !**

**४) प्रश्नमाथि प्रश्न - जवाफ कसले दिने ?**

**५) अब यो परमेश्वरको अचम्मको अनुग्रह**

**६) मेरो हृदय, मेरो जीवन र मेरो सबै थोक**

**७) त्यो बिर्सेको आज्ञाः पवित्र होओ !**

**८) मत्तीको सुसमाचारको टिप्पणी**

**९) मर्कूसको सुसमाचारको टिप्पणी**

**१०) यूहन्नाको सुसमाचारको टिप्पणी**

**११) रोमीको पुस्तकको टिप्पणी**

**१२) गलातीको पुस्तकको टिप्पणी**

**१३) हिब्रूहरूको पुस्तकको टिप्पणी**

**१४) प्रकाशको पुस्तकको टिप्पणी**

यी किताबहरू तपाईंले निम्न ठेगानाहरूबाट पाउन सक्नुहुन्छः

Great Joy Book Shop
Maa Supermarket, 1st Floor
Thana Dara
P.O. Kalimpong - 734 301
W.B., India

Phone No.: +91/9933459069 or +91/9547248389

or:

Maranatha Books and Stationaries
Chabahil Chowk
P.O. Kathmandu
Nepal
Phone No. 00977/9841275267 or 00977/14478738